# अध्याय एक

# **परिचय**

## १.१ **अध्ययनको पृष्ठभूमि**

नेपाली समाज बहुजातीय, बहुभाषीक, बहुधार्मिक, वहुसांस्कृतिक सम्मिश्रणबाट बनेको समाज हो । यहाँ एउटै समाजमा बहुलवादी अस्तित्व समेटिएको छ । नेपालमा अनेकौ जात, जाति, भाषाभाषी, धर्म संस्कृति, रितीरिवाज र परम्पराहरूको विविधताबीच एकता रहेको छ । यस्ता विविधतापूर्ण समाजमा आ-आफ्नै मुल्य-मान्यता, संस्कार, परम्परा, रीतिरिवाज रहेका छन् । यसरी सयौ फूलका मालाहरू गाँसिएर रहेको समुदायहरूको संयुक्त रुप नै नेपाली समाज हो (विष्ट, २०३०) ।

यो देश भौगोलिक विविधता, जैविक विविधता र हावापानीमा विषमता भए जस्तै जाति, भाषा, धर्ममा पनि विविधता भएको देश हो । अर्को शब्दमा नेपाल बहुजाति आर्य, मंगोल, द्रविड, बहुभाषी; भारोपेली, भोटे-बर्मेली र बहुधर्मी, हिन्दु, बौद्ध, ईश्लाम, किराँत, ईशाई तथा परम्परागत प्रकृति पुजामा आधारित एवं कुल पूजा लगायतका चलन तथा कुनै धर्मको प्रभाव नरहेका धामी झाक्री समेतमा विश्वास गर्ने समाजको संगम हो । जसरी प्राकृतिक सौन्दर्यले यो देशलाई वैभवशाली बनाएको छ, त्यसैगरी हिमालदेखि तराई सम्मका विभिन्न क्षेत्रमा बसोबास गर्ने जातजातिको परम्परा, रहनसहन र चालचलनले साँच्चै नै रमणीय बनाएको छ । त्यसरी नै साँस्कृतिक धरोहरको दृष्टिले पनि सम्पन्न तथा वैभव शाली छ ।

जातीय पद्धति राजा जयस्थिति मल्लले वि.सं. १३६०-९५ अर्थात् ७०० वर्ष अघिलागु गरेका थिए । मुलुकी सेन १८५४ द्वारा यसलाई कानुनी रुपमा मान्यता दिइएको थियो । यसलाई जटिल दायरा भित्र सीमित गरियो । त्यसको उल्लङ्घन गरेमा दण्ड सजायको व्यवस्था गरिएको थियो । यसलाई सामाजिक व्यवहार र मुल्यको दायराभित्र राखिएको थियो । जातीय कट्टरता छुवाछुत र भातपानी बार्ने विषय पनि कानुनी दायराभित्र बाधिएको थियो । दलित भित्र पनि उप-जातहरु छन् । त्यहाँभित्र पनि छेकथुन र परिवन्दहरु तोकिएका छन् । जसले

दलित भित्रकै सम्बन्धलाई प्रभाव पारेको पाईन्छ दलितहरुको वितरण पहाड तराई र नेवार समुदायमा क्षेत्रीय आधारमा वितरण भएको पाईन्छ । मानव विकास सूचकाङ्कमा दलितहरुको राजनैतिक सामाजिक, आर्थिक, शैक्षिक एवं रोजगारीको अवस्था तुलनात्मक न्यून स्तरको पाईन्छ । सबैमा मधिसे दलितको आर्थिक अवस्था अरु क्षेत्रका दलितको भन्दा तल्लो स्तरको छ । दलितको सरदर आयु ५९ वर्षको छ । तर राज्यको सरदार ६७ वर्ष छ । बालमृत्यदुर प्रतिहजार ११६.५ रहेको जबकि राज्यको ७५.२ प्रतिशत प्रति हजार रहेको छ । संक्रमणित रोग  बढि लाग्नुको कारण कुपोषणको अवस्था व्याप्त छ । खानेपानी, सरसफाई तथा खानपानको अवस्था राम्रो छैन । साक्षरता अवस्था पनि ज्यादै न्यून छ । हिन्दू वर्णअवस्थाको जातीय तहभित्र उनीहरु सबैभन्दा तल्लो श्रेणीमा छन् जसलाई शुद्र भनिन्छ । परम्परागत रुपमा उनीहरुको हैसियत उत्पादक र सेवकको रुपमा थिए ।

दलित शब्दको शाब्दिक अर्थ हिन्दिमा टुक्रयाईएको वा फग्ल्याटैफग्ल्याँटा पारिएको, दलिएको, दमन गरिएको र समान हक, इज्जत र प्रतिष्ठा समान रूपमा पाउन नसकेको जाति वा समूह मानिन्छ । सामाजिक व्यवस्थाको असमानताबाट शोषित, दलित पछि पारिएको समुदायको रूपमा परिभाषितगरिएको छ (शर्मा, २०५७) ।

परम्परागत रूपमा दलित भन्नाले तथाकथिक माथिल्लो जातिका समुदायबाट दबाइएका, पछाडि पारिएका वा अछुत भनिने जातिलाई बुझिन्छ । सामन्तवादी सामाजिक संरचनाभित्र आधारभूत पेशा, व्यवसाय, सीप तथा कला क्षेत्रमा संलग्न रहदै आएका कारण चरम जातीय विभेद र छुवाछुतको उत्पीडन भोग्दै आएका आएका समुदाय नै दलित हो (विश्वकर्मा, २०६२) ।

नेपाल अधिराज्य क्षेत्रफलको हिसावले सानो भएतापनि विविधताले भरिएको देश हो । वि.सं. २०६८ सालको जनगणना अनुसार नेपालमा विद्यमान जातजातिको संख्या १२५ र भाषाभाषीहरुको संख्या १३० रहेको छ । मौलिक पेशा भएका आदिबासी जातिमा दलित जाति पर्दछन् । नेपालको कुल जनसंख्या २,६४,९४,५०४ मध्ये ४,७२,८६२ दलितको १३.६ प्रतिशत जनसंख्या रहेको छ । नेपालमा रहेका जातजातिको विविधताले गर्दा यो राष्ट्र समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययनको लागि उपयुक्त थलो मानिन्छ । वि.सं. २००७ पूर्व नेपालमा सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, यातायात, सञ्चार आदि क्षेत्रको खासै

विकास नभएको अवस्था थियो । विदेश गमनको निषेध नीतिले उतिबेला बाह्य जगतमा हाम्रो मुलुक अपरिचित थियो । प्रजातन्त्रको स्थापना भएपछि बाह्य जगतमा परिचित हुन थाल्यो । अध्ययन अनुसन्धान गर्ने क्रममा विभिन्न स्वदेशी तथा विदेशी विद्वानहरुले नेपालप्रति रुची राख्न थाले । दलित जातिको अध्ययन अनुसन्धान गर्ने विदेशीहरुमा सेडन, पि.क्यापलन आदि प्रमुख रहेका छन् भने नेपाली विद्वानहरू, प्रो.डोर ब.विष्ट, गोपालसिंह नेपाली, डा. गणेशमान गुरुङ्ग, डा. डिल्लीरमण रेग्मी, डा.प्रेमकुमार खत्री, डा. नविन कुमार राई, डा.ऋषि केशवराज रेग्मी आदि रहेका छन् ।

दलित जातीहरु दक्षिण एसियामा पाकिस्तान, भारत, बङ्गलादेश, श्रीलंकामा पनि पाइन्छन् । भारत सरकारको अधिनियम १९३५ ले दलितलाई त्यहाँको संविधानमा सूचिकृत गरेको थियो । उनीहरुलाई आरक्षण कोटा छुट्टाइन थालियो । शाब्दिक रुपमा अंग्रेजी भाषाको 'Caste' शब्द पोर्चुगुल भाषाको 'Casta' शब्दबाट लिइएको हो, जसको अर्थ Breed (नश्ल), Race (प्रजाती) वा Lineage (वंश तथा समग्रतामा (A Complex of Hereditary Qualities) आदि हुन्छ । जाति व्यवस्था सामाजिक वर्गमा स्तरिकृत व्यवस्था पुर्तगालीहरूले भारतीयहरूको लागि प्रयोग गरे जसलाई 'Jati' भन्ने गरिन्थ्यो र नेपालमा पनि जातीय व्यवस्था भारतबाट प्रभावित भएर भित्रिएको हुँदा त्यही शब्दलाई यहाँ पनि प्रयोग गरिएको होला भन्ने अनुमान गरिन्छ । भारत, नेपाल, बर्मा, जापान, मिश्र, फारस आदि देशहरूमा जाति व्यवस्थाका प्रमाणहरू पाइन्छन् । यसरी वंशाणुगुणसँग सम्बन्धित भएको जाति व्यवस्था सामाजिक वर्गमा स्तरीकरणको यस्तो व्यवस्था हो जुन जातीय अध्ययनकर्ताको लागि महत्वपूर्ण आधार बन्दछ । उदाहरणको लागि ब्राह्मण जाति कहिल्यै पनि जन्मको आधारमा अशुद्ध जाति (तल्लो जात) मा प्रवेश गर्न नसके जस्तै शुद्र जाति पनि कदापि ब्राह्मण जातिमा प्रवेश गर्न सक्दैनन् । नेपाली समाजमा प्रचलित भनाई यस्तो पनि छ 'बाहुनको हड्डी चोखो' । यो नै जाति व्यवस्थाको महत्वपूर्ण विशेषता हो (अधिकारी, २०५६) ।

दलितहरु हिन्दु वर्णव्यवस्था अन्तर्गत चतुर्थ तहमा पर्दछन् । ती शुद्रको रुपमा मानिन्छन् । सन् १९३३ मा महात्मा गान्धीले अछुतहरुलाई 'हरिजन' नामाकरण गरेका थिए । जो हरिवा इश्वरका साझा सन्तान हुन् । वर्ण एवं जाति व्यवस्था कहिलेदेखि शुरु भयो भन्ने विषयमा

विभिन्न विद्वान्हरूले फरक-फरक विचार व्यक्त गरेको पाइन्छ । वैचारिक विभिन्नता देखिएता पनि वास्तवमा मानिसको सृष्टि भए देखि सुरुको अवस्थामा जात जाति बीच विभाजन र विभेदको रेखा कोरिएको थिएन । गुण र योग्यताको आधारमा भएको कार्य विभाजनको सुरुवातबाट जाति व्यवस्थाको सुरुवात भएर समाज वर्ण व्यवस्थामा चल्न थाल्यो । वैदिक युग वितेपछि वर्ण र वर्णहरूको काम र कर्तव्यहरू सम्बन्धी धारणमा परिवर्तन आउन थाल्यो । यस कालमा एउटा वर्णले जुन काम गरेको छ । त्यो काम अर्को वर्णले गर्नु हुँदैन भन्ने भावनाको विकास हुन थाल्यो । पछि विस्तारै जन्म र वंशको अधारमा जातपात चल्ने स्थिति आयो । जातलाई सिधै धर्मसँग जोडेर हेर्न थालियो । ई.पू. १८५ तिर मनुले मनुस्मृतिको रचना गरेर जातीय व्यवस्थालाई वैधानिकता दिनुको साथै जन्मजात उच-निच, पवित्र-अपवित्र जस्ता अवधारणालाई ईश्वर प्रदत्त घोषित गरिदिए । यसपछि भने जात र धर्मलाई हेर्न थालियो र जातीय व्यवस्था झन् बलियो हुँदै गयो (चँदरा, २०६१) ।

पुरुषक्तले शुद्रका बारेमा निम्न अनुसारले व्याख्या गरेको पाइन्छ । आदि पुरुष भगवान् विष्णुका अंगबाट शरीरका विभिन्न चार वर्णहरू बनेका छन् । जस्तो मुखबाट ब्राम्हण, हातबाट क्षेत्रीय, जाँघबाट वैश्य र पाउबाट शुद्र । पुरुषको मुखबाट ब्राह्मणको स्थान समाजमा उच्च मानियो । ब्राह्मणको पवित्र काम पढ्ने लेख्ने, शास्त्र रचना गर्ने, व्याख्या गर्ने, धार्मिक कार्य सम्पन्न गर्ने आदि थिए । त्यस्तै क्षेत्रीय वर्णलाई राजन्य पनि भनिन्छ । समाजको सुरक्षागर्ने कार्य प्रदान गरियो, जाँघबाट उत्पत्ति भएका वैश्यलाई उत्पादन कार्यको जिम्मा दिइयो । अर्थात् उत्पादन र वितरणको कार्य वैश्य वर्णलाई दिइयो । पाउबाट उत्पत्ति भएकाले शुद्रलाई समाजको तल्लो स्थान दिइयो । जो सेवक कहिलिएर भारत वर्षमा दासका रुपमा फेला पारेका आदिवासीलाई उनीहरूले पक्रेर सेवामा लगाएर त्यस वर्णलाई शुद्र नाम दिइयो भन्ने अर्को मत छ (खत्री, २०५६) ।

ऋग्वेदकालमा जब समाज जटिल हुँदै गयो तब मानिसले आफ्नो सुविधाको लागि आ-आफ्नो पेशालाई विशिष्टिकृत गर्दै लगे फलतः समाजमा ब्राह्मण, क्षेत्री, वैश्य र दास वा शुद्र १४ वर्णको अस्तित्व प्रष्ट भयो । जहाँ ब्राह्मणको काम वेदको अध्ययन गर्ने, क्षत्रीयको काम हतियार चलाई सबैको रक्षा गर्ने, शासन चलाउने, वैश्यको काम कृषि, व्यापार आदि आर्थिक व्यवसाय गर्ने र शुद्रको काम सबै वर्गको सेवा गर्नु थियो । यसरी काम र कर्तव्यको अलग

अलग विभाजन गरिएको भए पनि बैदिककालमा विभिन्न वर्णहरू बीच छुवाछुत, खानपान, वैवाहिक सम्बन्ध तथा अन्य संस्कार सम्पन्न गर्ने कुरामा परम्परागत भेदभावको भावना चाहि थिएन (खत्री, २०५६) ।

भारतीय उपमहाद्विपमा ई.पू. २५०० तिर प्रचलनमा ल्याईएको जातीय छुवाछुत प्रथा तत्कालिन नेपालको तराई प्रदेश र पश्चिमि पहाडी प्रदेशमा प्रवेश गरेको भएतापनि मुख्य रुपमा भौगोलिक दृष्टिकोण, कृषि, व्यापार र उद्योगको निम्ति काठमाडौ उपत्यका नेपाल भरमा उपयुक्तस्थल भएको र त्यसै अनुरुप सामाजिक श्रम विभाजन त्यहीं नै सबभन्दा बढी विकसित भएका कारण मौलाउने अवसर पायो । राज्य स्तरमा जातीय व्यवस्थाले लिच्छवीकाल (ई.सं. २००-८७९) को सुरुतिर नै प्रवेश पाइसकेको थियो । लिच्छविकालमा भएको ४ वर्ण १८ जातको व्यवस्था जयस्थिति मल्ल (वि.सं. १४३८-१४५२) को पालामा ४ वर्ण ३६ जातमा विभाजन भयो । जयस्थिति मल्लले जातको संख्या ७२५ बनाएको उल्लेख पाइन्छ (रेग्मी, २०३५) । जातीय विभाजन अनुसार सामाजिक व्यवहार र व्यवसाय नगर्नेलाई जात अनुसार दण्ड सजायँ गर्ने व्यवस्था मिलाइएको थियो । अन्तरजातीय विवाहमा प्रतिवन्ध लगाउने प्रयास भएको देखिन्छ । अनुलोम (तल्लो जातकी स्त्री र माथिल्लो जातको पुरुष) र प्रतिलोम (माथिल्लो/उच्च जात जातकी स्त्री  र तल्लो जातको पुरुष) जस्ता विवाहमा सजायँको व्यवस्था गरिएको थियो । ब्राह्मण कन्यालाई करणी गरेमा वा स्वास्नी तुल्याएमा त्यस्ता पुरुषको लिङ्ग काटिने वा मृत्यु दण्डको सजाय दिने र त्यो स्त्रीलाई जातच्यूत गर्ने चलन थियो । जयस्थिति मल्लले जाति अनुसारको काम गर्न विराएमा त्यसलाई रु.१२ देखि रु १०००।- सम्म जात अनुसार दण्ड गर्ने स्थिति बाधेका थिए । उदाहरणका निम्ति ब्राह्मणले काम विराए भने रु.१०००।- र पोडे, कसाई, ज्यापु आदिले जात अनुसार काम गर्न विराए भने रु.१२ का दरले दण्ड गर्नुभन्ने नियम बनेको थियो भन्ने उल्लेख पाइन्छ । यसरी मिलाएको जातीय व्यवस्था मल्ल काल, शाह काल हुँदै आजको समाजमा पनि जरो गाडेर रहेको पाइन्छ (रेग्मी, २०३५) ।

यसरी लिच्छवि कालमा आएर पेशागत चार वर्ण नै चार जातिको रुपमा विकास भयो, जुन हालसम्म पनि विद्यमान रहेको पाइन्छ । त्यसैगरी वि.सं. २०२० भाद्र १ गते लागु गरिएको नयाँ मुलुकी ऐनले कानुनी रुपमा जातीय विभेदको अन्त्य गऱ्यो । यो ऐन लागु भएको ५

दशक पुग्न लाग्दा पनि नेपाली समाज जातीय विभेदको मारबाट मुक्त हुन सकेको छैन । नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ र धारा १३ मा समानताको हक अन्तर्गत नेपालको संविधान २०७३ भाग ३ धारा १८ उपधारा (२) मा उल्लेख गरिएको छ कि सामान्य कानुनको प्रयोगमा कुनैपनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग, जात, उत्पत्ति, भाषा र वैचारिक दृष्टिले वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन । नेपाली समाज धर्मबाट नै निर्देशित भएको हुनाले यहाँ जातीय विभाजन २१ औं शताब्दीमा पनि कठोर देखिन्छ । यद्यपी परिवर्तित सन्दर्भमा जातीय छुवाछुत, खानपान, सहवास एवं दृष्टिकोणमा भने धेरै फेरबदल आएको पाइन्छ ।

## १.२ समस्याको कथन

वि.सं. २०६८ को जनगणना अनुसार नेपालको कुल जनसंख्यामा दलितहरुको स्थान १३.६ प्रतिशत रहेको छ । विघठित संविधान सभामा दलितहरुको प्रतिनिधित्व ८ प्रतिशत थियो । नेपाली समाज बहुलवादी समाज हो । हाम्रो समाजमा वर्गीय उचनिचता अझै बढी नै भएको अनुभूति गर्न पाइन्छ । प्राचिन समयदेखि नै हाम्रो समाजमा वर्णाश्रम व्यवस्था प्रचलनमा रहेको पाइन्छ । जातीय आधारमा उचनिचता तथा मान प्रतिष्ठामा स्तरीकरण पाईन्छ । जसले सामाजिक व्यवहारमा समेत प्रभाव पारेको पाईन्छ । समग्रमा जातीय स्तरीकरण भए झैं दलित समुदायभित्र पनि अन्तरजातिय विभेद पाइन्छ । उदाहरणको लागि कामीले दमैलाई घरभित्र पस्न नदिने, छोइछिटो गर्नुपर्ने जस्ता सामाजिक परम्परा यद्यपि कायमै रहेको छ र यसरी दलित भित्रै पनि दमै जाति र सार्की जातिमा पनि विभेद विद्यमान छ । नेपालका दलितहरु मध्ये झण्डै आधा संख्यामा गरिवीको रेखामुनि जीवन निर्वाह गर्दछन् । सरदर आयु पनि अरु जातको भन्दा कम छ । साक्षरता पनि कम छ । धार्मिक संस्थामा प्रवेश रोक अन्तरजातीय विवाहमा बन्देज, पानी पधँरोको छेकबार रअरुविभेद उनीहरुले भोग्दछन् । छुवाछुतको समस्याले खासगरी दलित वर्ग पछाडि परेका छन् । राज्यस्तरबाट बनेका कानुन पनि व्यवहारमा पूर्णतया लागु भएका छैनन् । परिवर्तित सन्दर्भमा आशातित लक्षणहरू देखा परेका छन् । यीनै समग्र सन्दर्भमा दलित जाती अन्तर्गतका आर्थिक, सामाजिक, शैक्षिक अवस्था बारे गहन रुपमा खोजी गरी बास्तविकता उजागर गर्न, यस अध्ययनलाई अगाडि बढाइएको छ ।

पोखरा महानगरपालिका वडा नं. १८, सराङ्कोट क्षेत्रमा बसोबास गर्ने दलितहरूको सामाजिक एवम् आर्थिक स्थिति न्यून छ । यिनीहरूको प्रशस्त जग्गा जमिन नभएको कारण जिविकोपार्जनका लागि अझै पनि परम्परागत पेशामा निर्भर रहनु परेको छ । विवाह, उत्सवमा बाजा बजाउने देखि लिएर ज्याला मजदुरी गर्ने, भारी बोक्ने, हलो जोत्ने जस्ता काम गरी जिवन बिताउँदै आएको पाइन्छ । न्यून पारिश्रमिकमा काम गर्न बाध्य यी जातिको आर्थिक आम्दानीको अन्य स्रोत देखिदैन । आजभोली भने न्यून संख्या भएपनि व्यवसायिक रुपले सिलाउने, गरगहना बनाउने आदि काम गरेको पाइन्छ भने दलितहरू बैदेशिक रोजगारमा पनि गएको पाइन्छ ।

समय परिवर्तनसँगै अन्य परिवर्तन भइ हाल्छन् यो एउटा शाश्वत मान्यता पनि हो । यो समाजशास्त्रीय अध्ययनको एउटा महत्वपूर्ण विषयवस्तु हुनु स्वाभाविक देखिन्छ । परिवर्तनको सन्दर्भमा धेरै साहित्यिक कृतिहरू प्रकाशित भए तर पेशागत परिवर्तनका सम्बन्धमा प्रशस्त प्रकाशन हुन नसकेको सन्दर्भमा नेपालको गण्डकी प्रदेश अन्तर्गतको कास्की जिल्लाको पोखरा म.न.पा. वडा नं. १८, सराङकोटमा बसोबास गर्दै आएका दलितहरू भनी चर्चामा आएका दमाइ, कामी, सार्कीको पेशामा आएको परिवर्तन सम्बन्धी अध्ययनमा केन्द्रित भई यिनै जातिको सामाजिक, सँस्कृति पक्षको समेत खोजी गर्न प्रयास गरिएको छ । अतः दलितको सामाजिक, साँस्कृतिक अवस्थाको अध्ययन गरि उनीहरूको पेशामा आएको परिवर्तनका बारेमा समाजशास्त्रीय जानकारी लिन सकिन्छ । यस अध्ययनमा निम्न अनुसन्धानात्मक प्रश्नहरूको उत्तर खोजिएको थियो ।

१. दलित जातिको पहिचान र राज्य भित्रको पहुँच कस्तो छ ?

२. दलित जातिको आम्दानीको स्रोत के के हुन् ?

३. दलित जातिको सामाजिक/आर्थिक अवस्था कस्तो छ ?

४. दलित जातिको सामाजिक, आर्थिक अवस्थामा आएका परिवर्तन र त्यसको प्रभाव कस्तो रहेको छ ? भन्ने बारे अध्ययन केन्द्रित रहेको छ ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्य पोखरा महानगरपालिकाका दलित जातीहरूको सामाजिक तथा आर्थिक अवस्थामा आएको परिवर्तनबारे अध्ययन गर्नु हो । यस अध्ययनका विशिष्ट उद्देश्यहरू यस प्रकार छन् ।

१. दलित जातिको सामाजिक, आर्थिक पक्षको विश्लेषण गर्नु,

२. सामाजिक तथा आर्थिक परिवर्तनले दलित जातिमा ल्याएको सशक्तिकरणबारे खोजी गर्नु ।

## १.४ अध्ययनको महत्व

समाज विश्लेषक Karl Marx का अनुसार प्रत्येक सामाजिक क्रियाको केन्द्रविन्दु आर्थिक स्वरुप हो । आर्थिक स्वरुपकै आधारमा सामाजिक व्यवहार, मान्यता, क्रियाकलाप र दृष्टिकोण विकास हुन्छ । यस्तो अवस्थामा आर्थिक तत्वलाई सामाजिक, साँस्कृतिक परिवर्तनको कारक तत्व मान्न सकिन्छ । अर्थ व्यवस्थाको प्रकृति कस्तो छ ? भन्ने आधारमा सामाजिक साँस्कृतिक आधार मुल्याङ्कन गर्न सकिन्छ ।

नेपालमा दलित जाति पछि पर्नुको कारण आर्थिक पक्ष पनि प्रमुख हो । दलितको आर्थिक अवसर न्यून भएको जसको फलस्वरुप उनीहरू सामाजिक, शैक्षिक, राजनैतिक विकासमा पछि परेका छन् । त्यसैले उनीहरूको सामाजिक प्रतिष्ठा पनि न्यून छ । समाजले उनीहरूलाई तल्लो जातको दर्जा दिएका छन् र पेशालाई पनि । त्यसैले नेपालको सन्दर्भमा दलितहरू हरेक क्षेत्रमा पछाडि परिरहेका छन् । पछाडि परेका यी दलित जातिहरूको सर्वाङ्गिण उत्थान गर्नु राष्ट्रको दायित्व हो । त्यसैले राष्ट्रले आफ्नो दायित्व पूरा गर्ने क्रममा यस्तै हरेक क्षेत्रमा पछि परेका दलितहरूलाई विकासको मूल धारमा ल्याउन उनीहरूको आर्थिक अवस्था मजबुत बनाउनु जरुरी हुन्छ । त्यसैगरी यस अध्ययनबाट सरकारी तथा गैरसरकारी क्षेत्रमा संलग्न संघसंस्थाहरूलाई दलितहरूमा लक्षित विकास कार्यक्रम, योजना तर्जुमा गर्न सहयोग पुग्नेछ भन्ने अपेक्षा गर्न सकिन्छ । त्यस्तै अन्य सामान्य पाठकलाई दलित समुदायको अवस्था बारे जानकारी लिन सघाउ पुग्ने अपेक्षा गर्न सकिन्छ ।

अर्कोतिर दलितहरूकै बारेमा अध्ययन, अनुसन्धान गर्ने अध्ययनकर्ताहरूलाई यस अध्ययनले सहयोग पुऱ्याउनेछ। यसै विषयमा यो अध्ययनको महत्व निहित छ।

कास्की, सराङकोटमा बसोबास गर्ने दलितहरूको बारेमा यस अध्ययनले यो समुदायकोसामाजिक, आर्थिक, शैक्षिक पक्षको चित्रण गर्ने भएकोले आगामी दिनहरूमा यस जातिको बारेमा यस क्षेत्रमा अध्ययन गर्न चाहनेहरूलाई यस अध्ययनले सघाउ पुऱ्याउने अपेक्षा गर्न सकिन्छ।

## १.५ अध्ययनको सीमा

कुनैपनि अनुसन्धान कार्य सामान्य कार्य होइन । यसका लागि समय, स्रोत र साधनको पावन्दी हुन्छ । यस शोध कार्यमा पनि तिनै विषयको पावन्दी रहेको छ । यस अध्ययनका पनि केही सीमाहरू छन् ।

- अध्ययनमा पोखरा महानगरपालिकाका दलित जातिलाई समेटिएको छ ।
- खासगरी पोखरा महानगरपालिका वडा नं. १८ मा बसोबास गर्ने दलितहरूलाई मात्र समेटिएको छ ।
- अध्ययनमा दलित वर्गको आर्थिक तथा सामाजिक अवस्थासँग सम्बन्धित विषयलाई प्राथमिकता दिइएको छ ।
- दलित परिवारको आर्थिक, सामाजिक, साँस्कृतिक अवस्थाको विश्लेषण तथा पेशामा आएको परिवर्तनलाई खोजको मुल आधार बनायएको छ । आंशिक रुपमा शैक्षिक आवश्यकता परिपूर्तिको लक्षभित्र सीमित राखिएकोले यस अध्ययनको बजेट तथा समय सीमालाई उन्मुक्ति दिइएको छ ।

## १.७ अध्ययनको साङ्गठनिक ढाँचा

यस अध्ययनलाई विभिन्न अध्यायमा विभाजन गरि संगठित गरिएको छ ।

पहिलो अध्यायमा परिचय खण्ड रहेको छ । जसमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सीमा, साँङ्गठानिक ढाँचा समावेश गरिएको छ । अध्याय दुईमा पूर्व साहित्य समिक्षा खण्ड रहेको छ, । जस अन्तर्गत

सैद्धान्तिक समिक्षा विभिन्न सिद्धान्तहरू, सैद्धान्तिक खाका, पूर्व साहित्यको समिक्षा आदि समेटिएको छ । अध्याय तीनमा अनुसन्धान विधि खण्ड रहेको छ । यस अन्तर्गत अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, समग्र तथा नमूना छनौट, तथ्याङ् संकलन विधि तथ्याङ्क विश्लेषण र प्रस्तुति आदि रहेका छन् । अध्याय चारमा अध्ययन क्षेत्रको भौगोलिक परिचय, भू-उपयोगको अवस्था, उत्तरदाताको सामाजिक एवं जनसाङ्ख्यिक विवरण राखिएको छ । अध्याय पाँचमा दलित जातिको सामाजिक तथा आर्थिक अवस्था, भू-स्वामित्व, पेसामा आएको परिवर्तन, आम्दानीमा आएको परिवर्तन तथा परिवारमा हुने खर्चहरू सम्बन्धी तथ्याङ्क प्रस्तुत गरिएको छ । अध्याय छ मा सामाजिक तथा आर्थिक कारणले दलित जातिको जीवन पद्धतिमा आएको परिवर्तन, उनीहरूको नेतृत्व विकास र सशक्तिकरण एवं वैयक्तिक अध्ययन समेत समेटिएको छ ।सातौ अध्यायमा सारांश, निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

# पूर्व साहित्य समीक्षा

## २.१ अवधाराणात्मक समिक्षा

'जाति' शब्दबारे थुप्रै विद्वानहरूले व्याख्या विश्लेषण गर्दै 'एउटा साझा भाषा, साझा इतिहास र साझा साँस्कृतिक पक्ष' भएको एउटा समूह भन्ने उल्लेख गरेका छन् । वास्तवमा मानव विकासको सन्दर्भमा आरम्भमा मानिसको जीवन सामुहिकतामा आधारित एक्लो थियो, पछि उसमा पारिवारिक भावनाको विकास भयो, परिवारबाट कूल (साझा, पूर्खाका सन्तति, सगोत्री) हुँदै मानिस कविला (Tribe) संस्कृतिमा प्रवेश गऱ्यो । कविला संस्कृतिमा मानिसहरू सानो-सानो इलाकामा आफ्नो प्रभुत्व कायम गरेर बसेका थिए । यस्ता विभिन्न कविलाहरूका बिचमा युद्ध झै-झगडा हुने, एकले अर्कोलाई आफ्नो प्रभुत्वमा ल्याउने जस्ता कार्यहरू भइनै रहन्थे । यस परिपाटीले गर्दा एउटा संस्कृति लोप हुने तथा अर्कैमा विलीन हुने परिपाटी शुरु भएर मानव समुदाय कविला स्वरुपबाट विकासित भई जाति बन्न गयो । राज्य विकासको क्रममा विजयी राज्यले आफ्नो अधिनमा रहेका सबै राज्यहरूमा एकै प्रकारको नियम, कानुन लगाउँदा पनि अनेकतामा एकता कायम भई जातिगत भावनाको विकास भएको हो (विश्वकर्मा, २०५८) ।

जातीप्रथा सामाजिक व्यवस्थाबाट सृजित विषय हो । एक जातभित्र एकै प्रकारको नियम, संस्कार परम्परा पेशा भएका मानिसहरू पर्दछन् । प्रारम्भमा श्रम विभाजनका लागि या व्यक्तिलाई क्षमता अनुरुपको पेशा प्रदान गर्न वर्ण व्यवस्थाको सिर्जना गरिएको थियो । पछि त्यसैबाट जातीय व्यवस्था सिर्जना भएको मानिन्छ । नेपाली समाजमा मानिसहरू जाति व्यवस्थालाई अवलम्वन गर्दछन् । यो व्यवस्था धार्मिक प्रभावका आधारमा रहेका हुनाले यसलाई मानिसहरू छाड्न रूचाउँदैनन् । नेपालको मौलिक संस्कृति हिन्दु परम्पराबाट प्रभावित देखिन्छ । हिन्दुहरू ३ तहबाट नेपाल प्रवेश गरेका हुन् । उपत्यकामा पहिलो शताब्दिमा आर्यवस्तिबाट काठमाण्डौं उपत्यका प्रवेश गरे । हिन्दुहरूको नेपाल आगमन भारतीय भूमि हुँदै तराईबाट भयो (शर्मा, २००४) ।

नेपालको हिन्दुकरणको प्रमुख कारण शक्ति या राजनीति नै मानिन्छ । प्रारम्भदेखि नै नेपालका शासकहरू हिन्दुमार्गी थिए । उनीहरू हिन्दु परम्परा अनुरुप शासन गर्दथे । राज्यको तर्फबाट गरिने सुधार पनि हिन्दु परम्परा अनुरुपकै हुन्थे । जयस्थिति मल्ल र राम शाहका सुधार लगायतका सुधारहरू हिन्दु परम्पराबाट प्रभावित थिए । नेपालमा चलन चल्तीमा रहेका शताब्दिऔं देखिका पुराना मुल्य मान्यता कानुनी व्यवस्था मध्ये हिन्दु वर्ण व्यवस्था पनि एक हो । राजा सुरेन्द्र विक्रम शाह तथा श्री ३ जंगबहादुर राज्यका पालामा तथा नागरिक विभिन्न तह तथा वर्णमा वर्गीकरण गरियो । त्यसै अर्न्तगत एउटा वर्ग र जातिलाई उच्च वा छुत र अर्को वर्गलाई अछुतको रुपमा स्तरीकृत गरियो । कानुनी तवरले समेत स्तरीकरण गरिएको थियो अर्थात् उच्च जातलाई कसुरमा कम सजायँ र निम्न जातलाई बढी गरिएको पाइन्छ । देशमा जति पनि कानुन र सामाजिक परिवर्तन व्यवहारमा लागु गरिएका छन् । ती सबैजसो पूर्णतया हिन्दु वर्ण व्यवस्थामा आधारित रहेको पाइन्छ । हिन्दु वर्ण व्यवस्थाले मानिसलाई ब्राह्मण, क्षेत्री, वैश्य र शुद्रको रुपमा चार तहमा विभाजन गरिएको जुन सामाजिक व्यवहार हाल सम्म पनि युगौदेखि प्रचलनमा छ । चार वर्ण व्यवस्था भित्र पर्ने पानी नचल्ने ठानिएको समुदाय नै दलित हुन् । ती सुमदाय आर्थिक शोषण र सामाजिक उत्पिडनको सिकार हुँदै आएका छन् । दलितलाई आर्थिक र सामाजिक अवस्थाबाट विमुक्त गरिएको छ । छिमेकी मुलुक भारतमा सन् १९५० को दशकमा बढि प्रचलित दलित शब्द नेपालमा विगत केही दशकदेखि छलफलको विषय बन्दै आएको छ (शर्मा, २०६८) ।

वि.स. २०२० भाद्र १ मा जारी गरिएको नयाँ मुलुकी ऐन प्रथाको कानुनी आधार समाप्त गरेको थियो । कतिपय व्यवहारिक सन्दर्भमा जातिवादी संस्कृतिका आधारहरू अहिले पनि कायम छन् । क्रमिक रुपमा आधुनिकीकरण तर्फ उन्मुख भएको नेपाली सामाजिक समानता राजनैतिक सहभागिताका दृष्टिले यो प्रथा एक कुरीतिको रुपमा छ । भारतीय संविधानमा दलित जातिलाई अनुसूचिमा पंजिकृत गरिएको छ । तर नेपालको संविधानमा त्यस्तो व्यवस्था गरिएको छैन । राज्यको विधानले आरक्षण तथा समावेशीकरणको व्यवस्था गरेको छ । अहिलको परिवर्तित सन्दर्भमा नेपालका दलितहरुको अवस्थामा प्रशस्त सुधारका व्यवस्थाहरु भएका छन् । अवको अवस्थामा दलितका सवालहरुलाई अतिरन्जित रुपमा उठाउनु आग्रह एवं पूर्वाग्रह ठहर्ने छ । परम्परागत जातीगत पेसाको अन्त्य आजको समाजमा भैसकेको छ वेदमा उल्लेख भए अनुसार “जन्मना जायते शुद्र क्रर्मणां द्विज उच्चते” को मान्यताले अवको समाजमा स्थान पाइसकेको छ (विश्वकर्मा, २०६२) ।

जातीय सिद्धान्तको मान्यता अनुसार वर्णव्यवस्थामा उल्लेख भएका जातिहरुको सृष्टि भगवान विष्णुका विभिन्न अंगहरुबाट भएको उल्लेख छ । जस अनुसार मुखारविन्दबाट ब्राह्मण, हात अर्थात् भुजाहरुबाट क्षेत्री, शरीरको मध्यभाग वा जाँगबाट वैश्य र पैतला वा गोडाको तल्लोभागबाट शुद्र वर्णको सृष्टि भएको उल्लेख छ । पछि पेसागत व्यवस्था पनि यसै गरी गरिएको पाइन्छ । यसै मान्यतालाई आध्यात्मिक दृष्टिकोणबाट पनि स्वीकार गरिन्छ । नेपाल हिन्दु संस्कार भएको देश हो र जाति प्रथा सामाजिक जीवनको आधार हो तापनि यहाँका मानिस भारतमा जस्तो जातिका बन्धनमा बाधिएका छैनन् । यहाँ पेशा, खानपान र संस्कारमा उदारवादी धारणा र लचकदार व्यवहार पनि पाइन्छ । जाति प्रथा वर्णव्यवस्थाकै एक विकासित स्वरुप हो भने कुरा माथि उल्लेख गरिएको छ । वर्णव्यवसथा संस्थागत हुँदै जाँदा निकै समय बितेकोले यसमा दैविक तथा अन्य सिद्धान्तहरू थपिदै जानु र स्वाभाविक थियो । सुरुमा क्षमताको आधारमा मानिसले आफ्नो व्यवसाय अंगाल्न पाउनेमा उत्तर बौद्धिक कालतिर धार्मिक काम गर्न ब्राह्मण कुलमा जन्मेपछि ब्राह्मण हुने, क्षेत्रीय, वैश्य, शुद्र कुलमा जन्मे सधै तहा वर्णमा कायम रहने परम्परा विकसित भयो । यसरी जन्मसित कर्म वा पेशा गाँसिनाले यसलाई जात (जन्म) भनियो (चँदरा, २०६१) ।


## २.१.१ नेपालमा रहेको जातीय संरचना

परम्परागत रुपमा दलित भन्नाले कथिक माथिल्लो जातिका समुदायबाट दबाइएका, पछाडि पारिएका वा अछुत भनिने जातिलाई बुझिन्छ । सामन्तवादी हिन्दु संरचना भित्र आधारभूत पेशा, व्यवसाय, सीप तथा कला क्षेत्रमा संलग्न रहँदै आएका कारण चरम जातीय विभेद र अमानवीय छुवाछुतको उत्पीडन भोग्दै आएको समुदाय नै दलित हो (विश्वकर्मा, २०६२) ।

मल्ल राजा जयस्थिति मल्लले नेपाली समाजलाई ४ वर्ण र ३६ जातमा विभाजित गरेका थिए । ४ वर्णमा ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र पर्दथे । ब्राह्मणहरू पनि पञ्चगैँड र पञ्चद्रविक गरी २ वर्गमा विभाजित थिए । ब्राह्मणहरूलाई देवी देवताको पूजाआजा जस्ता उत्सव कर्म गर्न लगाइन्थ्यो भने क्षेत्रीले राजकाज गर्ने, वैश्यले बन्द व्यापार र शुद्रले उपल्ला जातको सेवा गर्ने तोकिएको थियो । अन्य वर्गहरू ६४ जातमा विभाजित थिए । नेवार समाज, आचार्य, वैद्य, दैवज्ञ र श्रेष्ठ उच्च स्तरीय जाति थिए भने बाँकी ३६ जात मध्ये ३२ जाति ज्यापु थिए । माथिल्लो जातिलाई तल्लो जातिले छोएको खानपिनमा प्रतिबन्ध थियो । तल्ला जातिले उपल्ला जातिप्रति आदारसम्मान दर्शाउनु पर्थ्यो (प्राश्रित, २०५७) ।

वि.सं.१९१० सालमा सुरेन्द्र शाहको पालामा जंगबहादुर राणाको सक्रियतामा बनेको मुलुकी ऐन आएपछि जाति प्रथालाई अझ जटिल र कठोर बनाइदियो । यस ऐनले नेपाली समाजलाई निम्न ४ जातीय शृङ्खलामा विभाजन गऱ्यो (शर्मा, १९७७) ।

१. तागाधारी : दुईपटक जन्मने जात,




२. मतवाली : मदिरा पिउने (जाँड, रक्सी सेवन गर्ने राई, लिम्बु, गुरुङ, नेवार, मगर, उपल्ला मतवाली र दनुवार, चेपाङ, कुमाल तल्ला मतावाली )

३. पानी चल्नेः पानी नचल्ने तर छोइछिटो हाल्न नपर्ने वर्ग (धोवि, मुसलवान, तेली, कुलु, कुम्ले आदि)

४. अछुत- छुनै नहुने, छोइएमा छिटो हाल्नुपर्ने दमाई, कामी, सार्की, च्यामे, गाइने, पोडे आदि) (शर्मा,१९७७) ।

छुवाछुत लगायतमा जातिय भेदभावका आधारमा गरिएको राज्यको पुनसंरचनाको अर्को महत्वपूर्ण ऐतिहासिक चरण राणा प्रधानमन्त्री जङ्गल बहादुरद्वारा १९१० सालमा घोषणा गरिएको मुलुकी ऐन थियो । यस ऐनले समान खालका अपराधका लागि पनि ब्राह्मणहरूलाई सबैभन्दा कम र दलितहरूलाई सबैभन्दा बढी सजाय तोकी फरक-फरक दण्डको व्यवस्था गरेको थियो । मुलुकी ऐनमा निर्धारण गरिएको जातिय वर्णाश्रम व्यवस्था नेपालमा सुपरिचित छ । यसले चारवटा वृहद समूहहरूको व्यवस्था गरेको छ : १) तागाधारी (जनै लगाउने वा द्विजवर्ण) (ब्राह्मण, राजपुत, जैसी र क्षेत्री) २) नमासिने (दास बनाउन नसकिने मगर, गुरुङ, सुनुवार र नेवार समुदाय भित्रका केही जातहरू) र मासिने ( दास बनाउन सकिने भोटे, चेपाङ, कुमाल, हायु, थारु, घर्ती गरी दुई वर्गमा विभाजन गरिएका मतवाली (मादकपदार्थ सेवन गर्ने) ३) पानी नचल्ने (छोइ छिटो हाल्नुपर्ने सार्की, दमाई, कामी, गाइने, सुनार, बडिभाड, चुनारा, पोडे, हुर्के च्यामखल) । मुलुकी ऐनले मधेसी तेलीलाई पानी नचल्ने तर मधेसका अन्य दलित जातबारे भने केही उल्लेख गरेको छैन ।

अछुतका रूपमा चिनाइएका १८ जात मध्ये सबैभन्दा तल्लो १० जात दलित हुन् । सो ऐनले गरेको व्यवस्थालाई निम्न तरिकाबाट हेर्दा (Hofer, 2004).

**तालिका २.१: जातजाति समूह र तीनको श्रेणीगत क्रमको संरचना**

| क.सं. | जात/जाति समूह | जातिगत संलग्नता |
|---|---|---|
| १. | तागाधारी (जनै लगाउने) | |
| | उपाध्याय ब्राह्मण (बाहुन) | पर्वते |
| | ठकुरी (राज खलक) | पर्वते |
| | क्षेत्री-क्षेत्रीय (राजण्य) | पर्वते |
| | राजोपाध्याय ब्राह्मण (देव भाजु) | पर्वते |
| | सन्यासी (जोगी) | पर्वते |
| | तल्लो जैसी बाहुन | पर्वते |
| | केही उपल्ला श्रेष्ठ समूह (जोशी आदि) | नेवार |
| २. | मतवाली (जाँड रक्सी खाने) | |
| | २.१ नमासिने मतवाली (कमारा राख्न नपाइने मतवालीहरू) | नेवार |
| | जनै नलगाउने श्रेष्ठ, बज्राचार्य, तुलाधर आदि | नेवार |
| | महर्जन | नेवार |
| | कतिपय सेवा व्यवसाय गर्ने नेवार जातहरू | अन्य |
| | पहाडी जनजातिहरू (गुरुङ मगर) | अन्य |
| | २.२ मासिने मतवालीहरू (कमारा राख्न सकिने जाँड रक्सी खानेहरू) | अन्य |
| | तिब्बतीहरू (तामाङ लगायत) केही पहाडी जनजातिहरू, थारु | अन्य |
| ३. | पानी नचल्ने, छोइछिटो हाल्नु नपर्ने | नेवार |
| | खड्गी (बगरे, दुध बेच्ने) | नेवार |
| | कपाली (मृत्यु संस्कार गर्ने, बाजा बजाउने) | नेवार |
| | रजक (धोवी) चर्मकार (दमाहा बनाउने) | नेवार |
| | मुसलमान (चुरेटा) | अन्य |
| | पश्चिमाहरू (म्लेच्छ) | अन्य |
| ४. | पानी नचल्ने, छोइछिटो हाल्नुपर्ने (अछुतहरू) | पर्वते |
| | विभिन्न पर्वते जातहरू (कामी, सार्की, दमाई अन्य) | नेवार |
| | द्यौला | नेवार |
| | च्यामखल | |

स्रोतः (Hofer, 2004).

**पहाडी समुदायका दलितहरू**

पहाडी क्षेत्रमा पानी नचल्ने, छोइछिटो हालिने जातिका रूपमा निम्नानुसार छन्: गन्धर्व, परियार (दमाई, दर्जी, सूचीकार, नकर्मी, ढोली, हुड्के), वादी, विश्वकर्मा (कामी, लोहारा, सुनार, ओड, चुनँरा, पार्की, टमटा) र सार्की (मिजार, चर्मकार, भूल)

**नेवारी समुदायमा दलितहरू**

१. द्यौला (पोडे)
२. च्यामे (च्यामे खल)
३. कपाली
४. खड्गी
५. धोवार (पाण्डे, २०६४) ।

**तराई समुदायका दलितहरू**

पानी नचल्ने, छोइछिटो हालिने जातका रूपमा कलर, ककहिया, कोरी, खटिक, खत्वे (मण्डल, खड्क), चमार (राम, मोची, हरिजन, रविदास), चिडिमार, डोम (मरिक), धोवी (रजक) र बातर, मेस्तर (हलखोर), तँत्मा (ताती, दास), पत्थर कट्ताः मुसहर, सरभड (सरवरिया), दुसाध (पासवान, हजारा) र पासी (पाण्डे, २०६४) ।

## २.१.२ दलित जाति र सामाजिक/आर्थिक अवस्था

**दलित जाति र सामाजिक आर्थिक अवस्था**

सदियौ देखि सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक, राजनीतिक र धार्मिक रुपमा शोषित तथा दलित जातिहरूमा बसन्त कुमार विश्वकर्मा (२०५५) ले नेपालको दलित शासनमा उल्लेख गरेअनुसार क्रमशः निम्न पेशाहरूमा संलग्न भएका जातजातिहरू पर्दछन् ।

**शिल्प कलामा संलग्न भएका जातहरू**

विश्वकर्मा (लोहार, सुनार, चुँदारो), सार्की (मोची, चमार, मुल, राम), दमाई (दर्जी, सूचिकार, परिचार),कुम्हार, बरही, केबाट, मिली, मलिया, भाँड, चुनरा, कणरा ।

**मजदुरी कार्यमा संलग्न भएका जातिहरू**

मुसहर, खतर्ब, तमा, दुशाध, घाँसी ।

**मत्सय र सिकारमा लागेका जातिहरू**

तिल्लाह, गोदी, बोटे, राजी, पोडे नटक, खनिया ।

**मदिया, मासु वा व्यापारमा लागेका जातिहरू**

कसाई, कलाल, कलवार

**निषेद पैसामा लागेका जातिहरू**

वादी, हला लाखोर (मेत्तर), होम जल्लाद, चण्डाल ।

**सन् १९९०-२००१ (वि.सं.२०४६-२०५६) सम्म गठन भएका मन्त्री परिषद् पदमाः**

- कुल ४०८ जना मन्त्रीमध्ये १ जना पनि दलित थिएनन् ।
- निजामति सेवाको नीति निर्माण गर्ने राजपत्राङ्कित तहमा सन् २००७मा दलित प्रतिनिधित्व ०.४६ प्रतिशत अर्थात् करिब शुन्य बराबर रहेको थियो ।
- नेपाली सेनाको कुल संख्यामा जम्मा ६ प्रतिशत दलित थिए ।
- नेपाल प्रहरी र सशस्त्र प्रहरीको अधिकृत तहमा उनीहरूको पहुँच १ प्रतिशत भन्दा निकै कम (क्रमशः ०.५५-०.२७ प्रतिशत) थियो ।
- सन् १९९०-२००१ रहेको व्यवस्थापिका दुवै सदनमा दलितहरूको औसत कुल उपस्थिति १ प्रतिशत सिवाय रहेन ।
- सन् २००७ मा न्याय सेवामा बहाल रहेका न्यायाधिश र वकिलहरू मध्ये १ जना पनि दलित थिएनन् । न्याय सेवाका अधिकृतहरू मध्ये आधा ०.५ प्रतिशत ।
- सन् १९९८ स्थानीय निर्वाचित निकायमा गा.वि.स अध्यक्ष र उपाध्यक्ष २.४ प्रतिशत ।
- कुल भूमिहीन मध्ये पहाडमा २३ प्रतिशत र तराईमा ४४ प्रतिशत दलितहरू शुद्ध भूमिहीन थिए । त्यसै गरी २ रोपनी भन्दा कम पहाडमा ७७ प्रतिशत र मधेशमा ९० प्रतिशत थिए (आत्मनिर्भर विकास मञ्च, २०६०) ।

दमाई जातिभित्र तीन गोत्र र ३९ थरहरू पाइएका छन् । आत्र, कौडिन्य र कौशिक तीन गोत्रहरू हुन् भने ३९ थरहरूमा खड्का, खुलाल, रिजाल, बराल, सापकोटा, सिलवाल, राना,

कटुवाल, राना खुलाल, सार्की, पुखरेल, खाग, दर्नाल, सेवा, हिङमाङ, सुनाम, खाती, परियार, मोथे, भरेल, खोपतरी, घिमिरे, भण्डारी, शिवाकोटी, बस्नेत, भुसाल, नेगी, दर्लामी, बेखा, लवान, पञ्चकोटे, छर, घले, सुन्दास, थटाल, रुफेली, त्रिपाठी त्यस्तैगरी कामी तथा सार्कीहरूमा पनि विभिन्न गोत्र तथा थरहरू रहेको पाइन्छ ।

दलितहरू नेपालका सबै जिल्ला तथा गा.वि.स.मा बसोबास गर्दछन् । यी जातिको छुट्टै कुनै निश्चित भू-भाग छैन । हिन्दु धर्म मान्ने र नेपाली मातृभाषा बोल्ने यो जातिको आर्थिक अवस्था न्यून रहेको पाइन्छ । त्यसकारण यिनीहरूको घर सामान्य प्रकारको ढुङ्गा माटोले बनेको र खरले छाएको हुन्छ । धेरैजसोका घरहरू प्रायः एक वा दुइतले मात्र हुन्छन् । दलितको शारीरिक बनावटलाई हेर्दा यिनीहरू अलि काला वर्णका हुन्छन् । अनुहारको बनावट भने ब्राह्मण क्षेत्रीसँग मिल्दो हुन्छ । नेपाली समाज हिन्दु धर्ममा आधारित भएकोले दलितहरू प्रायः हिन्दु धर्म मान्दछन् र हिन्दु धर्म अनुसार संस्कार तथा चाडपर्वहरू मान्दछन् । दलितहरूको विहेवारी साधारणतया आफ्नै जातभित्र हुन्छ । तर दलित जातिहरूमा काजक्रिया गर्ने प्रचलन भने बाहुन क्षेत्रीको भन्दा फरक हुन्छ । काजक्रिया गर्दा बाहुन क्षेत्रीमा पुरोहितको अति आवश्यक हुन्छ तर दलितहरूमा काजक्रिया गर्दा बाहुन चाहिदैन त्यसको साटो दिदी वा बहिनीको छोराछोरी, ज्वाइँलाई उपायोग गर्दछन् र उक्त कार्य सम्पन्न गर्दा सो व्यक्तिले कुनै धार्मिक ग्रन्थ पढ्दैनन् खाली कर्मकाण्डलाई निर्देशन दिने काम मात्र गर्छन् (विष्ट, २०३०) ।

नेपालमा दलित जातिहरू जस्तैः कामी, दमाइ र सार्कीहरू मुख्यतया नेपालको पहाडी भेगमा बसोबास गर्दछन् यिनीहरू पनि हिन्दु धर्मावलम्बीहरू नै हुन् । भाषामा नेपाली भाषा बोल्दछन् हिन्दु धर्म मान्ने दलितहरूमा ब्राह्मण, क्षेत्री जस्तै संस्कार र चाडपर्वहरू मान्दछन् । यो जातिको आर्थिक अवस्था न्यून रहेको पाइन्छ । यी जातिको छुट्टै कुनै निश्चित भू-भाग छैन । दलित समुदाय परम्परागत पेशाको हिसावले विभिन्न पेशामा आवद्ध छन् । तिनीहरूका परम्परागत पेशाहरू फलामको काम, कपडा सिलाउने काम, छालाको काम आदि रहेका छन् । दलित समुदायलाई तल्लो दर्जामा राखिने परम्परा अनुसार उनीहरूले गर्दै आएका परम्परागत पेशालाई पनि तल्लो तहको पेशाका रुपमा लिने सामाजिक प्रकृतिको कारण कामी, दमै, सार्की जातीहरूलाई निचताको भावनाले हेरिने गरेको छ । गरिब, स्रोत र

साधनको अभावले दलित समुदाय आफ्नो परम्परागत पेशामा निरन्तरता दिन बाध्य छन् । श्रमको उचित ज्याला प्राप्त गर्न बाध्य छन् । दलितहरूको हलिया प्रथा अथवा खलो प्रथाबाट अन्न प्राप्त गरेतापनि उनीहरूको आम्दानी छैन । दलित न्यून शैक्षिक पहुँच, नोकरीको न्यून सम्भावना, न्यून प्रतिष्ठा ब्राह्मण/क्षेत्री जस्ता जातिहरूको कारणले नेपालका धेरै भागहरूमा दलित समुदाय तल्लो ओहोदा र स्थानमा रहन गएका छन् । दलितहरू बैदेशिक रोजगार, आफ्नो व्यवसाय, व्यापार, ज्यालादारी काम, सरकारी नोकरी तथा अन्य नोकरी आदि आफ्नो इच्छा र स्वतन्त्रताका पेशा तर्फ उन्मुख हुन थालेका छन् (CBS, 2011) दलितहरूले आफ्नो जीवन पद्धतिका उपायहरूमा परिवर्तन गरि आय आर्जन गर्ने प्रयास गरेतापनि अझै सम्म ब्राह्मण क्षेत्री जस्ता उपल्ला जातिहरूसँग अन्तरसम्बन्ध विभेदकारी नै छ ।

हिन्दु धर्मले ‘उपल्लो जात’ का मानिसहरूको लागि उपल्लो दर्जाका पेशाहरू संरक्षित गरेको छ भने ‘तल्लो जात’ का मानिसहरूलाई तल्लो दर्जाका पेशाहरू निर्धारण गर्दा तल्लो जातका भनी मानिएका दलितहरूको पेशाबाट न्यून आम्दानी हुन्छ । यसरी कामबाट थोरै आम्दानी गरी जीवन निर्वाह गर्न बाध्य पारिएका हुन् । दलितहरू बीचका पेशाहरूलाई सीमित पारिएको छ ।

नेपालमा रोजगारी अझसम्म पनि जात अथवा धार्मिक सम्बन्ध र राजनैतिक पहुँचका आधारमा जोडिएको पाइन्छ । उदाहरणको लागि सरकारी र अन्य क्षेत्रहरूमा उपल्लो जातका व्यक्तिहरूको बर्चस्व छ । यसरी लामो कालखण्ड देखि बर्चस्वमा रहेका सेवा क्षेत्रहरूमा व्यक्तिहरूको फेरबदल र परिवर्तन गर्नुपर्दा उस्तै समूह, वर्ग र जातको व्यक्तिहरूको नै बर्चस्व र निर्णायक भूमिका हुने भएकोले दलितहरूको प्रतिनिधित्व हुन सजिलो छैन । नेपालमा सरकारी तथा गैर सरकारी क्षेत्रहरूमा धेरै पहिला देखि नै उपल्लो जातका व्यक्तिहरूको सञ्जाल कायम रहँदै आएको छ । शैक्षिक, राजनैतिक तथा अन्य सबै क्षेत्रहरूमा उपल्लो जातका व्यक्तिहरूको बर्चस्व र हालीमुहाली हुनाको कारणले यो सञ्जाल दलितहरूको लागि धेरै कमजोर छ (Camron, 1995) । परिणाम स्वरुप नेपालका दलितहरू सामाजिक, आर्थिक, राजनैतिक र अन्य क्षेत्रमा ब्राह्मण, क्षेत्री नेवार जसका आफ्नो मान्छेहरू प्रत्येक क्षेत्रहरूमा छन्, उनीहरूसँग अगाडि बढ्न सक्षम भएका छैनन् (ILO, 2005) ।

दलित सशक्तिकरण, दलितहरूका आर्थिक, सामाजिक, शैक्षिक र स्वास्थ्य जस्ता सबै आयामहरूमा सक्षम बनाउँदै न्यायपूर्ण र वर्गीय समतामुलक समाज निर्माण गर्ने प्रक्रिया हो । दलित सशक्तिकरणले दलितमा रहेका सबै क्षमताहरू प्रस्फुटन हुने वातावरण सिर्जना गरी समाजमा नेतृत्वदायी भूमिकामा उनीहरूलाई स्थापित गर्नु हो । दलित सशक्तिकरण एक प्रक्रिया हो । जसले दलितहरूको सर्वपक्षिय विकास गर्दै वर्गीय समता, समाजमैत्री सामाजिक प्रणालीको विकास गर्दछ । यसले दलित माथि हुने सबै प्रकारका विभेद र हिंसाहरू अन्त्य गरी सामाजिक जीवनमा स्वतफूर्त रुपमा आफ्नो क्षमता प्रदर्शन गर्ने अवसरहरूको सृजना गर्दछ । त्यसैगरी उनीहरूलाई मुल प्रवाहिकरण, समावेशीकरण, आरक्षण र सकरात्मक विभेद जस्ता साधनको माध्यमबाट राज्य प्रणाली, सार्वजनिक संयन्त्रमा उनीहरूको न्यायोचित उपस्थितिको व्यवस्था गर्नु जस्ता कार्य यसमा पर्दछन् । कानुनी र नीतिगत रुपमा विद्‌यमान विभेद र अन्यायपूर्ण व्यवस्थाको अन्त्य गर्न उनीहरूलाई कानुन निर्माण प्रक्रियामा सहभागी गराई दलित मैत्री कानुनी व्यवस्था, प्रणाली र व्यवहार गर्ने प्रणालीको विकास गराउनु कुराहरू यसमा रहन्छन् । दलितहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको सुनिश्चितता कायम गर्ने प्रयासहरूको समग्रतालाई नै दलित सशक्तिकरण भनिन्छ (सुवेदी, २०६४) ।

## २.१.३ दलित जाति र कानुनी प्रावधान

राजा सुरेन्द्र विक्रम शाह तथा श्री ३ जङ्गल बहादुर राणाको पालामा लागु गरिएको मुलुकी ऐनले हिन्दु धर्मलाई सामाजिक संरचनाको मुल मान्यताको रुपमा राखी दलित समुदायलाई हिन्दु वर्णाश्रम व्यवस्थातामा तल्लो श्रेणीमा राखेको थियो (मुलुकी ऐन, १९१०) ।

नेपालमा प्रजातन्त्रको स्थापना काल वि.स. २००७ देखि नै राज्यले धर्म, जाति, जात, वर्ण, लिङ्ग आदि आधारमा भेदभाव गर्ने छैन भनी तोकेको थियो (अन्तरिम संविधान, २००७) ।

वि.स २०२० भाद्र १ गते लागु भएको नयाँ मुलुकी ऐनले जातीय विभेदलाई अन्त्य गरी कसैले कसैलाई जातभातको आधारमा भेदभाव गरेमा १ वर्ष कैद वा ३ हजार रुपैयाँ सम्म जरिवाना अथवा दुवै सजाय हुने व्यवस्था गऱ्यो (नयाँ मुलुकी ऐन, २०२०) ।

राज्यले नेपालमा बसोबास गर्ने हरेक नागरिकलाई जात, जाति, धर्म, वर्ण, लिङ्गका आधारमा भेदभावरहित सबैलाई समान दृष्टिकोण राख्ने लोक कल्याणकारी मान्यताको परिकल्पना गरेको छ । नेपाल अधिराज्यको संविधान २०४७ मा व्यवस्था भएअनुसार कुनै पनि व्यक्तिलाई जातको आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुने वा सार्वजनिक उपयोगका कुराबाट बञ्चित गरिने छैन । यस्तो कार्यगरेमा दण्डनीय हुने छ भन्ने उल्लेख गरिएको थियो ।

छुवाछुत र जातीय भेदभाव विरुद्धको हकलाई मौलिक हकको रुपमा वि.स. २०६३को अन्तरीम संविधानले स्थापित गरेको थियो । उक्त संवैधानीक प्रावधानयस्तो थियो ।

- कुनै पनि व्यक्तिलाई जात, वंश वा पेशाका आधारमा भेदभाव गरिने छैन । यस्तो भेदभाव दण्डनीय हुने छ र पीडितले कानुनले तोकिए अनुसार क्षतिपूर्ति पाउने छ ।
- कुनै पनि व्यक्तिले जात जातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा सुविधाबाट वञ्चित हुनुपर्ने छैन ।
- कुनै वस्तु तथा सेवा उत्पादन वा वितरण गर्दा कुनै खास जात जातिलाई मात्रै खरिद गर्ने दिइने वा कसैलाई वञ्चित गरिने छैन ।
- कुनै जात जाति वा व्यक्तिलाई न्यायोजित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचारप्रसार गर्ने काम गर्न दिइने छैन ।
- माथि उल्लेखित विपरितको कार्य कानुनद्वारा दण्डनीय हुनेछ ।

(नेपालको संविधान, २०७३)

**त्यसैगरी मौलिक हक अन्तर्गत धारा ४० मा दलित हकको व्यवस्था गरेको छ । दलित हकमा निम्न कुराहरूको व्यवस्था गरेको छ :**

- राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । सार्वजनिक सेवा लगायतका रोजगारका अन्य क्षेत्रमा दलित समुदायको सशक्तिकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ ।

- दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुन बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ ।
- दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ ।
- दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग संरक्षण र विकास गर्न हक हुने छ । राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसको लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ ।
- राज्यले भूमिहीन दलितलाई कानुन बमोजिम एक पटक जमिन उपलब्ध गराउनु पर्नेछ ।
- राज्यले आवासविहीन दलितलाई कानुन बमोजिम बसोबासको व्यवस्था गर्नेछ ।
- दलित समुदायलाई यस धाराद्वारा प्रत्यक्ष सुविधा दलित महिला र पुरुष सबै समुदायमा रहेका दलितले समानुपातिक रुपमा प्राप्त गर्ने गरी न्यायोजित विवरण गर्नु पर्नेछ (नेपालको संविधान, २०७३) ।
- सबै किसिमका भेदभाव निर्मूल गर्ने अन्तराष्ट्रिय महासन्धिको धारा १.१ मा जातिपातिका आधारमा आर्थिक, राजनैतिक, सामाजिक तथा सांस्कृतिक वा सार्वजनिक जीवनका वा अन्य कुनै क्षेत्रमा समानहरूले मानव अधिकारको उपयोग गर्नबाट प्रतिबन्ध, बहिष्कार, भेदभाव जातीय भेदभावको रुपमा परिभाषित गरेको छ । नेपालको यस महासन्धिमा सन् १९७१ जनवरी ३० मा हस्ताक्षर गरेको छ । यसैगरी नेपालमा २०६० असार १२ गतेदेखि छुवाछुत मुद्दालाई फौजदारी मुद्दाको रुपमा समावेश गरेको छ (अन्तराष्ट्रिय महासन्धि, १९६५) ।

वि.सं. १९१० मुलुकी ऐन जङ्गल बहादुर राणाले लागु गरेको ऐनलाई अध्ययन गर्दा एउटै अपराधमा पनि जातको आधारमा घटीबढी दण्ड सजाय हुने (छोइछिटो) र अन्तर जातिय विवाहलाई पनि अपराध घोषित गरी कडा सजाय गर्ने प्रावधान रहेको पाइन्छ । उक्त मुलुकी ऐनमा मृत्युदण्ड, अंश सर्वस्व गर्नु, दामल गर्नु, कैद जरिवाना गर्नु, खोप्नु, अभक्ष खुवाउनु जनै झिकिदिनु, टाङ मनि छिराउनु, पैतला चलाउनु, पतिया गराउनु, बसेको गाउँ ठाउँबाट

निकाला गर्नु जस्ता दण्ड सजायको व्यवस्था गरिएको थियो । यसरी छुवाछुतको व्यवहारलाई वैधानिकता प्राप्त भएपछि नेपाली धर्तीमा दलितहरूले जातीय घोर अपमानको शिकार हुनु। वैधानिकता प्राप्त गरेको एक शताब्दी, एक दशक पछि बल्ल छुवाछुत गर्न नपाईने व्यवस्था गरियो । UN को सदस्य राष्ट्र एवम् विश्वव्यापी मानव अधिकार घोषणापत्र १९४८ को पक्ष भए पश्चात् नेपालको कानुन र संविधानमा सुधार गर्ने क्रममा २०२० सालको मुलुकी ऐन आयो । यस ऐनले जातीय भेदभाव अन्त्य हुने प्रावधानको व्यवस्था गऱ्यो । मुलुकी ऐनलाई संशोधन गरी छुवाछुत गर्ने उद्देश्य राखेको भए पनि यसले सामाजिक रीतिरिवाजमा हस्तक्षेप गर्न रोक लगाएको थियो (लाम्गादे, २०६१) ।

२०४६ सालमा भएको जनआन्दोलनले संवैधानिक राजतन्त्र अन्तर्गत बहुदलीय व्यवस्था स्थापना गर्न सहयोग पुऱ्यायो तर समग्रतामा भन्ने हो भने २०४७ सालको संविधानमा छुवाछुत विरोधी प्रावधानहरू रहे पनि सिमान्तीकरणको प्रक्रिया सदाझैं चलिरह्यो (अधिकारी, २०५७) ।

वि.सं.२०५१ देखि २०६२ सालसम्म भएको माओवादी सशस्त्र आन्दोलनले माओवादीको प्रभाव रहेका क्षेत्रहरूमा जातमा आधारित छुवाछुतलाई घटाउन सहयोग पुऱ्यायो । संविधान सभा र नयाँ संविधान निर्माणको दिशामा अगाडि बढ्ने राजनीतिक दलहरूको प्रतिबद्धता पछि २०६३ साल माघ १ गते अन्तरिम संविधान लागु भयो । २०६२/०६३ सालको जनआन्दोलन पछि पुनर्स्थापित प्रतिनिधि सभाले नेपाललाई जातमा आधारित छुवाछुत मुक्त मुलुकका रूपमा घोषित गऱ्यो । यद्यपि वास्तविक व्यवहारमा हाम्रो समाजमा छुवाछुत प्रथा उन्मुलन हुन सकेको छैन । आशा गरौं यसमा फेरबदल हुने नै छ ।

## २.२ सैद्धान्तिक समिक्षा

### २.२.१ जातीय सिद्धान्त

आजको समाज आर्थिक रुपले तीब्र रुपमा प्रतिस्पर्धामा अगाडि बढेको छ । विश्व आज २१ औं शताब्दिमा प्रवेश गरेको छ । यो शताब्दिलाई विज्ञान प्रविधिको युग, प्रजातन्त्र र समाजवादको युग आदि नामले सम्बोधन भइरहेको पपिेक्षमा हाम्रो देशको सामाजिक अवस्था

जातीय भेदभाव र छवाछुत जस्तो मानवहीन विरुद्धको संस्कारबाट ग्रसित छ । नेपालमा दलित वर्गले पुख्र्यौली पेशालाई अंगाल्दै आइरहेका, आधुनिक पेशातर्फ आकर्षण कम भएका कारण केही संख्यालाइ छोडेर बाँकी संख्या कमजोर आर्थिक अवस्था भएका पाइन्छन् । नेपाली समाजमा संस्कृतिको रुपमा झांगिएको यो जातीय भेदभाव समाज अगाडि बढ्न सकेको छैन समाज यी कुराबाट जबसम्म मुक्त रहदैन तबसम्म देशको कुनै पनि क्षेत्रमा उन्नती हुदैन । यो कुरा विगतले नै प्रष्ट गरिसकेको ।

केही वर्षदेखि यता हाम्रो देशमा जातीय भेदभाव र छुवाछुतको बारेमा खोज अनुसन्धान, व्याख्या विश्लेषण र चर्काचर्का नाराहरू लागेका छन् भने अर्के तर्फ मानव विकासको ऐतिहासिक अवलोकन र व्याख्या पनि भएका छन् र यसरी विचार गर्दा समाज विकासको क्रमलाई दुई किसिमबाट अध्ययन गर्न सकिन्छ ।

(क) आध्यात्मिक दृष्टिकोण (परम्परागत सिद्धान्त )

(ख) आधुनिक दृष्टिकोण

## आध्यात्मिक दृष्टिकोण

नेपाली समाजमा संस्कृतिको रुपमा झांगिएको यो जातीय प्रथा सयौ वर्षदेखि यता यो प्रथा भेदभाव मात्र नभई छुवाछुत प्रथाको रुपमा विकास भएको छ । जातीय आगमन, वर्ण भेद श्रम विभाजन, वर्ग संघर्ष, कुलीन धार्मिक विशेष आदि जस्ता कुरा भारतीय उपमहाद्विप भरि मात्र होइन संसारका अरू मुलुकहरूमा र अन्य दृष्टिकोणमा पनि पाइन्छ तर यो मानवीय भेदभाव वा केही ठाउँमा रंगको आधारमा त केही ठाउँमा पेशाको आधरित छ । श्रम विभाजनको वंशाणुगत गरी वर्ण विभाजन सुरुमा केही हदसम्म सीप र व्यवसायमका क्षणिक सहयोग भएतापनि जात वर्ण फेनै नपाइने वंश र जातिक रुपमा विभिन्न शिल्प तथा श्रमजीवी समुदायको निम्ति अछुत दर्जामा राखिरहने कुप्रथाको सृजना गरियो ।

जातीय प्रथाको उत्पत्ति सम्बन्धी सिद्धान्तहरूमध्ये परम्परागत सिद्धान्त सबैभन्दा प्राचीन मानिन्छ । यस सिद्धान्तको मुख्य आधार हिन्दु धर्मग्रन्थहरू वेद, पुराण, उपनिषद् र

मनुस्मृतिका आधारहरू नै हुन् । यस सम्बन्धमा सबभन्दा प्राचीन वर्णन ऋग्वेदमा एक मात्र छ त्यो मन्त्र हो ।

*ब्राम्हणेस्य मुखमासिद्वाहु राजन्यः कृतः ।*

*उरूदस्यः पद्भ्यांम शूद्रोड जायत ।* ऋग्वेद मण्डल १० शुक्त ९० मन्त्र १२

अर्थ : (जगत श्रष्ठा) पुरुषको मुख ब्राह्माण, पाखुरा क्षेत्री, तिघ्रा वैश्य र पाइताला शुद्र हो ।

यो मन्त्र पहिला ऋग्वेदमा नभएको र पछि वेदको व्याख्या, विश्लेषण तथा सम्पादन गर्दा अन्तमा थपिएको क्षेपक (थपुवा कुरा वक अंश) मात्र हो भन्दै विविध मतहरू देखा परेका छन् । वृहदाख्य (उपनिषद्कार) को उपनिषदमा उल्लेख भए अनुसार ब्राह्मणले चार वर्णको उत्पत्ति गरी तिनमा आश्रित वर्णहरू पनि बताए । यसमा के स्पष्ट छ भने पहिला ब्राह्मण एक्लै थिए र एक्लै भएको कारणले गर्दा विभूति युक्त कम गर्नमा उनीहरू समर्थन हुन सकेनन् । त्यसैले क्षेत्री उत्पत्ति गराए । यति हुँदा पनि काममा व्यवधान भएकोले वैश्य र वैश्य हँदा पनि समाज सुचारु रूपले चल्न नसकेकोले शुद्रको जन्म गराएको देखिन्छ ।

महाभारतमा ब्रह्माले सर्वप्रथम ब्राह्मणको त्यस पछि क्रमशः क्षेत्री, वैश्य र शुद्रको सृष्टि गरे । हिन्दु धर्मको आधारमा घृणित प्रकारको जातिय भेदभाव बढ्दै गएको पाइन्छ । प्राचीन कालका ग्रन्थहरूमा जातिय विभाजन तथा जाति भेद, छुवाछुत छँदै थिएन । बौद्धिक कालमा आएर ऋग्वेद प्राचीन होइन पछि थपिएको क्षेपकमात्र हो ।

त्यति बेला के कुरामा भिन्नता थियो भने ऋग्वेदकालमा आर्यहरूले अनार्यहरूलाई दास तथा दश्यु पनि भनिएको पाइन्छ । अनार्य, दाश वा दश्युलाई ऋग्वेदमा हराउने कार्यहरूको सहायताको लागि इन्द्र र आदि देवताहरूको स्तुतिगान गरिएको पनि पाइन्छ । दश्युहरूलाई ऋग्वेदमा अब्रत, अऋन्तु, मृधवाच (मिठो बोली नभएका) र अपमान भनिएको छ । जसको तात्पर्य क्रमशः देवताको नियम व्यवहार नमान्ने, यज्ञ नगर्ने, स्पष्ट बुझिने खालको र मधुर बोली नबोल्ने तथा लठेब्रा जस्ता च्याप्टो नाक भएका भन्ने बुझिन्छ । यसबाट के भन्न सकिन्छ भने ऋग्वैदिक कालमा पनि आपसमा विरोधी दुई पक्ष थए । आर्य र अनार्य बिचका यिनीहरूलाई छुट्याउने कुरा छालाको रङ्ग, भाषा र पाठ नै थियो । यसै कारण प्राचीन

कालमा वर्ण शब्दको अर्थ केवल आर्य र अनार्यलाई छुट्याउने कुरामा मात्र सीमित थियो । ऋग्वेदको कही कतै ब्राह्मण क्षेत्रीय शब्दको प्रयोग पाइन्छ । यी शब्द र वर्ण शब्द बिच कुनै सम्बन्ध रहेको देखिँदैन ।

यस सन्दर्भले वर्ण शब्दलाई निजी स्वार्थ पूर्ति गर्न हतियार बनाई समाजलाई विभाजन गरी जातिय भेदभाव र छुवाछुत जस्ता घृणित प्रचलन चलाइएको हो । यस सम्बन्धमा हिन्दु धर्मशास्त्रहरू र विभिन्न धर्म गुरुहरूको भनाई सङ्क्षिप्तमा यस प्रकार छ ।

*जात्मा च सद्दशाः सर्व कुले सर्व शास्त्रथा ।* शान्ति पर्व, १०७।३०।८

अर्थ : आदिम समाजमा मानिसहरू जात र कुलमा सबै समान थिए । अर्थात् त्यहाँ मानिस मानिस बिचमा असमानता र भेदभाव थिएन ।

*ततस्त्रेतायुग नाम मानवना वपस्मताम् ।*
*क्षेत्रीयः यस जयन्ते पूर्वेण तपसन्विताः ।*
*अपस्यन्त ते सर्वे विशेषमाधिक ततः*
*स्थापन चक्रिरितत्र चातुर्ववर्णस्य सम्मतम् ।* उत्तरकाण्ड, ६४।११-१५

अर्थ सत्य युगपछि त्रेता युग आयो र त्यहाँ वलवान क्षेत्रीयहरूले ब्राह्मणहरूले जस्तै तपस्या गर्न थाले । ऋग्वेदको पहिलो कालमा ब्राह्मण, क्षेत्री र वैश्य तीन वर्ण देखिए । ऋग्वेदको पछिल्लो कालमा शुद्रको उदय भयो त त्यतिबेला शुद्र तिरस्कृत भएको पाइँदैन । वैदिक समाजमा आर्यहरूले गाउने गरेका गीत वा ऋचाहरूबाट पनि त्यस बेलाको समाजमा मानिसहरू समान थिए र त्यहाँ जातपातको भेदभाव थिएन भन्ने स्पष्ट हुन्छ ।

*समानोमन्त्र : समिति : मन : सहचित भेषमा*
*समानी वः आकृति समाति हृदयानी वः समानमस्तु वो मनोयथा वः सहसहा ति*
-ऋग्वेद १०।१९३-४

अर्थ : तिमीहरूका मन्त्र, समिति, मन र चित्त समान होउन् । तिमीहरू एउटै काममा, एउटै भावना र बुद्धिले सुसंगठित भएर समान काम गर ।

ऋग्वेद अन्तिम मण्डल १० औ मण्डलमा शुद्रको उल्लेख भएको पाइन्छ । श्रम विभाजन अनुसार चारखाले श्रमका आधारमा समाजलाई चार वर्णमा छुट्याउन थालिएको थियो । तर केही विद्वानहरूले वर्ण शब्दको श्रममा आधारित समाज नभई छालाको रङ्ग विशेषलाई जनाउँछ भन्ने कुराको पुष्टि गरेका छन्, ऋग्वेदमा कतै राता वर्णका शत्रुको दमन (१।२।६) र कतै काला शत्रु मारेको (४।२।१६) आदि सम्दर्भले उपरोक्त आधारलाई सहयोग गर्दछ ।

*अत्मा मिम्ते सुपहा जन्तु शाचस्त्रवस्त्वमा*
*वर्यदान वर्णयान संगमे ॥८॥* ऋग्वेद, १०।३८।३

अर्थ : मनुष्यहरूका स्मृति पात्र हे इन्द्र हामीसँग युद्धको इच्छा राख्ने देवाताहिना : आर्य ( देवता नमान्ने) मनुष्य चाहे आर्य हुन वा दश्यु ती सब शत्रु वर्ण हाम्रा अनयास नै पराजित होइजाऊन् र तपाईको कृपाबाट हामीहरू ती शत्रुहरूलाई युद्धमा नाश गर्न सकौं ।

यसरी युद्धमा आफै दश्युहरू नष्ठ हुनबाट बाचेका, घाइते वा पक्राउ परेका युद्ध बन्दीहरूलाई दास बनाई शुद्र (दासयोनी) मा राखेको कुरा नकार्न सकिँदैन ।

यसरी कुनै वंश वा जाति विशेषबाट शुद्रको उत्पत्ति भएको होइन । यस वर्ण वा वर्णभित्र ब्राह्मणदेखि नै आफ्ना शत्रुहरूलाई क्रोध, वश, अशुर, दैत्य, दानव, राक्षस भनि अपमान गर्दै उनीहरूलाई आफ्नो जाति व्यवस्थामा सबैभन्दा निम्न (शुद्र) मा राखेर कज्याउने कुटिल चाल चलाएका थिए ।

*"वर्णश्रम व्यवस्था च-त्रेताप्रभूति सुव्रताः*
*भारते दक्षिण वर्षे व्यवस्था नेतरेह वथा"*

अर्थ वर्ण व्यवस्था पहिले थिएन यो भारतवर्षको दक्षिण भेगमा शुरु भएको थियो भनि लिंगपुरण भन्दछ ।

*शुद्र यौनो हि जातस्य सद्‌गुणानुपतिष्ठतः*
*वैश्यत्वँ लभते ब्राह्मण क्षतियर्त्वे तर्थवचः*
*आर्जये वर्तमानस्य ब्राह्मण्यमभि जायते ॥* वन पर्व (२११।११-१२)

अर्थ : शुद्रकुलमा जन्मेको मानिस पनि यही वर्ण अनुसारको गुण र योग्यता हासिल गर्दछ भने वैश्य , क्षेत्रीय र ब्राह्मण पनि बन्न सक्छ ।

माथिका समग्र छलफलबाट के स्पष्ट र निष्कर्षमा पुग्न सकिन्छ भने शास्त्रीय सन्दर्भमा पनि वैदिक कालमा वा उपनिषद् कालमा शास्त्रहरूमा जातिपाति, भेदभाव र छुवाछुत जस्ता कुरा कतै भेट्न सकिदैन । त्यति बेलासम्म सबै मानिसहरूको आहार-विहार, रहनसहन समान किसिमका थिए । ऋग्वेदको १० औ मण्डलमा उत्पत्ति भएको वर्ण शब्द यी दुवै आर्य । अनार्य बिचको वैरभाव (दुश्मनी) को कारण समाजमा शुद्रको उत्पत्ति गराएर स्मृतिकालबाट शुद्र वर्णलाई निकृष्ट व्यवहार गर्दै सामाजिक स्तर गिराउँदै लगिएको र पशुतुल्य व्यवहार गरिएको बुझिन्छ ।

## आधुनिक दृष्टिकोण

खगोल शास्त्रीय अनुसार पृथ्वीको उत्पत्ति साढे चार अरब वर्ष अगाडि र पृथ्वीमा जीवको उत्पत्ति पचासदेखि चालिस लाख वर्ष पहिले भएको हो र मानिसको उत्पत्तिको विकासक्रममा विभिन्न विद्वानहरूले आ-आफ्ना तर्क दिएका छन् । मानिसको उत्पत्ति दैविक हो कि जैविक प्रणालीद्वारा भएको हो भनेर मानव शास्त्रीहरूका बिच मतभेद भएको पाइन्छ । विषयवादीहरू संस्कृतिको निर्माण समान ठाउँमा समान किमिको हुन्छ भन्दछन् अर्थात संस्कृतिको उत्पत्ति सधै सरलबाट जटिलतर्फ हुन्छ ।

जीव विकासको आधुनिक तथ्यलाई नियाल्दा चार्ल्स डार्विनको (सन् १९५९) विकासवादी सिद्धान्त जैविक तत्वबाट भएको हो भन्ने भ्रम तथ्य प्रकाशमा आएपछि ईश्वरीय दैविक क्षेत्रबाट मानिसको उत्पत्ति भएको भन्ने भ्रम हट्न पुग्यो । जैविक विकास प्रमुख प्रक्रियाको उपज हो भनेर आफ्नो सिद्धान्तलाई पुष्टि गर्न डार्विनले निम्न चार बुँदालाई अगाडि सारेका छन् ।

१. जीव विकासको क्रममा सबभन्दा पहिले सबै अङ्गहरू नछुट्टिकन एक सरल प्राणीका रूपमा रहन्छ । समय बित्दै जाँदा विस्तारै अङ्गहरू छुट्टिदै जान्छ । यसको उदाहरणको निमित्त रूखको एउटा वीजलाई लिएका छन् ।
२. अङ्गहरू पृथक-पृथक भएर गएपनि एक अर्कामा अन्तर्सम्बन्धित र अन्तनिर्भर रहन्छन् ।

३. उद्विकास (विकास) को प्रक्रिया निरन्तर चलिरहने प्रक्रिया हो । यो सधै सरलताबाट जटिल तिर नै हुन्छ ।

४. उद्विकासको निश्चित समय, अवधि पार गर्नुपर्छ । उद्विकासको उवरोक्त चरण समेत एक कोषीय अमिवाबाट जीव विकासको क्रम अगाडि बढ्यो । अनेकौ जीव अस्तित्वको संघर्ष गर्दै लाखौं वर्षपछि माछा, बाँदर हुँदै मानिसको उत्पत्ति भयो । आदिम मानवको उत्पत्ति मध्य अफ्रिकामा भयो र अस्तित्व रक्षाको लागि प्रकृतिसँगै जुध्दै संसारका अनेकौ ठाउँमा पुग्यो । विभिन्न प्रकारका जलवायुको प्रभावले विभिन्न जाति र प्रजातिका मानिसहरू विकास हुन पुग्यो । त्यसैले भन्न सकिन्छ कि यस जगतमा जति पनि जीवजन्तु र तिनका प्रजातिहरू छन् ती सबै एउटै मूलबाट विकसित भएका हुन् र ती सबैको आधार दैविक होइन जैविक हो ।

## २.२.२ आधुनिकीकरण सिद्धान्त

आधुनिकीकरण भन्नाले त्यस्तो कुरालाई जनाउँछ जुन परम्परागत रूपमा रही आएका विश्वास, प्रथा, मान्यता, व्यवहार आदि जस्ता कुरालाई परित्याग गरी नयाँ-नयाँ विश्वास, परम्परालाई मान्यता तथा व्यवहार जस्ता कुरालाई आत्मासाथ गर्नु भन्ने बुझाउादछ । यो सामाजिक सांस्कृतिक परिवर्तनको महत्वपूर्ण प्रक्रिया हो ।

आधुनिकीकरण भनेको के हो ? भन्ने बारेमा विभिन्न सामाजिक विद्वानहरूले विभिन्न रूपमा परिभाषित गरेका छन् जुन यसप्रकार छन् ।

David Lerner ले 1968 AD "Modernization: Social Aspect" भन्ने पुस्तकमा उल्लेख गरे अनुसार आधुनिकीकरण सामाजिक परिवर्तनका प्रक्रिया हो, जसद्वारा कम विकसित समाजले बढी विकसित समाजमा हुने विशेषताहरू प्राप्त गर्दछ ।

Hontington ले सन् 1968 मा "Political order inchanging Societies" भन्ने पुस्तकमा उल्लेख गरे अनुसार आधुनिकरण त्यस्तो प्रक्रिया हो मानिसका सोचाइ र क्रियाकलापमा समग्र पक्षमा परिवर्तन ल्याउने बहुआयामिक प्राक्रिया हो जसले मानिसको मूल्य अभिवृद्धि र आकक्षाहरूमा परिवर्तन ल्याउछ (गौतम, २०६१) ।

आधुनिकीकरणभन्दा पहिले समाजमा आउने परिवर्तनहरूलाई युरोपिकरण, अमेरिकीकरण र पश्चिमीकरण जस्ता शब्दहरू प्रयोगमा आउँथे । यो आधुनिकीकरणको सिद्धान्त सन् १९५० मा उत्पत्ति भएर सन् १९६० मा विभिन्न मुलुकहरूका समाजहरूमा लागु भएको पाइन्छ । सामान्य अर्थमा आधुनिकीकरण भन्ने वित्तिकै कुनै पनि पुराना कुराहरूलाई नवीकरण गर्नु भन्ने बुझिन्छ । त्यसैले आधुनिकीकरण सधैं विकास र प्रगतिसँग सम्बन्धित हुन्छ । अर्को अर्थमा आधुनिकीकरण व्यापक सामाजिक परिवर्तनको प्रक्रिया हो । आधुनिकीकरण खास गरेर कम विकसित मुलुक वा समाजहरू विकसित मुलुकहरूको दाँजोमा पुग्न सामाजिक, आर्थिक, राजनैतिक तथा सांस्कृतिक क्षेत्रहरूको विकास गर्नका लागि वा परिवर्तन ल्याउनका लागि अपनाउँदछन् (गौतम, २०६१) ।

वास्तवमा आधुनिकीकरण सिद्धान्तको मूल मान्यता भनेको समाज, पेशा र संस्कृति परिवर्तनशील छ । स्वयम् मानिस पनि परिवर्तनगामी छ । प्रत्येक समाज परिवर्तन र विकास हुँदै अगाडि बढेको छ । समाजको प्रारम्भिक चरणभन्दा वर्तमान चरण बढी परिवर्तनशील छ । समाज सधै आधुनिकतातर्फ उन्मुख छ भन्ने तथ्यमा यो सिद्धान्त आधारित छ । आधुनिकरण भनेकै समाज एक परम्परागत र रुढीवादी ढाँचाबाट आधुनिक वा कुशल र औद्योगिक तहमा पुग्ने प्रक्रिया हो । यस प्रक्रियामा समाज प्रारम्भिक, मध्यम र उच्च तह पार गर्दै समाजभित्रका आर्थिक, सामाजिक, धार्मिक, भौतिक, राजनैतिक लगायत मानवीय मनोवृत्तिमा पनि कुशल तथा उदारता तर्फ लक्षित भई समाजको विकास प्रक्रिया अगाडी बढ्छ । आधुनिकीकरणले उत्पादन प्रणालीमा सरल ग्रामिणमुखीबाट आधुनिक प्राविधिकयुक्त बनाउँदै जान्छ । पेशाहरू पनि परम्परागत पेशाको ठाउँमा आधुनिक विशिष्टीकरण हुँदै जान्छ । सामाजिक चालचलन, रीतिरिवाज, धार्मिक कुरामा परिवर्तन हुँदै आधुनिकतातर्फ लम्कन्छ । सहरीकरणतर्फ उन्मुख हुन्छ । आधुनिक कुराहरूले परम्परागत पेशा, रीतिरिवाज, संस्कारलाई विस्थापित गर्छ । आर्थिक सामाजिक अवस्था आधुनिकतातर्फ लम्किरहन्छ । पुरातन परम्परागत ग्रामिण समाज आधुनिक प्रविधियुक्त शहरी समाजतर्फ लम्कन्छ । यो आधुनिकीकरण प्रक्रिया समय विकासको गतिसँगै सधैं अगाडि बढिरहन्छ । नयाँ-नयाँ प्रविधिको विकास र प्रत्येक मानव सामाजिक एवम् सांस्कृतिक परिवर्तन ल्याउने आधार खडा गर्दछ ।

आधुनिककतावादी सिद्धान्त सम्बन्धी विद्वानहरूमा मुख्य रूपमा W.W Rostow, Myron Weiner, Wilbert E. Moore हुन् ।

Wilbert E. Moore का अनुसार शास्त्रीय विकासवादी विचारधाराको आधारमा आधुनिकीकरणको प्राक्रियाबाट समाज विकास हुन्छ भन्ने मान्यता राख्ने विद्वान्हरूमध्ये एक विल्वर्ट इ.मुरे पनि सामाजिक रूपान्तरणको रूपमा व्याख्या गरेका छन् । उनले तुलनात्मक रूपमा पश्चिमी समाजभन्दा सबै पक्षमा निम्न अवस्था देखिने पूर्वीय समाजमा पनि विस्तारै शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार जस्ता पक्षमा सकारात्मक परिवर्तन आउँछ र समाज आधुनिक बन्दछ ।

आर्थिक विकास नै सामाजिक रूपान्तरणको मुख्य आधार हो भन्ने मुरेले आर्थिक विकाससँग तुलना गर्दै भनेका छन्: The Process of Modernization is Most Commonly Approached in Terms of Economic Eevelopment."

मुरेले आर्थिक र सांस्कृतिक परिवर्तनलाई आधुनिकरण भनिएको हुँदा यी दुवै प्रकारका परिवर्तन ल्याउने प्राथमिक तत्वहरू यसप्रकार लिइएको छ (गौतम, २०६१) ।

१. पूँजि

२. प्रविधिः ज्ञान र सीप

३. संस्थाः मूल्य र सङ्गठन

यस आधुनिकीकरण दृष्टिकोणबाट हेर्दा दलित समुदायको आर्थिक, सामाजिक, सांस्कृति परिवर्तन भएको देखिन्छ । रुढीवादी कुरालाई हटाएर पूँजिवादी प्रभावसँगै परम्परागत पेशा छोडेर नयाँ आधुनिक विभिन्न रोजगारीका (मजदुरी, व्यापार, नोकरी, वैदेशिक रोजगार) अवसरहरू तर्फ लागेका छन् । विस्तारै शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन आएको देखिन्छ । सामाजिक रीतिरिवाज धार्मिक कुरामा परिवर्तन आएको देखिन्छ । यस क्षेत्रमा स्थापना भएको साना किसान तथा भावना सहकारी संस्थाले यस क्षेत्रको दलित समुदायमा आम्दानीमा सुधार ठूलो सहयोग गरेको देखिन्छ । त्यसैले यस शोध लेखनमा यस सिद्धान्तलाई अनुशरण गरिएको छ ।

(Smailes, 1975, p.1) का अनुसार समाज परिवर्तनशील छ । आधुनिकीकरणसँगै मानव जगत शहरीकरणतर्फ उन्मुख छ । सामाजिक व्यवहार, संरचना र सांस्कृतिक मूल्य मान्यतासँगै हामी समाज परिवर्तन भएको देख्न सक्छौं । सामाजिक परिवर्तनको तत्वको रूपमा गैर कृषिमूलक उत्पादन, उपभोग र नियन्त्रण पर्दछन् । यी तत्वहरूले संस्था र सामाजिक प्रणालीलाई जन्म दिन्छन् जुन ग्रामिण समुदायमा भन्दा फरक हुन्छन् । त्यसैले शहरीकरणले सामाजिक रूपान्तरण गर्दछ । समाजमा वृहत्तर भौगोलिक, आर्थिक र सामाजिक रूपमा रूपान्तरण गर्दै परिवर्तन गर्दछ ।

(Breese, 1978, p.5) का अनुसार औद्योगिकीकरणले पेशाकर्मीहरूलाई प्राथमिक पेशा छोडाई नयाँ पेशा अवलम्वन गर्न बाध्य पार्दछ । प्राथमिक पेशाबाट प्राप्त आम्दानीले उसको दैनिक गुजारा चल्न गाह्रो हुन्छ यसैले वर्तमानका बजारीकरण र औद्योगिकीकरण एक अर्काका परिपूरकरण रूपमा देखिएका छन् । केही मुलुकहरू जो विकासोन्मुख छन् तिनीहरूमा शहरीकरण र बजारीकरणमध्ये एकले अर्कोलाई अगाडि बढाउन मद्दत गरिहेका छन्।

जमिन उपभोग कृषि/गैर कृषि हुँदा त्यसले पेशागत संरचनामा पनि परिवर्तन ल्याउँदछ । शहरमा कृषियोग्य जमिनहरू विस्तारै कम हुँदै गइरहेका छन् । काठमाडौं शहरमा १९८४ मा ५ प्रतिशत मात्र भू-भाग ओगटेको वस्तीले १९९४ मा १७.६२ प्रतिशत ओगटेको छ । यसरी शहरमा जमिनहरू गैरकृषि काममा उपभोग भैरहेका छन् (कोइराला, १९९९, पृ.५) ।

जमिनको प्रयोगमा आएको परिवर्तनले र पेशाको संरचनामा पनि फरक पार्दछ । केही शहरहरूको सवालमा वृहत परिवर्तन भएको पाइन्छ । पोखरामा वि.सं.१९७१ मा ६२.९ प्रतिशत थियो भने वि.सं.१९९१ मा आउँदा त्यो २७.३ प्रतिशतमा झऱ्यो । त्यो प्रतिशतको हिसाबले ३६.७ प्रतिशत वृद्धि थियो (पराजुली, १९९८) । परिणामस्वरूप शहरका बासिन्दाहरूको बसाईसराई र पेशागत गतिशिलतामा फरक गऱ्यो । जसले एउटा पेशा छोडी अर्को पेशाको परिवर्तन एक पुस्ता तहदेखि अर्को पुस्तासम्म परेको देखिन्छ (पराजुली, १९९८) ।

मानिस एक सामाजक प्राणी हो । सामाजिक क्रियाकलापमा मानव मात्रको सक्रिय भूमिका रहन्छ । आपसी अन्तरक्रिया सहयोग र सद्भावबाट सामाजिक सांस्कृतिक परिवर्तनका साथै

आर्थिक परिवर्तन हुन्छ । आर्थिक परिवर्तको आधार उनीहरूले अवलम्वन गर्ने पेशा हुन् । तथापि दलित वर्गमा पर्ने सार्की जाति पनि समाजको एक इकाइ हो । यो जातिले आर्थिक परिवर्तनका प्रक्रियाहरूको अवलम्वन गरी सामाजिक विकासतर्फ अग्रसर हुन चाहन्छन् र यसको माध्यम पेशा परिवर्तन पनि हुनसक्छ ।

### २.२.३ परनिर्भरताको सिद्धान्त

परनिर्भरता स्वयम् शब्दले नै स्पष्ट गर्दछ की आफ्नै खुट्टामा नउभिएर अर्कामा निर्भर हुने प्रकृति भनेर जब कुनै व्यक्ति, सङ्गठन, समूह, समुदाय समाज वा राष्ट्र अर्को व्यक्ति समाज वा राष्ट्रमाथि सामाजिक, राजनीतिक, आर्थिक, प्राविधिक लगायतका विभिन्न पक्षहरूमा आशामुखी भई तिनीहरूमा नै आश्रित भइरहेको पाइन्छ भने त्यसलाई परनिर्भरता भन्न सकिन्छ (अधिकारी, २०५६) ।


यो सिद्धान्त सर्वप्रथम सन् १९५०को दसकमा विकासोन्मुख देशको व्याख्यामा अर्थशास्त्रीद्वारा प्रतिपादन गरिएको हो । आधुनिकीकरण सिद्धान्त अनुसार तय गरिएका विकासका रणनीतिहरूबाट विश्वका गरीब देशहरूको स्थिति झन् खस्कदै गयो । यो परनिर्भरताको सिद्धान्त आधुनिकीकरणको सिद्धान्त वा प्रक्रियाले पारेको नकारात्मक प्रभावका विरुद्ध नीतिगत रूपमा फरक मत राखेर उभिएको देखिन्छ । विश्वका धनी देशहरूद्वारा अन्य गरिब देशलाई गरिएको आर्थिक र प्राविधिक सहयोग एवम् बजारको विस्तारले ती देशहरूको आन्तरिक उत्पादन पद्धति क्षमता र प्रचलनमा ठूलो धक्का लाग्यो । प्रतिस्पर्धात्मक बजारमा उपस्थित हुन नसक्ने अवस्थाहरू सृजना भए । राजनैतिक दवाव बढ्न गयो जसले गर्दा आयात निर्यात त सन्तुलन व्यापारबाट प्राप्त अतिरिक्त मूल्य, प्रत्यक्ष र अप्रत्यक्ष रूपमा धनी देशहरूको कब्जामा नै पुग्न गयो यसबाट परिणाम के देखियो भने गरीब राष्ट्रहरूमा गरिबी बढ्नाका साथै परनिर्भरता बढ्न गयो । आन्तरिक औद्योगिक विकासको सम्भावना घट्दै गएपछि सवैप्रथम A.G. Frank (1967) ले तेस्रो विश्वको अवस्थासँग सम्बन्धित गराएर आर्थिक विकासमा पूजिँवादी पद्धतिले समाजमा परेको प्रभावका बारेमा परनिर्भरता सिद्धान्तको विकास गराएको पाइन्छ । सत्तरीको दशकमा यो सिद्धान्त समाजशास्त्रमा निकै लोकप्रिय र सर्वाधिक अध्ययनका विषयका रूपमा विकसित भयो (आचार्य, २०५७:२६) । यो सिद्धान्त मार्क्सवादबाट प्रभावित छ । खासगरी Latin American राष्ट्रहरूको वस्तुस्थितिका

बारेमा बढी आधारित भएपनि सिङ्गो तेस्रो विश्वका देशको अवस्थालाई यसमा समेटिएको छ ।

परनिर्भरतावादी सिद्धान्त सम्बन्धी मुख्य विद्वानहरूमा A.G. Frank, Amir Samir, Paul A Barren आदि छन् । तथापि Frank यस निर्भरतावादी सिद्धान्तका प्रमुख प्रवर्तक छन् । उनले यो निर्भरतावादी सिद्धान्त विश्वस्तरको पूँजीवादी आर्थिक उत्पादन प्रणालीले सृजना गरेको धनी र सम्पन्न राष्ट्रको शोषणपूर्ण प्रभुत्व र शोषित र गरीबको परधिताको अन्तरसम्बन्धलाई व्याख्या गर्दै माक्सवादलाई नयाँ ढङ्गले व्याख्या गरेका छन् । Capitalism and Underdevelopment in Lation American नामक सर्वाधिक पुसतकमा उनले विश्व प्रणालीलाई मेट्रोपोलिस र सेटलाइट गरी २ भौगोलिक खण्डमा विभाजन गरेका छन् । मेट्रोपोलिस भनेको विकसित र अन्यलाई निर्भर गराएर शोषण गर्ने केन्द्र हो भने सेटलाइट भनेको अविकसित, कमजोर पारिएको र शोषित क्षेत्र हो । आर्थिक, प्राविधिक रूपले पीछडिएको क्षेत्र हो । यस प्रक्रियाबाट सेटलाइट क्षेत्र परनिर्भरताको अवस्थामा पुगेको छ (Frank, 1966)।

अधिकारी (२०५६) ले विश्व पूँजिवादलाई २ भागमा विभाजन गरेका छन् । अमिनका अनुसार केन्द्र र पृष्ठक्षेत्र बीचको भिन्नता भनेको पूजिँपतिहरू आफ्नै घरेलु बजारलाई प्रोत्साहन गर्दछन् । आफ्नै देशका उपभोग्य वस्तुहरू बढी भन्दा बढी मात्रामा उत्पादन गरेर ती वस्तुहरू अन्य राष्ट्रहरूतर्फ निर्यात गर्दछन् । यसरी नाफा वृद्धी गर्न सफल भएका हुँदा पूजिँवादी राष्ट्रहरू सम्पन्न, विकसित तथा धनी हुन्छन् । तर यसको ठीक विपरित जुन राष्ट्रमा आफूलाई चाहिने उपभोग्य वस्तुहरू उत्पादन गर्न पृष्ठ क्षेत्रका राष्ट्रहरू असमर्थ हुन्छन् जसले गर्दा अरू राष्ट्रहरूमाथि निर्भर रहनुपर्दछ । ती देशहरू गरीब र अविकसित हुन्छन् । यसरी समिनले विकसित राष्ट्रहरूलाई केन्द्र र अविकसित राष्ट्रहरूलाई पृष्ठ क्षेत्र भन्ने संज्ञा दिएका छन् । परिवृत्तीय देशहरू केन्द्रप्रति आश्रित तथा सधैका लागि अविकसित हुन्छन् । विश्वको परनिर्भरतासम्बन्धी सिद्धान्तमा केन्द्र र परिवृत्तको सम्बन्धलाई समिन अमिनले तलको तालिका अनुसार व्याख्या गरेका छन् ।


### चित्र २.१ : विश्वपरनिर्भरता सम्बन्धी सिद्धान्त




यस परनिर्भरतावादी दृष्टिकोणबाट हेर्दा दलित समुदाय अन्य उपल्लो जातिसँग आर्थिक परनिर्भरता भएको देखिन्छ । यस अध्ययन क्षेत्रमा ब्राह्मण जाति र पृष्ठ क्षेत्रको रूपमा दलित जातिलाई लिन सकिन्छ । यस क्षेत्रका दलित जाति वैदेशिक रोजगारको लागि ब्राह्मण जातिसँग परनिर्भर भएको देखिन्छ । कोही-कोही दलित युवा त चर्को व्याजदरले गर्दा अधिक उन्नति नभएको कुरा जीकिर गरेको देखिन्छ ।

पोखरालाई मेट्रोपोलिस र पोखरा बजारदेखि नजिक भएको अध्ययन क्षेत्र सेटलाइटमा रहेको देखिन्छ । यस अध्ययन क्षेत्र पोखराको बिचमा असमान विनिमय सम्बन्ध रहेको देखिन्छ । तरकारी र पशुजन्य उत्पादनलाई सस्तोमा बिक्री गर्ने र पोखराबाट तयारी महङ्गा उपभोग्य वस्तु किनेको देखिन्छ । यसरी त्यो व्यापार विनिमय प्रणालीमा प्रत्यक्ष शोषण परेको देखाइएको छ । समाजमा बढ्दै गएको पैसाको महत्वले सामाजिक सम्बन्धमा स्वीकृत गरेको सामाजिक तडकभडक बढेको, सामाजिकतामा आँच पुगेको जस्ता पक्ष देखाइएको छ ।

चित्रः २.१ः सैद्धान्तिक ढाँचा




## २.३ पूर्व साहित्यको समीक्षा

विभिन्न लेखक, बुद्धिजिवी र संघ संस्थाहरूले गरेका अध्ययनबाट विपन्नता नै आर्थिक पक्ष मूल कारण भएकोले दलित वर्गमा शिक्षाप्रतिको चासोमा कमी भएको हो भन्न सकिन्छ । गरिबी त्यो दशा हो, जसमा व्यक्तिको आयका कारण आफ्नो जीवन स्तर उकास्न सक्दैन । जुन उसको शारीरिक तथा मानसिक दक्षताका लागि अनिवार्य छ । आफ्नो समाजको स्तर अनुसार उ र उसका परिवारमा आश्रित सदस्यहरूलाई काम गर्नका लागि सक्षम बनाउन असमर्थ हुन्छ (अर्याल, २०११) ।

त्यसैगरी प्रसिद्ध समाजशास्त्री सेडन डेविट (१९८७), ले आफ्नो पुस्तक Nepal a state of poverty) मा नेपालको गरिबी र असमानताको मूल कारण बारे अध्ययन गरेका छन् । उक्त पुस्तक आर्थिक र सामाजिक विषयवस्तु औंल्याइएको छ । विद्यमान सामाजिक असमानता र आर्थिक विपन्नताको विश्लेष्णात्मक आधारमा उनले परम्परागत कृषिमा आधारित अर्थ संरचना र सामाजिक संरचनाको मिश्रणलाई मुख्य कारण मानेका छन् । नेपालमा गरिबी र

पछौटेपन बढ्नुमा उनको यो तर्क छ सामाजिक भेदभाव र असमानताको जड मौसमी र अन्य स्रोतको असन्तुलित वितरण र प्राचीन स्वरुपको आर्थिक अवस्था नै हो । त्यसैगरी राष्ट्रिय योजना आयेगले तयार पारेको National Dalit Strategy Report (2002) ले दलितको आर्थिक अवस्थाका बारेमा यस्तो धारणा राखेको पाइन्छ । नेपालमा सामान्यतया गरिबी जमिन माथिको अधिकारसँग जोडिएको छ । गरिबीको अर्को सूचक घरको आकार प्रकार पनि हो । अन्य स्रोतबाट प्राप्त हुने आयनिर्धनता र सम्पन्नता नाप्ने सुचक हुन् ।

यसैगरी विष्ट (१९९५), को पुस्तक Ethnicity is Problem and Proposal मा यस देशमा सम्प्रदायिकताका सत्यलाई धेरै समयसम्म कम महत्वपूर्ण वा उल्लेखनीय मानेर व्यवस्था गर्ने अवस्था छैन । केही दशक अघिसम्म पनि यदाकदा प्राज्ञिक छलफल बाहेक अन्यत्र नउठाउने यो विषय आजको दिनमा व्यापक छलफल र चासोको विषय बनेको छ । अर्को कारण विद्यमान आर्थिक शोषण र असमानता आन्तरिक द्वन्दका कारण बढेदै गएको छ । यसरी विभिन्न विद्वानद्वारा लिखित रुपमा व्यक्त विचारबाट पनि जानकारी हुन्छ कि नेपालमा आर्थिक समानता र गरिवीका कारण अन्य वर्गका तुलनामा सदियौदेखि दलित वर्गले पिछडिनु परेको छ । जसका फलस्वरुप उनीहरूको शैक्षिक उन्नतिमा पनि बाधा पुऱ्याएको पाइन्छ । हरेक अध्ययनका तहहरूमा भर्ना गर्ने क्रममा विभिन्न शैक्षिक संस्थाले चर्को भर्ना शुल्क र निःशुल्क भने पनि कुनै न कुनै बहानामा मासिक शुल्क उठाउने हुनाले दलितले उच्च शिक्षाका तहहरूमा प्रवेश हुनुबाट बञ्चित हुनुपर्ने बाध्यता भएको छ । फलस्वरुप आजसम्म आइपुग्दा पनि उल्लेख्य संख्यामा दलित छात्रछात्राहरूको शिक्षामा सहभागिता हुन नसकेको कारण गरिवी र आर्थिक अवस्था नै बढी जिम्मेवार हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

अधिकारी र घिमिरे (२०५६) गरेअनुसार एम.एन. श्रीनिवासले आफ्नोपुस्तक "Religion and Society among the Coorgsof South India" मा संस्कृतिकरणको बारेमा व्याख्या गर्दा उपल्लो जातका हिन्दु, बाहुन क्षेत्रीहरूले अवलम्वन गर्ने सामाजिक मूल्य मान्यता, व्यवहार, सामाजिक-सांस्कृतिक संस्कारहरू तल्लो जातले अवलम्वन गरेर आफ्नो जीवन शैलीमा परिवर्तन गरेका छन् । यही संस्कृतिकरणको कारण नै अछुत जातिअन्तर्गत सानो जातले मरेको जनावरको मासु खान, मादक पदार्थ सेवन गर्न छोडी ब्राह्मणहरूले अवलम्वन गर्ने

गरेको पूजाआजा र जीवनशैलीलाई स्वीकार गरी आफ्नो जीवनशैलीमा पनि परिवर्तन गरेको कुरा श्री निवासले आफ्नो पुस्तकमा उल्लेख गरेको कुरा अधिकारी र घिमिरेले उल्लेख गरेका छन् ।

Action Aid Nepal गरेको "नेपालमा विद्यमान जातीय छुवाछुत र यसको निराकरण" शीर्षक अध्ययनले जातीय आधारमा २०५ प्रकारका छुवाछुत/विभेद/भेदभाव वर्तमान अवस्थामा भईरहेको पहिचान गरेको छ । २०५ मध्ये ५४ वटा निषेध/अस्वीकारसँग सम्बन्धित भेदभाव पर्दछन् । ९ वटा जबरजस्ती अथवा विभेदित श्रमसँग सम्बन्धित भेदभाव छन् । २० वटा अत्याचार, ३ वटा सामाजिक बहिष्कार, १८ प्रवृत्तिगत वा धारणागत छुवाछुत र ८१ वटा अन्य विविध क्षेत्रमा गरिएका भेदभावसँग सम्बन्धित छन् ।

भेदभाव अन्तर्गत ५४ वटा निषेध/अस्वीकारसँग सम्बन्धित घटनामध्ये १० वटा प्रवेश/भित्र पस्नेसँग सम्बन्धित छ, १४ वटा नोकरी, ६ वटा सार्वजनिक स्थलमा पहुँच, १० वटा नाता र अन्य सम्बनधमा १४ वटा सहभागितासँग सम्बन्धित छन् । त्यसैगरी विभिन्न क्षेत्रमा गरिएको ८१ भेदभाव मध्ये १८ वटा सरकारको नीति तथा कार्यक्रममा, ७ वटा सरकारी तथा गैरसरकारी संस्थान, कार्यालयमा, १३ वटा दातृ संस्थाले सञ्चालन गरेका विकासका कार्यक्रममा, ८ वटा धार्मिक र सांस्कृतिक वातावरणमा गरिएको विभेद रहेका छन् ।

विश्वकर्मा, (२०६३) नेपालमा दलितलाई धेरैजसो घर, मन्दिर, होटल, रेष्टुरा, पसल, काम गर्ने ठाउँ, खाद्य उद्योग, डेरी फार्म, दुध सङ्कलन केन्द्रहरूमा प्रवेशमा रोक वा निषेध गरिन्छ । सबै क्षेत्रमा गैरदलितबाट दलितलाई प्रवेशमा निषेध गरिन्छ भने दलित भित्रै पनि 'उच्च' जातका दलितले तल्लो जातका दलितलाई प्रवेशमा रोक लगाउँदछन् ।

उच्च जातका मानिसले धार्मिक कार्यक्रम, मन्दिर अथवा गाउँमा सम्पन्न गर्दछन् । त्यस्ता कार्यक्रम सबै अन्य 'उच्च' जातका मानिसलाई आमन्त्रण गरिन्छ । तर दलितलाई भने त्यस्ता कार्यक्रममा समेत प्रवेश दिइँदैन । हिन्दु मन्दिरमा बाहेक गुम्बा/बौद्ध विहार, चर्च र मस्जिद प्रवेशमा रोक लगाइँदैन । Action Aid 2003 को अध्ययनमा मन्दिर प्रवेशमा रोक लगाएपछि कतिपय स्थानमा दलितले आफ्नै मन्दिर निर्माण गरेका छन् । तर दलितद्वारा निर्मित मन्दिरमा गैरदलित समुदाय पूजापाठ गर्न आउँदैनन् । उच्च जातका बाहुन पूजारीले

जन्मदेखि मृत्युसम्मको जीवनचक्रमा गरिने धार्मिक कार्यका लागि बाहुन, क्षेत्री, हिन्दु धर्म मान्ने आदिवासी/जनजातिलाई धार्मिक सेवा प्रदान गरिन्छ तर दलितलाई सो सेवा प्रदान गरिदैन ।

Action Aid ले गरेकै अध्ययनमा दलितलाई चिया पसलमा प्रवेशमा रोक लगाएको देखाएको छ । उक्त अध्ययन अनुसार यदि चिया पसल बाहुनको भएमा विशेषगरी उपाध्याय बाहुनको भएमा दलित ग्राहकलाई दुध बिनाको चिया दिइन्छ भने गैरदलितलाई दुधको चिया दिइन्छ । उनीहरूले त्यसो किन गर्दछन् भने यदि दलितलाई दुध हालेको चिया दिइयो भने गाई अथवा भैसी मर्छन वा दुध कम दिन्छन् भन्ने रुढीवादी विश्वास रहेकोले त्यीस्तो हुन सक्तछ । साथै चिया पिइसकेपछि दलितहरूले आफूले खाएको भाँडा आफैले धोइ बाहिरपट्टि राख्दछन् । यसैगरी सो अध्ययनले नै सरकारी कार्यालयमा सो लिन जाँदा पनि पहिचान नखुलेसम्म कर्मचारीले सम्मानपूर्वक हजुर भनी सम्बोधन गर्ने र केही पछि पहिचान खुलेपछि उनीहरूप्रति तल्लो व्यवहार गर्ने र ढिलो काम गरिदिने गरेको देखाएको छ ।

लाम्गादे (२०६१) सार्वजनिक स्रोतको पहुँचमा दलित भएकै कारणले भेदभाव गरिन्छ । दलित मात्र भएको बस्तीमा पानीको स्रोत प्रयोग गर्दा माथिल्लो जातिले भरिसकेपछि मात्र तल्लो दलित जातिको जातले भर्दछन् । मिश्रित बस्ती भएको ठाउँमा दलित जातिका मानिसले गैरदलितले पानी नभरुन्जेलसम्म पर्खनुपर्छ । यसैगरी बाटो हिड्दा पनि दलितले गैरदलितको व्यक्तिलाई बाटो छोडिदिनुपर्छ कि छोइएला भनेर भित्तामा च्यापिएर बस्नुपर्छ । सामुदायिक वनलाई पनि उच्च जातका समुदायले दलितले आफ्नै मात्र ठान्दछन् । सामुदायिक वनको कार्यकारी समितिमा पनि दलितको न्यून प्रतिनिधित्व रहेको छ, त्यसैले गर्दा उनीहरू स्रोतको उपभोगबाट वञ्चित छन् ।

चँदरा, (२०६१) अनुसार अन्तरजातीय विवाहले विद्यमान छुवाछुतको व्यवहारलाई निर्मूल पार्न सहयोग पुऱ्याउने सोचाइ राखिन्छ । तर नेपालका कतिपय भागमा अहिले पनि अन्तरजातिय विवाह अमान्य छन् । दलित केटा र गैर दलित केटी बीच विवाह भएमा घरपट्टिकाले स्वीकारेपनि केटी पक्षका माइतीले स्वीकार्दैनन् । समाजले विवाहको पत्तो पाएको छैन भने केटी पक्षले उक्त विवाहलाई तोड्ने प्रयास गर्दछन् । यदि यसो गर्नमा सफल भ एभने केटीलाई शुद्ध बनाउनका लागि विभिन्न धार्मिक कार्य गर्दछन् र परिवारमा

भित्र्याउँछन् । यदि केटा वा केटी दुवैले विवाहलाई निरन्तरता दिने निर्णय गरे भने पनि तिनीहरूलाई नेपालका अन्य ठाउँमा बस्न दबाब दिन्छन् । यदि गैर दलित केटाले दलित केटी बिहे गरेमा केटीलाई केटा फसाएको लाञ्छना लगाइन्छ । Action Aid Nepal ले गरेको एक अध्ययनका गैरदलित केटाले दलित केटी बिहे गर्दा नयाँ जातको जन्म भएको तथ्य बाहिर ल्याएको छ । उक्त अध्ययनका अनुसार बुधबारेका एक लिम्बु केटाले कामी केटीसँग विवाह गरे । लिम्बु समुदायले उक्त विवाहलाई स्वीकार गरेन । धेरै समुदायमध्ये लिम्बु समुदायले पनि यदि दलित केटी वा केटासँग विहे गरेमा उनीहरूको जात खसाली दलित बनाउँछन् । त्यसकारण लिम्बु जातको केटाले विश्वकर्मा केटीसँग विवाह गरेको हुनाले नयाँ जात तिरुवा विश्वकर्माको सृजना गरी परिचित गराइएको थियो । यसैगरी दलितले कतिपय ठाउँमा दुध र मासुको व्यापार गर्न सकेका छैनन् । केही दलितले कोशिस गरेपनि सफल हुन सकेको छैनन् ।

रवि, (२००१) मानिस सामाजिक प्राणी मात्र नभएर आर्थिक प्राणी पनि हो । मानिस अर्थ उपार्जनका विविध क्रियाकलापहरूमा संलग्न रहन्छ । अर्थ उपार्जनका लागि संलग्न क्रियाकलापहरू विभिन्न रूप, किसिम र असहज पनि हुन्छन् । मानिसले नयाँ हरेक क्रियाकलापहरू अर्थ उपार्जनसँग मात्र सम्बन्धित नभई यसले मानिसले व्यक्तित्व विकास सामाजिक हैसियत र जीवनस्तरलाई पनि प्रभाव पार्दछन् । पेशा जसले अर्थ उपार्जनमा सहयोग पुऱ्याउँछ । पेशाको अर्थ उपार्जन गर्नु भन्ने हुन्छ ।

पेशा सम्बन्धमा Emily A. Schultz and Robert H. Lavanda (1998) लेख्छन् जाति उनीहरूले प्रयोग गर्ने खाना र अवलम्वन गर्ने पेशाको आधारमा छुट्याइन्छ । यी विशेषताहरू अन्य जातका सदस्यहरूसँगको अन्तरक्रियाका आधारमा पत्ता लगाइन्छ । हिन्दु धर्म र संस्कार अनुसार केही खानेकुरा र केही पेशालाई शुद्ध र केहीलाई अशुद्ध गरी छुट्याइन्छ । सागपात (शाकाहारी) भोजन गर्नेहरू शुद्ध र मांसाहारी भोजन गर्नेहरू छालाको काम गर्नेहरू, मासु काट्ने, अशुद्ध जातिमा गनिन्छन् ।

हारोल्डा लेख्दछन्: समान्यतया वर्गीय असमानता आम्दानीले प्रष्ट्याउँदछ । खासगरी तल्लो तहमा काम गर्ने मानिसहरू कम आम्दानी गर्दछन्, मध्यम तहका काम गर्नेहरू मध्यम आम्दानी गर्दछन् र माथिल्लो तहका काम गर्नेहरू (मेनेजर, कम्पनी सञ्चालक) उच्च

आम्दानी गर्दछन् । यी परम्परागत मान्यताहरूका आधारमा वर्गीय आम्दानी असमान रहन्छ र आजपनि असमानता रहिरहेको छ । आज पनि तल्लो स्तरको काम गर्नेहरूलाई निम्न ज्याला दिने गरिन्छ ।

पराजुली (१९९९) आफ्नो पत्रिका “राजनीतिक विज्ञान” मा लेख्छन्: आधुनिक पेशा/व्यवसायहरूले पुराना पेशा/व्यवसायहरूलाई स्थानान्तरण गरिहेका छन् । वर्तमान पेशा/व्यवसायहरू आधुनिक मान्यतामा आधारित रही अवलम्वन गर्ने र पुरानो परमपरागत मान्यतालाई छोड्दै जाने अवस्था छ । कृषि जन्य पेशा/व्यवसायमा कम आम्दानी हुने र तल्लो तहको हैसियत रहने भएको हुँदा बढी आम्दानी हुने र उच्च हैसियतमा रहने व्यापार र अन्य पेशाहरू अवलम्वन गर्ने गरिएको पाइन्छ । खासगरी पेशा परिवर्तन निम्न कारणहरूबाट गर्ने गरिएको पाइन्छ ।

१. कम आम्दानी

२. निम्न हैसियत

३. फोहोरी र गाह्रो काम

४. परिवारमा असन्तुष्टिपन


शर्मा (२००१) आफ्नो विचार यसरी राख्दछन्: दक्षिण एसियाली देशहरूमा जातिमा आधारित विभेदहरू हटाउन फितलो कानुनी कार्यान्वयन रहेको पाइन्छ । सरकारको राजनीतिक इच्छाशक्ति पनि एक प्रकारको रूपमा रहेको छ । नेपालमा दलितहरूलाई विभेद गर्ने विभिन्न क्रियाकलापहरू दिनप्रतिदिन बढ्दै गइरहेको पाइन्छ । दक्षिण एसियाका अन्य मुलुकहरू बङ्गलादेश, पाकिस्तान, भारत, श्रीलङ्का आदिमा पनि जातिय आधारमा विभेद हुने गरेको पाइन्छ । जापान, सेनेगल, नाइजेरिया अनि युरोपमा पनि वंश र पेशाको आधारमा विभेद गरेको पाइन्छ । यी समुदायहरू वर्तमानमा पनि विभेदयुक्त रहनु र विधि कार्यान्वयन नहुन UN Body ले ५० वर्ष अघि गरेको निर्णयहरूको सफल कार्यान्वयन नहुनु नै हो । यस्ता विभेदहरूलाई विश्वव्यापी मानव अधिकार घोषणापत्र, अन्तर्राष्ट्रिय समुदाय र संयुक्त राष्ट्रसङ्घले मानवता विरुद्ध महान् अपराध घोषणा गरी कार्यान्वयन गर्न आवश्यक छ ।

## २.४ सैद्धान्तिक खाका

प्रत्येक समाजले त्यस समाजमा रहेका सद्स्यहरूलाई वर्गीकरण गर्ने विभिन्न स्थान वा पद संयन्त्रको निर्माण पाटी आफ्नो विशिष्ट सामाजिक संरचनाको स्वरुप तयार गर्दछ । कुनै पनि समाजमा पूर्वनिर्धारित नियम अनुसार प्राप्त हुने पद र अधिकार पनि हुन्छ । त्यसै गरी कुनै समाजमा जन्मिदै खास व्यवसाय मात्र गर्न पाउने वा नपाउने जस्ता नियमले बाधिएर मानिस जन्मन्छन् तर निश्चित अवधि पछि तिनमा परिवर्तन आउँछ ।

नेपालमा आर्य मुलका सनातिना हिन्दुहरूले पछिल्लो वैदिक कालमा विकास गरेको वर्ण व्यवस्थाबाट प्रभावित  सामाजिक संरचना कायम छ । नेपाली समाजको हजारौ वर्ष पुरानो बनोट हो । नेपाली समाज वर्णयुक्त अर्थात ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र जातिमा विभाजित छ ।

झट्ट हेर्दा जात (Caste) र वर्ग (Class) मा त्यति फरक जस्तो देखिदैन तर यी दुई शब्द मा फरक छ । जात भनेको वंशाणुगत (hereditary) हुन्छ । यसलाई स्पष्ट गर्दै Anderson र Park, ले भनेका छन् "जात यस्तो सामाजिक समूह हो व्यक्तिको स्थिति (Position) वैशाणुगत हुन्छ र ती जन्म र वंशले निर्धारण गर्दछ ।" जातहरू वर्ण पद्धतिअनुसार निम्नलिखित रुपमा बाँडिन्छन् ।




ब्राह्मण
क्षेत्रीय
वैश्य
शुद्र

सामाजिक वर्ग त्यस्तो व्यक्तिहरूको समूह हो जसमा एउटै स्तरका सदस्यहरूको लगभग समानखालको सामाजिक स्थिति (Social Structure) हुन्छ । समाजमा सबैको सामाजिक स्थिति समान खालको हुदैन । ब्राह्मणहरूको आदिकालदेखि नै उमेर, लिङ्ग, शिक्षा, धर्म, पेशा, आय, वृद्धिको असमानताले गर्दा समाजमा विभिन्न अलग स्तरका मानिस रहेका छन

जसलाइ वर्ग (Class) भनिन्छ । जस्तै धनी, गरिब, अशिक्षित, शिक्षित, महिला, पुरुष वर्ग आदि ।

Maclver को भनाई अनुसार पूर्वीय सभ्यतामा वर्ग (Class) को मूख्य निर्धारक तत्व जन्म ( Birth) हो भन्ने पश्चिमी सभ्यतामा धन (Wealth) । यस आधारमा पूर्वीय समाजको जन्म कठोर (rigid) तत्पको रुपमा रहेको हुन्छ भने पश्चिमी समाजको धन कम कठोर देखिन्छ किनकी जन्म परिवर्तन गर्न सकिदैन र धन योजना व्यवस्थित रुपले गरेमा तलको माथि हुन सक्छ भने माथिको तह हुन  सक्छ । अर्थात वगए परिवर्तन हुन्छ । यस आधारमा पूर्वीय सभ्यतामा वर्ण भनेको नै जात (Caste) हो भन्न सकिन्छ ।

जातीय पद्धति (Caste System) ले ईश्वरीय धारण राख्दछ भने वर्ग पद्धति (Class System) ले कुनै पनि कुरालाई निरपेक्ष (Secular) रुपले हेर्छन अर्थात् खुकुलो गरी तलमाथि गर्न सकिने आधारमा हेरिन्छ । Caste System मा Vertical Mobility बन्द (Closed) हुन्छ भने वर्ग (Class) मा यो खुला (Open) हुन्छ जात सामान्य तः Endogamous हुन्छ तर वर्ग सधै Exogamous हुन्छ । जस्तैः धनीले गरिब सँग विवाह गर्न सक्छ । तर ब्राह्मणले ब्राह्मण बाहिर विवाह गर्न सक्दैन । वर्गमा वर्गयि चेतना (Consciousness) बढी हुन्छ भने जातमा त्यस्तो कमी नै पाइन्छ ।

अङ्ग्रजी शब्द Caste को नेपाली रुपान्तर नै जात हो Caste भन्ने शब्द पोर्चुगल भाषाको Casta बाट विकसित भएको हो । पोर्चुगल भाषामा Casta भन्नाले जन्माउनु (to reproduce) वंशाणुगच गुणको जाति भन्ने अर्थ बुझिन्छ । वास्तवमा Caste भन्ने शब्दको प्रयोग त्यसबेला मात्र भएको थियो, जति बेला यूरोपमा व्यापारी, महाजनहरू विकासोन्मुख र पिछडिएको समुदाय खोज्दै जाँदा भारतमा पुगे अनि गोरा अग्ला कदका भारतीयहरूले धोती लगाएर हिड्ने, समाजमा वर्ण पद्धति भइ उच्च जात, तल्लो जातिको विभेद पाए, तिनलाई उनीहरूले Casta  नाम दिएर पछि Caste  को विकास भयो र आखिर संस्कारमा जात वा वर्ण भन्न थालियो ।

Caste System अनुसार हिन्दु समाजको निर्धारण गर्नु चार वर्णको उल्लेख गर्ने गरेको पाइन्छ । जसअनुसार ब्राह्मण (लेखपढ मात्र गर्ने), क्षेत्री (युद्ध वा शासन गर्ने), वैश्य (व्यापार गर्ने), र शुद्र (सेवा गर्ने), गरी कामको बाँडफाँड समेत गरिएको हुन्छ । यी मध्ये समाजमा ब्राह्माण, क्षेत्रीको स्थान उच्च रहेको हुन्छ । भने शुद्रलाई छुत् र अछुत् गरी पानी चल्ने र नचल्ने गरेर बाँडेको पाइन्छ ।

यसरी धर्ममा आबद्ध भई जात व्यवस्थाको पहिचान र विभाजन समेत भएको छ । यसै अनुसार सामाजिक वर्गहरूलाई विभिन्न समूह र उपसमूहमा विभाजित गरिएको छ । जसमा ब्राह्मण, क्षेत्री, वैश्य र शुद्ध गरी क्रमशः चार जातको कार्य र पेशा निर्धारण गरिएको छ । नेपाली समाजमा विद्यमान जातपद्धति (Caste System) मा निम्न लिखित विशेषताहरू पाइन्छ ।

(क) जातमा पूर्वजन्म (Per-Birth) र परजन्म (Re-birth) को धारणा हुन्छ ।

(ख) जातपद्धति (Varna System) अनुसार ब्राह्मण, क्षेत्री, वेश्य शुद्ध गरी ठाडेहरूमा विभाजन (Vartical System) रहेको छ ।

(ग) Caste System वंशको आधारमा चल्ने भएकोले यो वंशाणुगत हुन्छ ।

(घ) समाजमा काम विभाजन (Divisio of Labour) वंशले निर्धारण गनेए भएकोले पेशाको छनोट कम सम्भावना हुन्छ ।

(ङ) जातमा पुरुषको स्थान महिलाको भन्दा उच्च हुन्छ ।

(च) जातमा समान स्तरको सँग विवाह (isogamy) हुन्छ ।

(छ) जातमा तल्लो उपल्लो जात हुने भएकोले सबैभन्दा जातमा खानपान (Fooding) र सामाजिक सम्पर्क (Social Intercourse) मा नियन्त्रण गरिएको हुन्छ ( अधिकारी र घिमिरे, २०५६) ।

**सैद्धान्तिक ढाँचा**

सैद्धान्तिक ढाँचा

↓

जात पद्धति

(Caste System)

१. समाजको खण्डात्मक विभाजन

↓

२. बन्द व्यवस्था

↓

३. विवाह र व्यवसायमा प्रतिबन्ध

↓

४.शुद्ध र अशद्ध व्यवस्था

↓

५. सामाजिक र धार्मिक अधिकार तथा असक्षमताहरू

↓

६. खाना र सामाजिक सहबास मा प्रतिबन्ध

↓

७. लम्वीय श्रेणीबद्ध व्यवस्था

↓

८. जात कठोर, अन्तरनिर्भर, सहबसोबास सहयोगी व्यवस्था हो ।


(अधिकारी र घिमिरे, २०५६)

## २.५ अवधारणात्मक खाका

परम्परागत रुपमा दलित जाति (दमाई-कपडा सिलाउने, बाजा बजाउने, कामी-सुनचाँदी बनाउने फलामको काम गर्ने सार्कीको पुर्ख्यौली पेशा छालाको काम गर्नु र हलिया प्रथाबाट जीवन गुजारा गर्नु थियो । आधुनिकीकरण, शिक्षा, चेतनाको कारण उनीहरूमा उक्त

पुर्ख्यौली पेशाप्रति रुचि नरहेको अध्ययनले देखाउँछ । खास सरकारी नीति आरक्षण गरी सहरीकरण, चेतनाको विकास तथा वैदेशिक रोजगारीको कारण अहिलेको पुस्ता आधुनिकतातर्फ लम्कि रहेको प्रारम्भिक सर्वेक्षणले देखाउँछ । पेशागत परिवर्तन र आर्थिक, सामाजिक सम्बन्धमा समेत परिवर्तन आएको पाइन्छ । दलित जातिहरूमा पेशागत परिवर्तनको कारण उनीहरूको वर्तमान अवस्था विगतको भन्दा सबल र सक्षम देखिन्छ ।

**चित्र २.२: अवधारणात्मक खाका**




दलित जातिको सामाजिक तथा आर्थिक अवस्थामा आएको परिवर्तनको प्रभावको अनुसन्धान गर्न यस गाउँका दलित जातिलाई नै छानिनुका कारणहरूमा यस क्षेत्रमा बसोबास गर्न दलित जातिहरूका बारेमा कुनै अध्ययन अनुसन्धान नभएको, शोधकर्तालाई यस जातका मानिसहरूका बारेमा अध्ययन गर्ने तीव्र इच्छा भएकाले यो अनुसन्धान प्रस्ताव छनोट गरिएको हो । विभिन्न विद्वान एवम् अनुसन्धानकर्ताहरूले विभिन्न समयमा विभिन्न जातजातिको बारेमा अध्ययन अनुसन्धान गरे तापनि दलित जातका मानिसहरूका बारेमा खासै अध्ययन नभएको देखिन्छ ।

# अध्याय तीन
# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको कास्की जिल्ला सराङ्कोट क्षेत्र पोखरा महानगरपालिका वडा नं. १८ मा अवस्थित छ । यहाँका स्थानीय दलित जातिहरूलाई उत्तरदाताको रुपमा छनौत गरिएको छ । यिनीहरूको आीर्थक, सामाजिक र शैक्षिक अवस्था अन्य जातिको भन्दा विपन्न अवस्थामा रहेको देखिन्छ । अध्ययन गर्ने क्रममा यी जातिको यथार्थता पत्ता लगाउने र पेशामा आएको परिवर्तन सम्बन्धमा अध्ययनलाई केन्द्रित गरिएको थियो ।

नेपाल राज्यको अधिकांश क्षेत्रका दलित समुदाय छुट्टिएर रहेको अवस्था छ । तसर्थ दलित जातिको अध्ययन गर्दा एउटा शोध पत्रमा समग्र दलितको बारेमा अध्ययन हुनकठिन पर्न जान्छ । हाल राज्यको पुर्नसंरचनाको बहस चलेको तथा आयोग समेत बनिसकेकाले दलितहरूका बेल बखतका आन्दोलनहरूलाई राज्य पक्षले सम्बोधन गर्दै तिनीहरूलाई राज्यको मूल धारमा ल्याउन प्रयत्न भैरहेको अवस्था छ । पोखरा महानगरपालिका वडा नं. १८ मा रहेका दलित समुदायको सामाजिक/आर्थिक अवस्थालाई समाजशास्त्रीय विश्लेषण गर्न सकिए भोलिका दिनहरूमा उनीहरूको विकासको लागि टेवा पुग्ने देखिन्छ । शैक्षिक दृष्टीले पनि अन्य जातिभन्दा कमी, ५ वर्ष पहिले रअहिले उनीहरूमा भएका परिवर्तनहरू बारे अध्ययन गरी जानकारी प्राप्त गर्न दलितबारे अहिलेसम्म यस क्षेत्रमा अध्ययन नहुनु, यहाँ बसोबास गर्ने जातीमध्ये सर्वाधिक संख्या सामाजिक,आर्थिक रूपमा पहाडी रहेको र यस क्षेत्रसँग शोधकर्ता विशेष परिचित हुनुले पाइयो क्षेत्र छनौट गरिएको छ ।

## ३.२ अनुसन्धानको ढाँचा

यस अध्ययनमा अन्वेषणात्मक र वर्णनात्मक ढाँचा अपनाइएको छ । वर्णनात्मक अनुसन्धान ढाँचाबाट सामाजिक-साँस्कृतिक अवस्थाको विश्लेषण गरिनेछ । यो ढाँचा अध्ययनका लागि

गुणात्मक र संख्यात्मक तथ्याङ्क प्राप्त गर्न उपयोगी हुनेछ । अनुसन्धानको लागि तथ्याङ्क सङ्कलन, घरधुरी सर्वेक्षण, अन्तरवार्ता र अवलोकन जस्ता विधिहरु अपनाइएको थियो ।

## ३.३ तथ्याङ्कको स्रोत तथा प्रकृति

अध्ययनका क्रममा गुणात्मक तथा परिमाणत्मक तथ्याङ्कको प्रयोग गरिएको छ । यस्ता गुणात्मक एवम् संख्यात्मक तथ्याङ्क भरपर्दो र स्पष्ट भए मात्र अध्ययनले सार्थकता पाउने हुँदा त्यस्ता तथ्याङ्क मुख्य गरि प्राथमिक स्रोत र द्वितीय स्रोतबाट प्राप्त गरिएको थियो ।

### (क) प्राथमिक स्रोत

अध्ययनको लागि आवश्यक पर्ने तथ्याङ्क प्राप्त गर्नको लागि अति महत्वपूर्ण र भरपर्दो स्रोतको रुपमा प्राथमिक स्तरका स्रोतलाई लिइन्छ । शोधकर्ता प्रत्यक्ष रुपमा अध्ययन स्थलमा संलग्न भई लिइने तथ्याङ्क प्राथमिक स्रोतमा पर्छ । यस अन्तर्गत अन्तरवार्ता, अवलोकन, विधि घरधुरी सर्वेक्षण आदि गरिएका थिए ।

### (ख) द्वितीय स्रोत

तथ्याङ्क सङ्कलन गर्ने अर्को महत्वपूर्ण स्रोतको रुपमा द्वितीय स्रोत लाई लिइन्छ । विभिन्न संघ-संस्थाको रेकर्ड लेख आदिलाई आधार बनाएर द्वितीय स्तर तथ्याङ्क सङ्कलन गरिन्छ ।यस  अध्यायमा पनि द्धितियस्तरका तथ्याङक पनि समेटिएको छ ।

## ३.४ नमूना छनौट विधि

पोखरा महानगरपालिका वडा नं. १८ मा अवस्थित सराङ्कोट क्षेत्र अन्तर्गत विविध भौगोलिक अवस्था, राजनैतिक, साँस्कृतिक एवम् रमणीय पर्यटकीय संगम स्थल हो । यहाँ विभिन्न जातजातिको मिश्रीत वस्ती रहेको छ । पोखरा महानगरपालिका १८ मा बसोबास गर्ने कूल २२० घरधुरी रहेकोमा अध्ययन क्षेत्रमा वसोवास गर्ने १५० दलित जातिको घरधुरी मध्येबाट ४० प्रतिशत वर्गीकृत आधारमा ६० दलित घरधुरीलाई छनौट गरिएको छ । प्रत्येक घरधुरीबाट १ जना प्रतिनिधिलाई घरमुली मानेर तथ्याङ्क सङ्कलन गरिएको थियो ।

## ३.५ तथ्याङ्क सङ्कलन विधिहरू

### ३.५.१ अन्तरवार्ता

प्राथमिक तथ्याङ्क सङ्कलनका लागि मुख्य औजारको रुपमा अन्तरवार्ता विधि अपनाइएको थियो । अध्ययनको उद्देश्य अनुरुप खुल्ला प्रश्नहरूको संरचित र असंरचित सूची बनाइ प्रयोग गरिएको थियो । उत्तरदातासँग सोधिने प्रश्नहरू गुणात्मक तथा संख्यात्मक दुवै खाले तथ्याङ्क तथा सुचना प्राप्त गर्न सकिने किसिमका थिए ।

### ३.५.२ अवलोकन विधि

प्राथमिक तथ्याङ्कको अर्को मुख्य विधि अवलोक विधि हो, जसका माध्यमबाट दलित वस्तीको प्रत्यक्ष अवलोकन गरी त्यहाँ मौजुद रहेका भौतिक, शैक्षिक, आर्थिक पक्ष र दलितको सहभागिता जस्ता पक्षलाई अवलोकन गरिएको थियो । अध्ययन क्षेत्रका परिवारको घरायसी अवस्थाको प्रत्यक्ष अवलोकन र विवरण सङ्कलन गरी सामाजिक र आर्थिक अवस्थाले पारेको प्रभाव पत्ता लगाउन यस विधिले महत्वपूर्ण भूमिका खेलेको थियो ।

### ३.५.३ लक्षित समुह छलफल

अध्ययन क्षेत्रका दलित परिवारका पुरुष/महिला ६० जना उत्तरदातासँग प्रत्यक्ष अन्तरवार्ता, प्रश्नावली र अवलोकन पद्धतिद्वारा तथ्याङ् सङ्कलन गरियो । उत्तरदाताहरूमध्ये २० जनाको लक्षीत समूह सँग अन्य समसामायिक विषयमा जानकारी लिने काम भयो ।

## ३.६ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण

अनुसन्धानबाट प्राप्त तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण तथा प्रस्तुतीकरण अध्ययनको मूल आधार हो । तसर्थ अध्ययन क्षेत्रका दलित समुदायहरूको आर्थिक, सामाजिक र शैक्षिक वस्तुस्थिति जान्नको लागि प्रयोग गरिएका अनुसन्धानात्मक विधिहरूबाट प्राप्त कोरा तथ्यहरूको बैज्ञानिक र व्यवस्थित परिक्षणको लागी यस पि.यस.यस. विश्लेषण विधि अपनाइएको थियो । तथ्यहरूको प्रकृति हेरी गुणात्मक एवं संख्यात्मक तथ्यलाई आवश्यकता अनुसार तालिकीकरण तथा वृत्तचित्रद्वारा व्याख्या विश्लेषण गरिएको थियो ।

# अध्याय चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ अध्ययन क्षेत्रको सामाजिक परिचय


गण्डकी प्रदेश अन्तरगत पर्ने कास्की जिल्ला एक पहाडी जिल्ला हो र यस जिल्ला अन्तरगत महानगरपालिका, ४ गा.पा. रहेका छन् । यो वडा भर्खरै मात्र वडा नं. १८ सराङकोटबाट (२०७५।०५।१५) नेपाल सरकारको मन्त्रीपरिषदबाट निर्णय भई पोखरा महानगरपालिका वडा नं. १८ मा समेटिएको छ । यस वडाको उत्तरी सिमाना लामाचौर र हेम्जा, पूर्वमा वडा नं. १ पश्चिमतर्फ कास्कीकोट र दक्षिणमा वडा नं. २३, चापाकोट (पुम्दीभुम्दी) पर्दछन् । कास्की जिल्लाको ३ नं. निर्वाचन क्षेत्र अन्तर्गत पर्दछ । सुन्दर पर्यटकीय नगरी पोखराको पश्चिममा पर्ने यो वडालाई फेवातालको आधार स्तम्भको रूपमा लिइन्छ । यो वडाले १६.२५ वर्गकिलोमिटर क्षेत्रफल ओगटेको छ । वडा सदरमुकामदेखि नजिक रहेकोले यातायातको दृष्टिले सुगम वडाकै रूपमा मान्न सकिन्छ (वडा कार्यालय, १८) ।

**भौगोलिक स्थिति चित्रण**

देशान्तर ८३.९१ - ८४.९८ डिग्री पूर्व

अक्षांश २८.२१ - २८.२६ डिग्री उत्तर

**अध्ययन क्षेत्रको नक्सा**




## ४.१.१ ऐतिहासिक रूपरेखा

यस वडाको ऐतिहासिक रूपरेखा र नामाङ्कन सम्बन्धमा कुनै आधिकारीक एवम् भरपर्दो अभिलेख प्राप्त भएको छैन तापनि हालसम्म प्राप्त विभिन्न अभिलेख र जानकार

व्यक्तिहरूको कथनको आधारमा यस वडाको नाम सराङ्कोट नामाकरण सम्बन्धमा रहेका विभिन्न भनाइहरू निम्न रहेको पाइन्छ ।

तत्कालिन ग्यारजाती र पदेली पञ्चायतलाई मिलाएर २०३३ सालमा सराङ्कोट गाउँ पञ्चायत गठन भएको हो । सराङ भन्नाले स्थानीय मगर भाषामा भाला लिएर अविर घसेर खेलिने एक प्रकारको खेल भएको र कोत भन्नाले हतियार राख्ने ठाउँ भएकोले यसलाई सराङकोत भनिएको र पछि अपभ्रंश भई सराङकोट रहन गएको हो ।

योगी नरहरीनाथका अनुसार "यस क्षेत्रमा श्रृङीऋषिको आश्रम रहेको र श्रृङ्गी ऋषिकै आश्रम भएका कारण यस ठाउँको नाम श्रृङीकोट भनिएको हो र पछि श्रृङीकोट नै सराङकोट हुन पुगेको हो" भन्ने भनाइ छ ।

### ४.१.२ हावापानी

यस वडाको उत्तरतर्फ विशाल अन्नपूर्ण हिमश्रृङ्खला भएकोले यस वडाको हावापानी चिसो र ठण्डा छ । यहाँको तापक्रम गर्मी मौसममा अधिकतम ३३ डिग्री र जाडो मौसममा न्यूनतम ६ डिग्री सेन्टिग्रेड रहने गरेको छ । त्यसैगरी यस वडामा ९० प्रतिशत वर्षा गृष्म ऋतुमा पर्दछ भने बाँकी १० प्रतिशत हिउँदमा पर्ने अनुमान छ ।

### ४.१.३ प्राकृतिक स्रोत साधन

सानातिना खोला, खोल्सीहरू भएपनि उपयोगमा आउने खालका ठूला खोला तथा नदीहरू यस क्षेत्रमा छैनन् । मुख्यतः सामुदायिक वनहरू यहाँका प्रमुख सम्पदाहरू हुन् ।

### ४.१.४ भू–उपयोगको स्थिति

१. वनजङ्गलले ढाकेको क्षेत्रः ८१२.३३ हेक्टर

२. चरन क्षेत्रः २५.४२ हेक्टर

३. खेतीयोग्य जमिन

क) धनहर खेत

अब्बल - ५ हेक्टर

दोयम - ४२४ हेक्टर

सिम - १३८५ हेक्टर

चाहार - ५८०८ हेक्टर

ख) पाखोबारी

अब्बल - ४७ हेक्टर

दोयम - ७९६ हेक्टर

सिम - ३९५७ हेक्टर

चाहार - १४०१ हेक्टर

४. गोचरण: २६.४२ हेक्टर

### ४.१.५ अध्ययन क्षेत्रका दलितहरूको परिचय

भौगोलिक रूपले यो वडा कास्की जिल्लाको सदरमुकाम पोखरा अन्तगतकै एउटा वडा भएतापनि भर्खरै (करिब १ वर्ष) गा.वि.स.बाट पोखराको एक वडाको रूपमा गभिएको हुँदा शहरी रमझमबाट सिमाना जोडिएदेखि करीब १० कि.मि.को दुरीसम्म रहेको छ । यहाँका मानिसहरूको मुख्य पेशा आरन, कृषि, ज्यालामजदुरी र अधिकांश वैदेशिक रोजगारमा लागेका छन् । यस अध्ययनको मुख्य उद्देश्य विगत ५ वर्ष र अहिलेमा आएको सामाजिक, आर्थिक, शैक्षिक तथा सशक्तिकरणको अवस्थाको बारेमा नै बढी अध्ययन गरिएको छ ।

२२० घरधुरी रहेका यस वडाका दलितहरू विभिन्न जातिका छन् । विशेषगरी कामी, सार्की र दमाइहरू यहाँका मुख्य जातिहरू छन् । दमाइहरूको मुख्य पेशा सिलाउने, बाजा बजाउने र फुर्सदको समयमा खेतीपाती, ज्यालामजदुरीमा जाने गर्दछन् भने कामीहरू आरनको काम गर्ने, ज्यालामजदुरीमा जाने र अलिकति खेतीपाती गर्ने गर्दछन् । त्यसैगरी सार्कीहरूको पुर्ख्यौली पेशा हलो जोत्ने, छालाका सामान बनाउने र मजदुरी थियो भने हाल आएर सार्की जातिको पेशामा परिवर्तन आएको छ । उनीहरू कसैले पनि छालाका सामानहरू बनाउने काम भेटिएन र आधुनिकीकरणसँगै युवाहरू ठेकेदार, मिस्त्री, सिकर्मी, डकर्मी र वैदेशिक रोजगारमा संलग्न भई केहि आयआर्जन गर्ने गर्दछन् । तर पनि उनीहरूले उच्च तहमा पढाउने १, २ जना मात्र देखा पर्दछन् वाँकीमा अरू चेतनाको स्तर कम भएको पाइन्छ ।

विशेषगरी आफ्नो पुर्ख्यौली सम्पत्ति कम भएको पनि कम उत्पादनशील डाडा पखेरा भएकाले उनीहरूको आएको धेरै हिस्सा खानपान र लत्ताकपडा तथा शिक्षा र उपचारमा नै खर्च भएको देखिन्छ । यहाँका दलितहरू प्राय सबै हिन्दु धर्म मान्दछन् । ब्राह्मण, क्षेत्रीले जस्तै चाडपर्व मनाउने गर्दछन् ।

यसैगरी यहाँ रहेको अर्को दलित जाति कामी हो जसलाई विश्वकर्मा, सुनार, रामदान, सेन्चुरी भनेर चिनिन्छ । उनीहरूको मुख्य पेशा आरन थाप्ने, सुनचाँदीको गहना बनाउने हो तापनि ठूलो समुदायमा पनि जम्मा ८/१० घरमा मात्रै यो पेशा अगालेको पाइएको छ । अन्यहरू निर्वाहमुखी खेती, ज्याला मजदुरी र वैदेशिक रोजगारबाट जीवन निर्वाह गरेको पाइन्छ । यिनीहरू पनि हिन्दु धर्म नै मान्ने गर्दछन् । आधुनिक वि.क.हरू वनमा गई कोइला निकाल्ने र भाडावर्तन बनाउने काममा संलग्न छैनन् । स्थानीय रुपमा आरन चलाउनेहरूले बजारबाट कोइला किनेर लाने गरेको पाइएको छ ।

### ४.१.६ अध्ययन क्षेत्रका संघसंस्थाको विवरण

अध्ययन क्षेत्रमा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरू पनि कार्यरत छन् । जस अन्तरगत गुणस्तरीय जीवन नेपाल (बालबालिका तथा गरिव जनतामा काम गर्ने), सराङकोट परिवर्तनशिल समाज (सरसफाई सम्बन्धी काम गर्ने), बालकल्याण (बालबालिकाका अधिकार बारे काम गर्ने), सिद्धार्थ क्लव (महिला, दलित सशक्तिकरण, स्वास्थ्य शिक्षा, सरसफाई बारे काम गर्ने), नेपाल हाउस (त्यति सक्रिय नदेखिएको), हिमाली बाल संरक्षण मञ्च (अनाथ बालबालिकालाई संरक्षण गरी गास, बास, कपास, शिक्षा, स्वास्थ्य जस्ता विषयमा काम गर्ने) जस्ता कार्यहरू गर्दै आएको पाइन्छ । यसैगरी महिला, साना किसान सहकारी संस्था, भावना कृषि सहकारी संस्थाहरूले मासिक बचत जम्मा गर्ने, सस्तो व्याजदरमा कृषि, शिक्षा, व्यापार, व्यवसाय जस्ता क्षेत्रमा लगानी गरी जीवनस्तर माथि उठाउन पहल गरेको देखिन्छ । अर्को तर्फ यस अध्ययन क्षेत्रमा सरकारी तवरबाट काम गर्ने वडा कार्यालय, स्वास्थ्यचौकी, प्रहरीचौकीले पनि सरकारले निर्देशित गरे बमोजिम सहयोग गरेको पाइन्छ ।

### ४.१.७ वडाको जनसंख्या विवरण


जम्मा जनसंख्या ८७०१ रहेकोमा ४३४० महिला (४९.८८%) र ४३६१ पुरुष (५०.१२%) रहेका छन् । यहाँ १६९९ घरसंख्या र प्रति घर ५.२ जना मानिस बस्ने गरेका छन् । यसैगरी जातिगत आधारमा हेर्दा तपशील वमोजिम भेटिएका छन् ।

**तालिका ४.१ जातिगत विवरण**

| जात/जाति | जनसंख्या |
|---|---|
| क्षेत्री: | २९२२ जना |
| ब्राह्मण: | २७५९ जना |
| दमै: | ४३९ जना |
| सार्की: | ३९८ जना |
| कामी: | २८७ जना |
| अन्य: | १६३८ जना |
| **जम्मा** | **८७०१ जना** |

*स्रोत: गा.वि.स.पार्श्वचित्र सराङ्कोट, २०६८ ।*

**चित्र ४.१ जातिगत विवरण**



अध्याय पाँच

# दलित जातिको सामाजिक तथा आर्थिक अवस्था

## ५.१ दलित जातिको सामाजिक अवस्था

### ५.१.१ सामाजिक जनजीवन

२०६८ सालको जनगणना अनुसार यस वडाको जनसंख्या ८७०१ रहेको छ जसमध्ये ४३४० महिला र ४३६१ पुरुष रहेका छन् । जसभित्र मैले अध्ययन गरेको पोखरा १८ सराङ्कोटमा दलितहरूको संख्या ११२४ रहेको छ । यस वडामा दलित परिभाषित भएका जातिमध्ये दमाइ, कामी, सार्की, जलारी (पोडे) सुनारहरूको बसोबास रहेको छ। यिनीहरूको संख्यालाई हेर्दा कूल जनसंख्याको १२.९ प्रतिशत रहेको छ। यी घरमध्ये २० घर कामी, २० घर दमाई र २० घर सार्की गरी कूल ६० घरधुरीलाई लिइएको छ। यस वडामा विशेषगरी सराङ्कोट, हरेडाडा, सुनार पोखरी जस्ता ठाउँमा दलितहरूको अत्याधिक जनसंख्या रहेको छ भने अन्य ठाउँमा फाट्टफुट्ट रहेका छन् । सोही कारणले गर्दा यस क्षेत्रलाई अध्ययनको केन्द्र बनाइएको छ ।

**तालिका ५.१ : उत्तरदातको उमेरगत विवरण**

| उमेर समूह | महिला | प्रतिशत | पुरुष | प्रतिशत |
|---|---|---|---|---|
| २० वर्षभन्दा कम | ४ | ७ | २ | ३ |
| २०-४० वर्ष | १७ | २८ | १२ | २० |
| ४०-६० वर्ष | १५ | २५ | ८ | १३ |
| ६० वर्ष भन्दा माथि | २ | ३ | ० | ० |
| **जम्मा** | **३८** | **६३** | **२२** | **३६** |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

तालिका ५.१ अनुसार यस वडामा सबैभन्दा धेरै जनसंख्या २०-४० वर्ष उमेर समूहको पाइयो । यहाँ कूल दलित घरधुरी संख्या २२० रहेकोमा ५६ घर कामी, ७६ घर दमै र ६८ घर सार्की रहेका छन् भने वाँकी २० घर पोडे लगायत अन्यका रहेका छन् । यी मध्ये अध्ययन क्षेत्रमा रहेका १५० घरधुरी नमुना छनोट विधिद्वारा हुन आउने ४०% अर्थात् ६० जना घरधुरीका घरमुलीलाई उत्तरदाताको रुपमा लिइएको छ । उक्त उत्तरदाताहरूमध्ये विवाहित ५५ र अविवाहित ५ जना रहेका थिए ।

## ५.१.२ घरको वनावट र ढाँचा

पोखरा महानगरपालिका वडा नं.१८ भित्र दलित जाति र अन्य जातिको घरको वनौट करीब उस्तै छ । साना टिनको छाना, एक ठाउँमा भएपनि मिलाएर बनेका अधिकांशको घरमा सिमेन्ट, वालुवाले प्लास्टर गरिएका, सबैको घरमा ट्वाइलेट भएका र घर अगाडि पछाडि थोरै भएपनि तरकारी लगाउन ठाउँ भएको पाइयो । तर कतिपय ठाउँमा घरसँगै भैसी, बाखा बाध्ने, पिढीमा कुखुराको खोर भेटियो । करेसाबारी भएर पनि तरकारी खेती भने नगन्य मात्रामा मात्रै देख्न पाइयो । पानीको साह्रै नै समस्या भएका कारण यस्तो भएको भन्ने धेरैको जवाफ पनि भेटियो । तर अध्ययन क्षेत्रमा वर्षाको पानी सङ्कलन गर्न ठूला-ठूला २ वटा पोखरी खनी हिउँदमा भैसि बाखालाई खुवाउन तथा अन्य कार्य गर्न विदेशी संस्थाबाट सहयोग गरिएको पाइयो ।

**तालिका ५.२: दलित जातिको घरको अवस्था ५ वर्ष पहिले र हालको अवस्था**

| घरको प्रकार | घर संख्या | | प्रतिशत |
|---|---|---|---|
| | पहिले | अहिले | |
| ढुङ्गामाटो | द्धण | द्ढ | द्धड |
| सिमेन्टेड | ज्ञद्द | ज्ञढ | घद्द |
| आर.सि.सि. | ड | ज्ञद्द | द्दण |
| **जम्मा** | **टण** | **टण** | **ज्ञण ण** |


*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

यस तालिका अनुसार दलितहरूको घरको अवस्था अवलोकन गर्दा धेरैजसो घरमा सिमेन्टेट वालुवाले प्लास्टर गरिएको भेटियो भने ढुङ्गा माटोले बनेका घरहरू ४८ प्रतिशत पाइयो । त्यसैगरी RCC गरी बनाइएका घरहरूको प्रतिशत २० पाइयो जसलाई विश्लेषण गर्दा आम्दानीको राम्रो स्रोत वैदेशिक रोजगारबाट कमाई गरी ल्याएको रकमले घर राम्रो बनाउन खोजेको पाइयो । पहिलेको तुलनामा अहिले ढुङ्गा माटोका घरहरू घट्दै गई सिमेन्टेट र आर.सि.सि.घरहरू विस्तारै बढ्दै गएको पाइयो ।

## ५.१.३ परिवारको प्रकार

विकास, शिक्षा आधुनिकीकरण जस्ता कुराहरूको प्रभाव र चेतनामा हुदै गएको सुधारका कारण र वैवाहिक जीवनमा प्रवेश गरेपछि व्यक्तिहरू आ-आफ्नो पारिवारिक स्थिति सुधार गर्न सानो पारिवारिक सदस्यको आवश्यकता महसुस गर्ने गर्दछन् । शैक्षिक, आर्थिक, स्वास्थ्य लगायत विभिन्न क्षेत्रलाई सुदृढ र सक्षम बनाउन पनि मानिसहरू एकल परिवारमा बस्न चाहने कुरा यस क्षेत्रमा पनि भेटिएको छ । यसका कारण सानो र एकल परिवार भएमा माथिका यी समस्या समाधान गर्न सहज हुने धारणा समेत पाइएको छ ।

**चित्र ५.१: परिवारको प्रकार**





*स्रोत: स्थलगत सर्वेक्षण, २०७६ ।*

माथिको वृत्तचित्र अनुसार दलित जातिमा एकल परिवार ७७ प्रतिशत छन् भने संयुक्त परिवार २३ प्रतिशत रहेको भेटियो । यसबाट के भन्न सकिन्छ भने हाल दलितहरूमा संयुक्त भन्दा एकल रूपमाबस्न मन पराउनेको संख्या अत्यन्तै बढी देखिन्छ किनभने ठूलो परिवारमा बस्दा हुने गास, बास, कपास, शिक्षा, स्वास्थ्य जस्ता कुराहरूमा धेरैजसो सम्झौता गर्नुपर्ने हुँदा एकल परिवारमा यी कुराहरू पूर्ति गर्न केहि सहज हुने अवस्था भेटिन्छ ।

### ५.१.४ वैवाहिक अवस्था

मानिसको जन्म पश्चात् हुने वृद्धि विकास सँगै जीवनको एक क्रियाकलाप मध्येको एउटा चरण विवाह पनि हो । जब ऊ वयस्क हुन्छ तव ऊ आफ्नो जीवनलाई निरन्तरता दिन अर्थात् भनौ विशेष गरी वंशलाई निरन्तरता दिन वैवाहिक जीवनमा बाधिने गर्दछ । जस पश्चात् व्यक्तिका जीवनमा विभिन्न खालका दुःख सुख चक्रिय रूपमा भइरहने गर्दछन् । यस अध्ययन क्षेत्रमा भेटिएका उत्तरदाताहरूको वैवाहिक अवस्थालाई तल देखाइएको छ ।

**चित्र ५.२: उत्तरदाताको वैवाहिक अवस्था**




उक्त तालिकालाई विश्लेषण गर्दा कुल उत्तरदातामध्ये ९२ प्रतिशत विवाहित उत्तरदाता भेटिए भने ५जना अर्थात् ८ प्रतिशत उत्तरदाताहरू अविवाहित रहेको भेटियो । कतिपय घरमाप्रश्नावली लिएर जाँदा घरको मुख्य मान्छे नभेटी उनका छोराछोरीसँग भेट हुन जादा

यस्तो अवस्था देखिन गएको पाइन्छ जुन अनुसन्धानकर्ताले नचाहदा नचाहदै पनि बाध्यतावश हुन गएको छ ।

### ५.१.५ धार्मिक अवस्था

पोखरा महानगरपालिका १८ का धेरैजसो वासिन्दाहरू हिन्दु धर्म मान्दछन् । अरू धर्म मान्नेहरूको संख्या न्यून रूपमा रहेको देखिन्छ । एकै धर्म मान्ने मानिसहरूको बसोबास भएको हुँदा दलित जाति र अन्य जातिको संस्कृति रहनसहनमा भने केहि फरकपनहरू देखिन्छ । हिन्दु धर्मका देवताहरूलाई नै यहाँका दलित जातिले मान्ने गरेको पाइन्छ । दलितहरूले आफ्नै ठाउँमा शिव मन्दिर, कुल मन्दिर, कालिका मन्दिर बनाएको भेटिन्छ ।

**तालिका ५.३: धर्म अनुसार उत्तरदाताको वर्गीकरण**

| धर्म | जनसंख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ५७ | ९५ |
| बौद्ध | २ | ३ |
| क्रिश्चियन | १ | २ |
| **जम्मा** | ६० | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

यस तालिका ५.३ अनुसार दलित जातीहरूको धार्मिक अवस्था अध्ययन गर्दा धेरैजसो हिन्दु धर्म मान्दै आएको पाइयो । परियार २ जनाले बौद्ध धर्म र नेपाली थरका १ जनाले खिष्टीयन धर्म मानेको पाइयो ।

## ५.२ दलितहरूको आर्थिक अवस्था

दलितहरूको आर्थिक अवस्था विगतको तुलनामा केही सुधार भएतापनि अपेक्षाकृत रूपमा अन्य जाती सरह हुन सकेको छैन । हाल वैदेशिक रोजगारीका कारण उनीहरूको अवस्थामा सामान्य परिवर्तन भएको पाइयो । कतिपयले पुरानै पेशा अंगालेको, खेतीपाती गरेपनि वर्षमा मुस्किलले ३ महिना पनि नपुग्नु, विदेश नजानेहरू दैनिक ज्यालादारीमा आरन बनाउने,

सिलाइबुनाई गर्ने, डकर्मी, सिकर्मी काममा हिडेर घर चलागनु जस्ता कुराहरू भेटियो । कमाएको रकम सबैभन्दा बढी घरखर्च, शिक्षा, स्वास्थ्यमा लगानी गर्दा बचत गर्न नसक्नु जस्ता बाध्यताहरू भेटियो । आधुनिक पेशा, व्यवसायलाई अवलमवन गर्न नसक्दा खासै उल्लेखनीय परिवर्तन भएको भेटिएन तथापी खानपान, खर्च गर्ने शैलीमा भने परिवर्तन भएको पाइयो ।

### ५.२.१ मुख्य पेशा

कृषि प्रधान देशका रूपमा परिचित नेपालको अधिकांश मानिसहरू कृषी पेशामा नै निर्भर रहेको तर पनि केवल आफ्नो बारी बाझो रहन्छ भनेर गुजारामुखी खेतीपाती गरेको भेटियो तथापि उनीहरूलाई वर्षमा ३ महिना पनि नपुग्ने आम्दानीले गर्दा उनीहरूमध्ये कतिले अधिया गर्ने गरेको पाइयो भने उक्त ठाउँ पर्यटकीय स्थल भएकोले कतिपय होटल व्यवसायमा लागेका छन् । प्राय प्रत्येक घरबाट कोही न कोही वैदेशिक रोजगारीमा गएको, घर बस्नेहरू पनि दैनिक ज्याला मजदुरीमा हिड्ने गरेको पाइयो । परम्परागत पेशामा लाग्नेहरू पनि उक्त पेशाबाट वर्षभरी खान नपुग्ने गुनासो गर्छन् । उनीहरू पनि केवल ३ महिना मात्र उक्त पेशाले धानेको बताउछन् । वैदेशिक रोजगारमा जाने खर्च पनि ऋण खोजेर जानुपर्ने, कमाएको सबै घर खर्च, शिक्षादिक्षा र स्वास्थ्य उपचारमा खर्च भएको पाइयो भने बचत गर्ने रकम नभएको बताउछन् । बचतको नाममा केवल सहकारी र समूह बचतमा मासिक १००/२०० मात्रै हुने गरेको र त्यही पनि वेल वेलामा झिकी काम चलाउने गरेको भेटियो । सामाजिक, आर्थिक पक्षलाई हेर्दा अन्य जातीहरू हिजोदेखि नै सामाजिक रूपमा वलिया र मजवुत रहेको पाइन्छ भने दलितहरू पनि अहिले वामे सर्न थालेका छन् । यसका पहाडी शैक्षिक चेतना र आर्थिक अवस्था बढी जिम्मेवार रहेको पाइन्छ । नियमित रूपमा हुने स्थायी आयआर्जनको स्रोत कम हुनु, सन्तान र परिवारलाई राम्रो शिक्षा दिन नसकेको अवस्था पनि विद्यमान नै छ । भिरालो जग्गा, डाँडा, पखेटा र वनको छेउछाउको जमिनमा बस्ती भएकोले पनि उनीहरू खेतीपातीमा भन्दा बरू अन्यत्र गई कमाई गर्न चाहेको देखिन्छ । तर आजभोलि केही युवाहरू भने केहि शैक्षिक चेतना र आधुनिक पेशाका कारण जस्तै होटल, प्याराग्लाइडिङ, आधुनिक टडेला खेती, कुखुरापालन जस्ता कार्यमा लागी खटेको देख्दा केही सुधारको आभास पाउन सकिन्छ । वैदेशिक

रोजगारीको आम्दानीले उनीहरूमा प्रगति भएको देखिन्छ । केटाकेटी पढाउने, घरमा प्लाष्टर गर्ने, कोठा-कोठा भएका घर बनाउने, गाइवस्तु पाल्ने जस्ता पहिलेभन्दा फरक खालका परिवर्तन भएको पाइन्छ । तर उच्च शिक्षा अध्ययन र पुरा गर्नेको संख्या त अझ कमी नै छ, यसको पछाडि आर्थिक अवस्था र देशको स्थितिलाई जोड्ने कुरा गर्नेहरू पनि भेटिएका छन् । उनीहरूको आम्दानी केवल खाना, कपडा, औषधी उपचारमा नै बढी खर्च हुने हुनाले छोराछारीको पढाई दोस्रो नम्बरमा पर्न आएको छ ।

जीवन निर्वाहको निमित्त मानिसहरू केहि न केही पेशामा संलग्न रहदै आएका हुन्छन् । यहाँका दलितहरूको मुख्य पेशा वैदेशिक रोजगार, घर बस्नेहरू ज्याला मजदुरी (डकर्मी, सिकर्मी) रहेको छ भने यसको अतिरिक्त केहिले परम्परागत पेशा (आरन, सिलाइबुनाई) र नगन्य मात्रामा होटल व्यवसाय पनि गरेको पाइन्छ ।

**तालिका ५.४: पेशागत विवरण**

| पेशा | आश्रित घरधुरी | प्रतिशत |
|---|---|---|
| बाजा बजाउने | ८ | १३ |
| सुन बनाउने | १ | २ |
| सिलाईबुनाई गर्ने | १० | १७ |
| आरनको काम गर्ने | १५ | २५ |
| सिकर्मी, डकर्मी | १७ | २८ |
| कृषी | ९ | १५ |
| **जम्मा** | **६०** | **१००** |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

माथिको तालिका ५.४ लाई विश्लेषण गर्दा यस वडाका दलित जातिको गुजारा अधिकांश सिकर्मी, डकर्मी पेशाबाट चल्दै आएको छ भने दोस्रो नम्बरमा आरनको काम गर्ने भेटिएका छन् । त्यसैगरी सिलाइबुनाई, कृषी र बाजा बजाउने जस्ता परम्परागत पेशावारे जानकार भएका व्यक्तिहरू भेटियो । यस पेशाबाट खान पुग्ने समयलाई हेर्दा ०-३ महिना खान पुग्ने १२ परिवार, ३-६ महिना खान पुग्ने ५ परिवार, ६-९ महिना खान पुग्ने २ परिवार, ९-१२

महिना खान पुग्ने ४ परिवार रहेका छन् भने बाँकी ३५ परिवारले परम्परागत पेशालाई छाडी अन्य पेशामा लागेको भेटिएको छ जसलाई नियाल्दा आधुनिक युवाहरूमा परम्परागत पेशाप्रति नैराश्यता जागेको र घरपरिवार राम्रोसँग चल्न नसक्ने प्रष्ट हुन्छ । परम्परागत पेशाबाट मात्रै हेर्दा आम्दानीको स्रोत वार्षिक २० हजारभन्दा कम हुने १३ परिवार, २०-५० हजार हुने १५ परिवार, ५० हजार देखि १ लाख हुने ४ परिवार भेटियो भने बाँकी परिवारले परम्परागत पेशा नै अवलम्वन गरेको पाइएन । गर्नेहरूबाट पनि यो पेशा बाध्यताले गरेको र अरू कुनै उपाय नभएका कारण गरिाख्नुपरेको थाहा भयो भने विशेषगरी आरनको काम गर्नेहरू भने सन्तुष्ट नै भएको पाइयो ।

## ५.२.२ पेशामा आएको परिवर्तन

कुनै पनि व्यक्तिले आफूले गरिरहेको पेशालाई छाडी सकभर अर्को पेशा गर्न चाहदैनन् तथापि उसको ज्ञान, सीप र व्यवहारले गर्दा उसलाई आफ्नो जीवनयापन गर्न, परिवार चलाउन, आर्थिक उन्नति गर्न, शिक्षादीक्षा, स्वास्थ्य उपचारको लागि पेशा परिवर्तन गर्दै आएको पाइन्छ । यस अध्ययन क्षेत्रमा पनि दलित जातिमा विगत ५ वर्ष पहिला र अहिले आएको पेशागत परिवर्तनलाई यहाँ चित्रण गरिएको छ ।

**तालिका ५.५: पेशामा आएको परिवर्तन**

| **५ वर्ष पहिले** | | **अहिले** | |
|---|---|---|---|
| पेशा | आश्रित परिवार | पेशा | आश्रित परिवार |
| बाजा बजाउने | ८ | परम्परागत पेशा | १८ |
| सुन बनाउने | १ | व्यापार | ८ |
| सिलाइबुनाइ गर्ने | १० | नोकरी | ६ |
| आरनको काम गर्ने | १५ | वैदेशिक रोजगार | २८ |
| सिकर्मी/डकर्मी | १७ | | |
| कृषी | ९ | | |
| **जम्मा** | **६०** | **जम्मा** | ६० |

*स्रोतः स्थलगत सर्वेक्षण २०७६ ।*

माथिको तालिका ५.५ लाई अध्ययन गर्दा यस वडाका दलित समुदायका सदस्यहरू विस्तारै परम्परागत पेशाबाट अन्य पेशामा लागेको पाइन्छ । जसको कारण परम्परागत पेशाबाट आफ्नो दैनिकी नचल्ने भएकाले अन्य पेशामा लागेको बताएका छन् । यसमध्ये सबैभन्दा बढी वैदेशिक रोजगारीका लागि अन्य मुलुकमा जाने प्रचलन देखियो जसको कारणका लागि उनीहरू वाहिर गएपनि जागिरको सुनिश्चित हुने, मासिक रूपमा आम्दानी हुने, एक जनाले दु:ख गरेपछि परिवार पाल्न सजिलो हुने जस्ता कुराहरू व्यक्त गरेको पाइयो भने अर्कोतर्फ पर्यटकीय ठाउँ भएकाले केहि व्यक्तिहरू होटल व्यवसायमा लागेका र केहिले स्थानिय तहमा नै होटल, प्याराग्लाइडिङ जस्ता क्षेत्रमा जागिर खाएको भेटियो । यस तालिकालाई विश्लेषण गर्दा अझैं पनि यस क्षेत्रमा शिक्षाको कमि र जति पढेपनि वाहिरै जानुपर्छ भन्ने जस्ता मान्यता बढेर गएको पाइयो । हुन त यो सारा नेपालीको समस्या हो तर पनि यस समुदायमा विदेश जाने मनस्थिति सबैमा भएको पाइयो ।

### ५.२.३ आम्दानीमा आएको परिवर्तन

आफ्नो जीवन निर्वाहका लागि कुनै पनि एउटै पेशा सम्भव नभएपछि मानिसले पेशा परिवर्तन गरी आम्दानी बढाउन खोज्नु स्वभाविकै हो । यस शिलशिलामा यस वडा नं. १८ का दलित परिवारमा पनि पहिले र अहिलेको आम्दानीको फरकपन के छ ? पहिले के कति आम्दानीले घर चल्थ्यो ? अहिले कस्तो छ भन्ने बारेमा अध्ययन गर्दा यस वडामा निकै परिवर्तन भएको पाइयो । परम्परागत पेशाबाट भएको आम्दानीले घर नचलेपछि अहिले आएर यहाँका दलित समुदायले आफ्नो पेशा परिवर्तन गरेको कुरा त माथिको तालिका नं. ४ बाट प्रष्ट हुन्छ । यसभित्र पनि मासिक, वार्षिक आम्दानीमा के कति परिवर्तन आयो त भन्ने विषयमा तलको टेबुलबाट प्रष्ट गरिएको छ ।

**तालिका ५.६: उत्तरदाताको वार्षिक आम्दानी**

| ५ वर्ष पहिलेको आम्दानी | घर संख्या | प्रतिशत | अहिलेको आम्दानी | घर संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| २० हजाभन्दा कम | २३ | ३८ | २० हजारभन्दा कम | ७ | १२ |
| २०-५० हजार | २४ | ४० | २०-५० हजार | १३ | २२ |
| ५० हजार- १ लाख | १० | १७ | ५० हजार- १ लाख | १० | १६ |
| १-२ लाख | २ | ३ | १-२ लाख | १९ | ३२ |
| २ लाखभन्दा माथि | १ | २ | २ लाखभन्दा माथि | ११ | १८ |
| **जम्मा** | **६०** | **१००** | **जम्मा** | **६०** | **१००** |

*स्रोतः स्थलगत सर्वेक्षण २०७६ ।*

माथिको तालिका ५.६ बाट के प्रष्ट हुन्छ भने यस वडाका दलित समुदायका सदस्यहरूको विगत ५ वर्षमा आम्दानीको स्रोतमा निकै परिवर्तन भएको पाइएको छ । पहिलेको आम्दानीले आफ्नो घरखर्च नचलेपछि उनीहरूले पेशामा परिवर्तन गरी आम्दानीको स्रोत बढाएको भेटिन्छ । यस तालिकालाई विश्लेषण गर्दा सबैभन्दा बढी वार्षिक १-२ लाख आम्दानी गर्ने घरसंख्या १९ रहेका छन् जुन ५ वर्ष अघि २०-५० हजार आम्दानी गर्ने संख्या बढी थियो । त्यसैगरी ५ वर्ष पहिले २० हजारभन्दा कम वार्षिक आम्दानी हुनेको संख्या दोस्रो स्थानमा थियो भने अहिले आएर २०-५० हजार आम्दानी गर्ने घरपरिवार १३ रहेको छ । त्यसैगरी तेस्रो स्थानमा वार्षिक १-२ लाख कमाइ गर्ने घरको संख्या १९ रहेको छ भने ५ वर्ष पहिले २ लाखभन्दा बढी कमाउनेको संख्या १ थियो भने अहिले आएर ११ परिवार यो स्थान ओगट्न सफल भएका छन् जसबाट के प्रष्ट हुन्छ भने आम्दानीको स्रोत विस्तारै बढ्दै गएको भेटियो । जसको कारण वैदेशिक रोजगार, ज्यालामजदुरीमा भएको वृद्धि र पुरुष १२००।-, महिला ४००।-, पर्यटकीय स्थलका कारण होटलमा हुने व्यापार र प्याराग्लाइडिङ कम्पनीमा काम गरेको तलब राम्रो हुनु जस्ता कुरा प्रमुख रहेको पाइयो । अर्कोतर्फ आम्दानीको स्रोत वृद्धि हुँदै गएतापनि बचत गर्ने परिपाटी भने खासै देखिदैन । यस वडामा सम्पूर्ण महिलाहरूको साना किसान सहकारी संस्थामा खाता खोली मासिक १००/२०० जम्मा गर्नु, भावना सहकारीमा (केहिले मात्र) मासिक २००।- जम्मा गर्नु वाहेक अन्य रकम वचत गरेको भने भेटिएन ।

### ५.२.४ भू-स्वामित्वको स्थिति

यस अध्ययन क्षेत्रमा धेरैजसो दलितहरूको जग्गाको अवस्था कमजोर देखिन्छ । यहाँका स्थानिय दलितहरू पुस्तौदेखि बसिरहेको भएतापनि जग्गा जमिन कम नै छ । हुनत भर्खरै नगरपालिकाको वडा भएको हिसाबले नगरपालिकामा भएको थोरै जग्गा पनि मूल्यवान् हुने गर्दछ । तथापि यहाँ नगरपालिका भएको खासै महशुस भेटिदैन । तत्कालीन सराङ्कोट गा.वि.स.कै आधारमा हेर्दा यहाँका उत्तरदातासँग भएको जग्गालाई त्यति धेरै भएको मानिदैन । कतिपयसँग त घडेरीको रूपमा २/४ आना जग्गा मात्र भएको भेटियो । जग्गा जमिन भनेको अचल सम्पत्ति हो र यसले परिवारमा थपिदा सम्पत्तिवान मानिन्छ भने बेचेको खण्डमा व्यवहार बिग्रेको भन्ने अर्थ लाग्दछ । हुन त कतिपयले एक ठाउँबाट बेची अर्को ठाउँमा खरीद गर्ने प्रचलन पनि पाइएको छ । कृषी कार्य गर्ने दलितहरूले अर्काको खेतबारी अधिया गरी आफ्नो थोरै भएपनि आम्दानी बढाएको पनि भेटियो । त्यसैगरी ५ वर्षको अवधिमा जग्गा खरीदबिक्री पनि भएको भेटियो ।

**तालिका ५.७ : भू-स्वामित्वको स्थिति**

| जग्गा | संख्या | प्रतिशत |
|---|---|---|
| १ रोपनीभन्दा कम | ३३ | ५५ |
| १-५ रोपनी | २२ | ३७ |
| ५-१० रोपनी | ४ | ६ |
| १० रोपनीभन्दा माथि | १ | २ |
| **जम्मा** | **६०** | **१००** |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

तालिका ५.७ लाई हेर्दा के देखिन्छ भने यहाँका ५५ प्रतिशत दलितहरूको जग्गा केवल १ रोपनीभन्दा पनि कम रहेको छ, जुन उनीहरूको घर भएको जग्गा र अगाडि पछाडि केही बारीको टुक्रा मात्र देख्न सकिन्छ त्यसैगरी दोस्रो नम्बरमा १-५ रोपनी भित्र जग्गा जमिन हुनेहरू ३७ प्रतिशत रहेका छन् भने ५-१० रोपनी हुने ६ प्रतिशत र १ जना अर्थात् २ प्रतिशत घर १० रोपनी भन्दा बढी जमिन हुने छन् । अध्ययन क्षेत्रको माथिल्लो भाग

(सराङकोट) मा जग्गाको मूल्याङ्कन बढी छ भने तहल्थे भाग (सुनारपोखरी, हरेडाडा जस्ता ठाउँ) मा जग्गाको मूल्य न्यून रहेको भेटिन्छ ।

#### ५.२.४.१ भू-स्वामित्वको स्थितिमा आएको परिवर्तन (५ वर्षमा)

यहाँ पुस्तादेखि बसोबास गरेका दलित जातिहरूमा जग्गाको त्यति धेरै उतारचढाव आएको पाइदैन तथापि सम्पत्ति जोड्नेहरूले जग्गा थप्ने र घर व्यवहार चलाउन जग्गा बेच्ने परम्परा यहाँ पनि भेटिएको छ । विगत ५ वर्ष यता भएको खरीद बिक्रीलाई तालिकामा प्रस्तुत गर्न खोजिएको छ ।

**तालिका ५.८: पाँच वर्षमा भू-स्वामित्वको स्थितिमा आएको परिवर्तन**

| ५ वर्ष पहिले | | | अहिले | | |
|---|---|---|---|---|---|
| विवरण | संख्या | प्रतिशत | विवरण | संख्या | प्रतिशत |
| जग्गा जोडेका | ९ | १५ | बिक्री गरेका | ४ | ७ |
| नजोडेका | ५१ | ८५ | बिक्री नगरेका | ५६ | ९३ |
| जम्मा | ६० | १०० | जम्मा | ६० | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

तालिका ५.८ लाई विश्लेषण गर्दा के पाइन्छ भने यस वडामा विगत ५ वर्षयता जग्गा जमिन जोड्नेहरूको संख्या १५ प्रतिशत छ भने बिक्री गर्नेहरू ७ प्रतिशत मात्रै रहेका छन् । यसबाट स्पष्ट हुन्छ की बेच्ने भन्दा किन्नेको प्रतिशत दुईगुणाभन्दा पनि बढी रहेको छ । हुनत ५ वर्षको अन्तरालमा नै जग्गा जमिन जोड्ने भन्ने कुरा कुनै पनि परिवारलाई चुनौती बन्न सक्छ । तथापि यसलाई राम्रो सङ्केतको रूपमा लिन सकिन्छ । जग्गा जोड्नेहरूलाई कुन स्रोतबाट जोड्नुभयो भनी प्रश्न गर्दा सबैले वैदेशिक रोजगारका कारण भन्ने उत्तर भेटियो भने बिक्री गर्नेहरूलाई कारण सोध्दा उनीहरू घर व्यवहार टार्न जग्गा बेचेको भन्ने उच्त्तर पाइयो । अझ स्पट रूपमा भन्नुपर्दा वैदेशिक रोजगारमा जानेहरूले घरखर्च चलाएर पनि केही टुक्रा भएपनि जग्गा खरीद गर्न सक्नुले स्वेदशमा केही गर्नुभन्दा

विदेशिन खोज्ने त होइनन् जस्तो देखिन आउछ भने बिक्री गर्नेहरूले आफ्नो आम्दानीको स्रोत बढाइ सम्पत्ति बिक्री गर्न कमी गर्नुपर्ने देखिन्छ ।

### ५.२.४.२ जग्गा कमाउने

यस पोखरा महानगरपालिका २६ भित्र कृषि क्षेत्रमा काम गरी आम्दानी गर्नेहरूको संख्या न्यून भएपनि घरमै थोरै मात्रामा उत्पादन गरी खानेहरू पनि केही छन् जसले १/२ महिना भएपनि घरबाट कृषी उपजहरू प्रयोग गर्ने गरेको पाइन्छ । उनीहरूमध्ये कतिपयले अर्काको जग्गा कमाई अधिया वा ठेक्कामा गर्ने गरेको पाइयो जसले गर्दा आफ्नै खेतबारी नभएर अरूकोमा खेती गरी आफ्नो दैनिकी चलाएको पनि पाइयो । जुन वर्षको केही अंश रहेको छ । विगत ५ वर्षमा उनीहरूले कमाएको खेतबारीको अवस्थालाई तल देखाइएको छ ।

**तालिका ५.९: जग्गा कमाउने अवस्था**

| ५ वर्ष पहिले | | | अहिले | | |
|---|---|---|---|---|---|
| विवरण | संख्या | प्रतिशत | विवरण | संख्या | प्रतिशत |
| अधिया गर्ने | ७ | १२ | अधिया गर्ने | १३ | २२ |
| अधिया नगर्ने | ५३ | ८८ | अधिया नगर्ने | ४७ | ७८ |
| जम्मा | ६० | १०० | जम्मा | ६० | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण २०७२ ।*

माथिको तालिकालाई विगत ५ वर्ष र अहिले तुलना गर्दा अहिले अरूको जग्गामा कमाइ गरी खाने संख्या बढेर गएको देखिन्छ । पहिले ७ परिवार अर्थात् १२ प्रतिशत खेतबारी अधिया गरी खाएको भेटिन्छ भने अहिले आएर उक्त परिवार संख्या १३ अर्थात् २२ प्रतिशत रहेका छन् । यसो किन भनी सोध्दा घर बस्नेले पनि केही गर्नुपऱ्यो आफ्नोले नपुगेपछि भैंसी बाख्रालाई घास काट्न पनि सजिलो हुने र नजिकै हुँदा विहान बेलुकामा पनि खेतीपाती रेखदेख गर्न पाइने भएकोले सजिलो हुने भन्ने उनीहरूको धारणा रहेको पाइयो । साथै घर खर्चमा पनि केही थपथाप हुने उनीहरूको उत्तर पाइयो । त्यसैगरी अधियाबाट १०

परिवारलाई ३ महिना चल्ने र ३ परिवारलाई ३-६ महिना खान पुगेको भन्ने समेत देखियो । जसलाई राम्रो मान्न सकिन्छ । कतिपयले त आफ्नो घर घडेरीमात्र भएकोले पनि अधिया गर्न बाध्य भएको भेटिएको छ । पानीको अभाव, मौसममा हुने परिवर्तनले सोचेजस्तो नभएको समेत उनीहरूको आशय छ ।

### ५.२.५ परिवारमा हुने खर्च

कुनै पनि व्यक्तिले जव कमाई गर्छ उसले अवश्य पनि खर्च गर्ने गरेको छ वा भनौं खर्च गर्न नपर्ने भए कमाई पनि गर्नु पर्दैनथ्यो होला । यस अध्ययन क्षेत्रमा गरिएको सर्वेक्षण अनुसार उसले आफ्नो परिवार धान्न, शिक्षा, स्वास्थ्य, मनोरञ्जन जस्ता उसका दैनिक आवश्यकता पूरा गर्नको निम्ति दिनहुँ खर्च गरिरहेकै हुन्छ । अझ विशेष यस क्षेत्रमा रहेका दलितहरूको आफ्नै जग्गा जमिन प्रशस्त छैन र उत्पादन पनि कम छ । भिरालो जग्गा, पानीको कमी, उत्पादनशिल जग्गाको कमी जस्ता कुराले पनि उनीहरू दैनिक जीविकोपार्जन गर्न अन्यत्रबाट सामान खरीद गनरी ल्याउनुपर्ने बाध्यता बढी भेटिन्छ । अर्थात् भनौं परनिर्भरताको अवस्था छ ।

**तालिका ५.१० : पारिवारिक खर्च**

| खर्चका आधार | संख्या | प्रतिशत |
|---|---|---|
| खाना, कपडा | ५५ | ९२ |
| शिक्षा | ३ | ५ |
| स्वास्थ्य | २ | ३ |
| **जम्मा** | ६० | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

माथिको तालिकालाई विश्लेषण गर्दा यस वडा नं. १८ का दलित समुदायले सबैभन्दा बढी खर्च खाना कपडामा भएको देखिन्छ । जसमा कुल घरको ५५ घर अर्थात् ९२ प्रतिशत रहेको छ । त्यसैगरी छोराछोरीलाई राम्रोसँग पढाउने सन्दर्भमा खाना र छोराछोरीको पढाइको खर्चलाई तुलना गर्दा ३ घर अर्थात् ५ प्रतिशतले शिक्षा क्षेत्रमा बढी खर्च हुने गरेको पाइयो

भने २ परिवार अर्थात ३ प्रतिशत घरपरिवारमा छोराछोरी र स्वयं आफू नै विरामी भई ठूलो खर्च अन्य क्षेत्रभन्दा स्वास्थ्य उपचारमा गएको पाइयो । समग्रमा हेर्ने हो भने यहाँका दलित समुदायले अन्यत्र जस्तै आफ्नो आम्दानीको ठूलो खर्च खाना कपडामा नै खर्च हुने हुँदा अन्य क्षेत्रमा सोच्न नसकेको पनि बताए । मानिसको आवश्यकता गाँस, बास र कपासमा नै भएको र अन्य आवश्यकता दोस्रो प्राथमिकतामा पर्ने कुरा यहाँ पनि झल्किन्छ ।

# अध्याय छ

# सामाजिक तथा आर्थिक कारणले दलित जातिमा आएको परिवर्तन

## ६.१ जीवन पद्धतिमा आएको परिवर्तन

मानिस एउटै अवस्थामा सधै रहिरहन कठिन हुन्छ । उसले गरेका मानव क्रियाकलापका कारण व्यक्तिका जीवनमा विभिन्न किसिमका उतारचढावहरू आउने गर्दछन् । बच्चा हुँदा भएको एउटा अवस्था किशोरावस्थामा अर्को हुनपुग्दछ भने यौवन अवस्थामा अर्कै तथा प्रौढ अवस्थामा अर्कै हुने गर्दछ । मानिसको वृद्धि र विकाससँगै ऊ आफूलाई परिचालन गर्न विभिन्न किसिमका क्रियाकलापहरू गर्ने गर्दछ । यसै सन्दर्भमा यस अध्ययन क्षेत्रमा उनीहरूको जीवनस्तर ५ वर्ष र अहिलेमा के फरकपन आयो त भन्ने सन्दर्भमा पाइएको विचारलाई तलको टेवुलमा प्रस्तुत गरिएको छ ।

**तालिका ६.१: जीवन पद्धतीमा आएको परिवर्तन (५ वर्षमा)**

| जीवनपद्धति | संख्या | प्रतिशत |
|---|---|---|
| परिवर्तन आएको | ३५ | ५८ |
| नआएको | १८ | ३० |
| धेरै परिवर्तन आएको | ७ | १२ |
| **जम्मा** | ६० | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

माथीको तालिकालाई हेर्दा कुल उत्तरदातामध्ये ३५ परिवार अर्थात् ५८ प्रतिशतमा ५ वर्ष पहिले र अहिलेमा सामाजिक, सांस्कृतिक, आर्थिक जस्ता पक्षमा परिवर्तन आएको भेटियो । त्यसैगरी १८ परिवार अर्थात् ३० प्रतिशत दलितहरूमा उनीहरूको ५ वर्ष पहिले र अहिलेको अवस्था एउटै खालको रहेको बुझियो भने वाकी ७ परिवार अर्थात् १२ प्रतिशत दलितहरूमा जीवनमा सकारात्मक र नकारात्मक गरी धेरै भिन्न भएको पाइयो । अर्थात् २ वटा

परिवारको जीवनस्तर पहिलेको भन्दा पनि झन् कमजोर भएर गएको भेटियो भने ५ जनाको परिवारमा ५ वर्ष पहिले र अहिलेमा निकै आर्थिक क्रान्ती नै भएको पाइयो । जसलाई भित्र पसेर हेर्न खोज्दा यस्तो देखियो ।

### क) अवस्था कमजोर भएका परिवार

अध्ययन क्षेत्रमा उत्तरदाताको प्रक्रिया बुझ्दा वावुआमाले छुट्याएर राखिदिएको र केटाकेटी वर्षौटे जन्मिएको एकल परिवार हुँदा स्वास्थ्य उपचारमा धेरै खर्च भएको उत्तरदाताहरु बताउँछन् । चाडै नै घरबाट छुट्टभिन्न भएपछि सिपमुलक काममा कतै लाग्न नपाएको साथसाथै कमाइ खाने जग्गा जमिन नभएको गुनासो पोख्दछन् । ऋण खोज्न गएपनि बैकिङ प्रक्रिया गर्न धितो राख्ने आफ्नो जग्गा नभएको र साहुमहाजनका जाँदा चर्को व्याज तिर्नुपर्ने बाध्यताले गर्दा चर्को ऋण खोजी विदेश गएपनि ३/४ महिनामै फर्केर आउनु परर्दा, विदेशमा राम्रो कमाइ नहुँदा समाजमा हेपिएर बस्नुपर्ने दुःखेसो पोख्दछन् । साहुको ऋण तिन नसक्नु, घरव्यवहार चलाउन गारो पर्नु, छोराछोरीको विवाह जस्ता कार्यहरु गर्न ज्यालामजदुरीले नभ्याउने, कुरा अध्ययन क्षेत्रका उत्तरदाता बताउँछन् ।

### ख) अवस्था राम्रो भएका परिवार

अध्ययन क्षेत्रका केही उत्तरदाताहरु भने बदेशिक रोजगार खुल्दा र ऋण काटी विदेश गएपछि जग्गा जमिन जोडेको घर बनाएको, सरकारी विद्यालयबाट छोराछोरी झिकी वोर्डिङ स्कुल पढाएको, खानपानमा ५ वर्ष पहिलेभन्दा अहिले निकै खर्च बढेको, घरमा टि.भि, मोवाइल साथै सोलार प्यानल जोडिएको, घरपरिवारले भैसी बाखापालन समेत गरेको बताउँछन् । जसले गर्दा छोराछोरीले दूध मोही, घ्यू खान पाएका, विरामी भएपनि अस्पताल लान सकिएको, सहकारीमा थोरै भएपनि बचत गरिएको कुरा अध्ययन क्षेत्रका उत्तरदाताहरु बताउँछन् ।

## ६.२ नेतृत्व विकास

मानिस एक सामाजिक प्राणी हो । ऊ समाजमा विभिन्न खालका क्रियाकलापमा सहभागी हुने गर्दछ । सहभागी हुने क्रममा मानिस त्यस ठाउँमा हुने विभिन्न किसिमका समितिहरू रहेका हुन्छन् र सोही समितिमा त्यस टोलका मानिसहरू सदस्य रहने गर्दछन् । यस

अध्ययन क्षेत्रमा पनि सहकारी, वन समिति, बाटो समिति, खानेपानी समिति, आमा समूह जस्ता सामाजिक सङ्घ संस्था रहेका छन् । यीनै समूहमा रहेको सहभागिताको कारण व्यक्तिको समूह परिचालन गर्ने शैली, समाजलाई उन्नतीतर्फ पुऱ्याउने र आफ्नो टोल र आवद्ध भएको संस्थालाई उचाइमा लान चाहन्छु जसको लागि कुशल नेतृत्वको जरूरत पर्दछ । समाजले नै नेतृत्व नगर्ने हैसियत प्रदान गरेको हुन्छ । यस क्षेत्रमा भएका सामाजिक सङ्घ संस्थाहरूमा भएको सहभागीतालाई तपशिल वमोजिमको टेबुलमा देखाइ प्रष्ट पार्ने कार्य गरिएको छ ।

**तालिका ६.२: संघ संस्थामा संलग्नता**

| क्र.सं. | संस्थाहरू | संख्या |
|---|---|---|
| १. | सहकारी | ३८ |
| २. | आमा समूह | ४४ |
| ३. | वन समिति | ४३ |
| ४. | बाटो समिति | ८ |
| ५. | खानेपानी समिति | २१ |
| ६ | २ वा सो भन्दा बढी ठाउँमा आवद्ध | ४४ |
| | **जम्मा** | **१९८** |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

माथिको तालिकालाई अध्ययन गर्दा यस वडा नं. १८ का घरपरिवार त्यस ठाउँमा भएका कुनै न कुनै संस्थाहरूमा आवद्ध भएकै पाइन्छ । कतिपय घरका सदस्यहरू त २ वा सोभन्दा बढी समूहमा सक्रिय भएको पाइयो जसको संख्या ४४ रहेको छ । जसको कारण घरपरिवार संख्याभन्दा बढी सदस्य सक्रिय रहेको देखिन गएको छ त्यस ठाउँमा भएको कृषि सहकारीबाट त्यहाँका किसानहरूलाई ऋण प्राप्त हुने, बचत जम्मा गर्ने जस्ता कार्य गरेको पाइन्छ भने अन्य सङ्घ संस्थाले आर्थिक नभई सामाजिक कार्य बढी गरेको पाइन्छ । त्यहाँ विभिन्न समितिले आ-आफ्नो क्षेत्रमा कार्य गरी बाटोघाटो निर्माण, सामुदायिक वन, खानेपीको व्यवस्था जस्ता कार्य गरेका छन् । उनीहरूमा टोलमा सबै मिलेर गरेमा अझ राम्रो हुने रहेछ भन्ने आभास भएको छ । यहाँ विभिन्न समितिमा बसी काम गर्दा

आफूहरूमा बोल्ने बानीको विकास भएको, सबैका अगाडी उभिएर बोल्न जानेको, तालिम गोष्ठीहरूमा सहभागी हुनाले आफूहरूको सीप विकास भएको, नयाँ-नयाँ मान्छे र नयाँ-नयाँ कुरा सिकेको उनीहरूमा पाइयो । अब टोलटोल मात्र हैन सिङ्गो वडाकै नेतृत्व गर्न सक्ने खुबी भएको समेत कतिपयले बताए । यसलाई तुलनात्मक रूपमा हेर्दा यहाँका दलितहरूमा नेतृत्व विकास विस्तार हुँदै गएको, आत्मविश्वास बढेको, समाजमा अगाडी परेर बोल्न सक्ने भएको पाइयो । अर्कोतर्फ यहाँका दलित जातिहरूमा सक्षम व्यक्ति प्राय सबै समितिमा रहेको र जे परे पनि उसैलाई अघि सार्ने प्रवृत्ति देखिएको छ भने कमजोर र समूहमा कम आवद्ध हुनेहरू पछाडी नै परेको भेटिन्छ त्यसैले सबै दलितहरूलाई समान अवसर दिई उनीहरूलाई पनि अरू सरह ल्याउनुपर्ने देखिएको छ ।

विभिन्न समितिमा रही काम गर्दा सबै मिली काम गर्दा गाउँको विकास हुने, बोल्न सिकियो, अरूको अगाडि उभिएर बोल्न सक्ने, नयाँ-नयाँ कुरा सिकिने तथा सिकाउन सकिने, पहिला पहिला बाटोघाटो फोहोर हुन्थ्यो अहिले आफ्नो घर टोल सफा राख्नुपर्छ भन्ने चेतना सबैलाई भएको र सफा सबै टोलबासी मिलि सफा राखिएको, बालबच्चा विरामी हादा झारफूक गर्नेकोमा लगिन्थ्यो अहिले स्वास्थ्यचौकीमा लैजानुपर्छ भन्ने धारणा बसेको, नियमित रुपमा खोपहरु लगाउनु पर्छ भन्ने जानकारी स्वास्थ्य संस्थाबाट बेला बेलामा अभिमुखीकरण तालिम लिइएको, गर्भवती हुँदा पहिले घरमै हुन्थ्यो बेला बेलामा स्वास्थ्य चौकीमा आफ्नो गर्भको अवस्था बारे जानकारी राख्न अर्थात् जचाउन जचाउन जानुपर्छ भन्ने धारणा सबैलाई चेतना भएको, अस्पताल गई सुत्केरी हुँदा निःशुल्क सुत्केरी गराउने र उल्टै सुत्केरी भत्ता पनि पाइने जस्ता अनुभवहरू अध्ययन क्षेत्रका उत्तरदाताहरु बताउँछन् ।

## ६.३ आरक्षण र यसको भूमिका

गाउँ, टोल, समाज, वडा अनि देशको समग्र विकास हुनको लागि तल्लो निकायबाट नै विकास हुँदै आउनु जरूरी हुन्छ । राज्यका हरेक ठाउँमा सबै जातजाति, ठाउँको समानुपातिक प्रतिनिधित्व भएमा मात्रै समग्र देशको विकास हुने गर्दछ । हाम्रो समाज अझैं पनि जातिका नाममा सङ्घर्ष हुँदै आएको पाइन्छ । राज्यका हरेक निकायमा अलि पनि ठूलो संख्यामा ठूला जातीहरूको वर्चस्व रहेको पाइन्छ । देशमा दलितहरूको उत्थान, नेतृत्व एम् राज्यका सबै निकायमा पहुँच पुऱ्याउन उनीहरूलाई राज्यद्वारा ९ प्रतिशत आरक्षित कोटा

छुट्याएको पाइन्छ । यीनै आरक्षित कोटाहरूको बारेमा उनीहरूमा भएको ज्ञानलाई यहाँ देखाउन खोजिएको छ भने उक्त आरक्षणका सम्बन्धमा त्यहाँका दलित परिवारको बुझाइ के छ भनी समेत बुझिएको छ ।

**तालिका ६.३: पाँच वर्ष पहिले र अहिले आरक्षणबारे ज्ञान भएका**

| आरक्षण | संख्या | प्रतिशत | आरक्षण पहिले | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| थाहा भएका | द्दछ | द्धद्द | थाहा भएका | ठ | ञ्द्द |
| थाहा नभएका | घ्छ | छ्ड | थाहा नभएका | छ्អ | डड |
| जम्मा | टण | ज्ञण्ण | जम्मा | टण | ज्ञण्ण |

*स्रोत: स्थलगत सर्वेक्षण २०७६ ।*

माथिको तालिकालाई हेर्दा यस वडाका दलितहरूको चेतनाको स्तर निकै बढेको देखिन्छ । सरकारद्वारा प्राप्त आरक्षणबारे जानकारी प्राप्त गर्नेको संख्या तीन गुणा बढेको छ तापनि अझैं आधाभन्दा बढी संख्यामा यो जानकारी भएको पाइएन । आरक्षणको बारेमा ५ वर्ष पहिले केवल ७ जना अर्थात् १२ प्रतिशतलाई मात्र थाहा थियो भने यो संख्या बढेर ५ वर्षमा ४२ प्रतिशत पुगेको छ जुन सकारात्मक रूपमा लिन सकिन्छ तर पनि कुल संख्याको अझैं ठूलो हिस्सा यसबारे अनविज्ञ रहेको पाइयो । किन यस्तो भनी खोज्ने क्रममा कतिपयले यस्ता कुरामा ध्यान दिने फुर्सद नभएको छोराछोरी भर्खरै पढ्दै गरेको, भत्ता, बालपोषणको रकम कसले दिएको हो भन्ने समेत जानकारी नभएको पनि पाइयो । अरूले गर्दा बच्चाको फर्म भरेको जस्ता उत्तर पाइयो । यो रकम के का लागि आएको भन्नेमा समेत कतिपय उत्तरदाताहरू अनविज्ञ रहेको पाइयो । तसर्थ यस वडामा यस्ता कार्यक्रमबारे चेतना फैलाउनुपर्ने समेत देखिन्छ । अर्कोतर्फ कतिपय उत्तरदाताहरू केवल साक्षर मात्रै भएकोले यसवारे जानकारी नभएको पनि बुझियो ।

## ६.४ सशक्तिकरण र यसको प्रभाव

समाज परिवर्तन गर्नको लागि कुनै पनि पछाडी परेको जाती वा वर्गलाई अगाडि बढाएर अरू सरह नै बनाउन गरिने प्रयासलाई हामीले सशक्तिकरण भन्ने गर्दछौं । कुनै पनि समाजमा पछि परेका वर्गलाई अगाडी बढाउन स्थानिय नगरपालिका, जि.वि.स. तथा

राज्यबाट विभिन्न प्रयास गरिएको हुन्छ । त्यस्तै प्रकारका कार्यक्रमहरू पनि यस वडामा बेला बखतमा हुने गरेको वडाबाट जानकारी पाइयो भने उक्त कार्यक्रमहरूमा यस वडाका दलितहरू के कति सहभागी भए ? के कस्ता परिवर्तनहरू आए ? जीवनमा ५ वर्ष पहिले र अहिले के भिन्नता छ भन्ने बारे अध्ययन गर्ने शिलशिलामा यस वडामा पनि अन्य जातिभन्दा दलित जातिहरू नै तुलनात्मक हिसाबले कमजोर भएकाले यस्ता कार्यक्रमहरू सञ्चालन गरिएको पाइयो । जस अन्तर्गत उनीहरू सहभागीलाई लिएर, परिवर्तनका समेत बुँदाहरू देखाउन खोजिएको छ ।

**तालिका ६.४: सशक्तिकरणका कार्यक्रमहरू**

| कार्यक्रम | संख्या |
|---|---|
| प्रौढ कक्षामा सहभागी | द्ड |
| सीप तथा तालिम लिने | घड |
| प्रजनन स्वास्थ्य तथा अनय स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू | ज्ञड |
| सहभागी नभएका | ठ |
| २ वा सोभन्दा बढी कार्यक्रममा सहभागी भएका | घड |
| **जम्मा** | **ज्ञद्द ढ** |

*स्रोत: स्थलगत सर्वेक्षण २०७२ ।*

माथि उल्लेख भए अनुसार यस अध्ययन क्षेत्रमा दलितहरूमा उनीहरूको जीवनस्तरमा परिवर्तन होस् भन्ने हेतुले कार्यक्रमहरू चलेको पाइन्छ । यहाँका उत्तरदाताहरूसँग बुझ्दा नगरपालिका हुनुपूर्व गा.वि.स.मार्फत् यस्ता कार्यक्रमहरू चलिरहने गरेका तर अहिले कार्यक्रमहरू नआएको गुनासो समेत पोखेको पाइयो । यस तालिकाबाट के स्पष्ट हुन्छ भने यस ठाउँमा पहिले निरक्षरहरूलाई लक्षित गरी प्रौढ कक्षाका कार्यक्रमहरू सञ्चालन गरिएको जसमा २८ जना उत्तरदाताहरूले साक्षर हुने अवसर पाएका रहेछन् । त्यसैगरी सीप सिक्ने तालिमहरूमा ३८ जना, आधाभन्दा बढी जनसंख्या लाभान्वित भएको पाइयो । त्यसैगरी २ वा सोभन्दा बढी कार्यक्रममा सहभागी हुनेको संख्या ३८ रहेको पाइयो । यस्ता तालिमहरू कम्प्युटर तालिम, अगरबत्ती तालिम, गोलभेडा तालिम, समय समयमा बिऊ विजन समूहमा बाड्ने, तरकारी खेती, मौरीपालन तालिम, आरन सुधार तालिम, पञ्चेबाजा तालिम,

गुडिया बनाउने तालिम, बाँसका सरसामान बनाउने तालिम रहेको भेटियो । उक्त तालिम पश्चात् कतिपयले व्यवसायिक रूपमा सीप प्रयोग गरेको पाइयो भने कतिपयले कच्चा पदार्थको अभावले गर्दा काम नगरेको पाइयो । त्यसैगरी प्रजनन् स्वास्थ्य तथा अन्य स्वास्थ्यका कार्यक्रमहरूमा सहभागिता जनाउनेको संख्या १८ रहेको भेटियो । जसमा परिवार नियोजन, सुरक्षित मातृत्व, आङ खस्ने समस्या जस्ता विषयमा तालिम प्राप्त गरेको र स्वास्थ्यको बारेमा ख्याल राख्ने बानी भएको पाइयो । उक्त कार्यक्रम पश्चात् थोरै सन्तान र यसको महत्वबारे ज्ञान भएको, गर्भवती हुँदा गर्नुपर्ने सुरक्षित उपाय, चेकजाच बारे जानकारी पाएको भेटियो भने ९ जना महिलाको आङ खस्ने समस्या पत्ता लागी उपचार गरेको भेटियो । अर्कोतर्फ कतिपय उत्तरदाताहरू भने यस्ता कार्यक्रमप्रति थाहा नभएर सहभागी नभएको पनि थाहा भयो । कोही फुर्सद नभएर नगएको भन्ने पनि बुझ्न आयो ।

यस्ता सशक्तिरणका कार्यक्रमले पारेका प्रभावलाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ जुन उत्तरदाताबाट प्राप्त उत्तरलाई जस्ताको तस्तै देखाइएको छ ।

- नाम लेख्न सकियो, भत्ता बुझ्दा ५ वर्ष पहिले ल्याप्चे लगाउने गरिन्थ्यो ।
- बोल्न, खान जानिएको छ ।
- टोल, घर, गोठ सफा राख्न सिकियो ।
- तरकारी खेतीबारे सिकीयो, तर पनि पानीको अभावले गर्दा व्यवहारमा उतार्न सकिएन ।
- इन्टरनेट चलाउन जानियो ।
- वनजङ्गल जोगाउने तरिका, गोडमेल, गोवरग्याँस बनाउन प्रोत्साहन मिल्यो ।
- सबै मिलेर काम गर्दा गाउँको विकास हुँदोरहेछ ।
- छोरी मान्छेहरू पनि समाजमा निस्केर हिड्दा पुरुष सरह नै काम गर्न सक्दारहेछन् भन्ने लाग्यो ।
- अगरबत्ती, तरकारी खेतीले गर्दा आय आर्जन बढ्यो, तरकारी किनेर खान कमी भयो ।
- सीप सिकेपछि पकेट खर्च भयो, मौरीको मह बेचेर मोबाइल फोन किने ।
- समूहमा तरकारी खेती लगाउन सिकाउन पाइयो ।

- स्वास्थ्यको तालिमले गर्दा बच्चाबच्ची कम जन्माउने, हैसियत अनुसार परिवार बनाउनुपर्दोरहेछ, गर्भवती हुँदा जचाँउनुपर्दोरहेछ, अहिलेका बुहारीहरूले त १/२ वटा भन्दा बढी बच्चा जन्माउन छाडिसके ।
- कतिपयले अगरबत्ती बनाउने कच्चा पदार्थ जुटाउन गाह्रो भयो जसले गर्दा बरू ज्याला मजदुरीमा जान सजिलो भयो ।
- कतिपय त तालिम लिने अनि काम नगर्ने छन् ।
- पानीको अभावले गर्दा तरकारी खेतीको तालिम लिए पनि खेती गर्न पाइएन ।
- सहकारीबाट सस्तो व्याजमा ऋण ल्याएर भैसी, बाखा पालेर नाफा भयो, समूहबाट भ्रमण गइयो, ठाउँ घुम्न पाइयो ।

माथिका बुँदाहरूलाई हेर्दा पनि यस पोखरा १८ मा रहेका दलितहरूमा विगत ५ वर्ष यता निकै परिवर्तन भएको पाइएको छ । तथापि अझैं पनि चुनौतीहरू वाँकी नै छन् । हुनत कुनै पनि समुदायलाई ५ वर्षमा नै धेरै परिवर्तन गराउन त गाह्रो हुन्छ तर पनि सकारात्मक परिवर्तनलाई हेर्दा सन्तोषजनक मान्न सकिन्छ ।

## ६.५ वैयक्तिक अध्ययन

### वैयक्तिक अध्ययन १

*मेरो नाम सम्मर बहादुर नेपाली हो । मेरो घर पोखरा महानगरपालिका वडा नं.१८ हरेडाडा मा पर्दछ । म अहिले ३६ वर्षको विवाहित पुरुष हुन् । मैले कक्षा ५ सम्म पढेको छु । हाम्रो एकल परिवार छ । एकपाखे सामान्य ढुङ्गाको घरमा ३ छोरी र १ छोरा छन् । आफूलाई पढ्ने चाहना हुँदाहुँदै पनि बावुआमाको घरायसी समस्याका कारण पढ्न पाइन तर आफू नपढेकै भएपनि छोराछोरीलाई विहान बेलुका खुवाउन र पढाउन सकिन्छ की भन्ने ठानेर ऋण खोजी विदेशिन पुगे तर २ पटकसम्म पनि विदेश जादा राम्रो काम नपाएर तथा काम गरेपनि साहुले तलब नदिएपछि रित्तै हात घर फर्केनु पर्‍यो । नेपाल फर्कने खर्च समेत साथीभाइसँग उठाएर आएको थिइँ । अहिले म सँग घर र बारी करिब ८/१० आना जग्गा बाहेक केहि छैनः "यहि बेचेर तिरौं ऋण सबै तिरिन्न, नतिरौं दिनहुँ साहु आएर कराउछन् । विहान बेलुका हातमुख जोर्न बुढाबुढी नै ज्याला मजदुरीमा जानुपर्छ । काम पनि दैनिक पाइदैन, हाम्रो लागि जिन्दगी साह्रै नै कष्टकर बनेको छ ।*

*बरू पहिले देखि नै यतै केही सीप सिकेको भए हुने रहेछ, विदेशको सपनाले गर्दा आज मेरो यो स्थिति भयो । पहिले विदेश नजादा त खान लाउन जेनतेन चलेकै थियो । गरिबीकै कारण होला छोरी समेत पढ्न छोडी र आफैं केटा खोजेर गई । पैसा नभएरै उसलाई बोलाएर टिका लगाउन पाएको छैन । छोराको चाहनाले गर्दा केटाकेटी पनि धेरै भए । अब मैले कहिले के गर्न सक्छु खै विदेश जानुपूर्व राम्ररी बुझेर जान र आफूले जस्तो नियती अरूले भोग्न नपरोस् भन्ने मेरो चाहना छ । हामी जस्ता गरीबलाई त सरकाले पनि हेरे हुन्थ्यो भन्ने लाग्छ ।" मुलुक समृद्ध भए गरिवका दिन फर्केन्थेकी भन्नेमा आशाबादी छु ।*

## वैयक्तिक अध्ययन २

*कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १८ बस्ने म बुद्धिमान वि.क. वर्ष ७४ को भए । मेरा ३ छोरा २ छोरी छन् । अहिले छोराछोरी सबैको बिहे गरी बुढाबुढी छुट्टै बसेका छौं । परम्परागत रूपमा आरनको काम गरी लामो समय लेखनाथ चोकमा बसेका थिए तर अहिले घर फर्केको १० वर्षजति भएको छ । घरमा आएर पनि यहि पेशा अगालेको छु मेरो मासिक ३०,०००/- कमाइ हुन्छ: "यही पेशाले छोराछोरीको विवाह, घरखर्च सबै सहजै चलेको छ । अहिले मैले आरनकै कामबाट मासिक २५,०००/- तलब खाने गरी एउटा ५ तारे निर्माणाधिन होटल र सराङ्कोटको टावरमा काम गरिरहेको छु । गाउँको हरेक सामाजिक कार्यमा सक्रिय रहन्छु । म दन्दुरुस्त र फुर्तिलो पनि छु । पन्ध्र वर्ष वडाअध्यक्ष भए । वन समितिको अध्यक्ष भई वृक्षारोपण गरी जङ्गल हराभरा गरियो । पानी समितिको अध्यक्ष भई अहिले गाउँमा पानीको व्यवस्था गरेको छु । आफ्नो छोराहरू अरव जाँदा समेत मैले नजाउ यही केही गरे हुन्छ भने तर मानेनन् । मेरा छोरा र अन्य गाउँका छोराहरू विदेश गएर कमाएको भन्दा मेरो यही राम्रो बन्दोवस्त भएको छ । अहिलेको वर्षमा २।४ लाख बचत गरेको छु । छोरा विदेश गएर आएपनि उल्टै मसँगै पैसा माग्दछन् । आफैले गरेको जस्तो इमान्दारिता लगनशिलताले काम गरेमा जीवनमा समाज सेवाका साथै जीवन बिताउन कुनै अप्ठ्यरो पर्दैन । गाउँमा सबैले केही परे आफूसँग सल्लाह लिन आउदा मलाई गौरव लाउच । पैसा जहाँ गए पनि रुखमा टिप्ने होइन, मिहिनेत गर्नुपर्छ । श्रीमती मरेर गएपनि आफ्नो काजक्रियाको रकम जगेडा गरी राखेको छु ।"*

**वैयक्तिक अध्ययन ३**

*कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.१८ बस्ने वर्ष ३० कि म सरला नेपाली सामाजिक सक्रिय महिला हुन् । मैले अहिले एउटा पसल गरेर बसेकी छु । : "मैले पहिले गैर सरकारी संस्था सिद्धार्थ क्लवको सामाजिक परिचालक भएर काम गरे । यो वडाको प्राय सबै बस्तिमा पुगेकी छु । त्यहाँ जाँदा मलाई पहिले बोलन पनि डर लाग्थ्यो अहिले ढुक्कले बोल्छु । कत्तिलाई राम्रा कुराहरू सिकाउँदै हिडियो पहिले त आफूले सिकियो । कक्षा १० भन्दा पढेकी होयन तर अहिले त डिग्री पढेकासँग पनि सहजै बोलन जान्दछु गाउँटोल सफा राखौ भन्दा पहिले मलाई कसैले सहयोग गरेनन् तर अहिले सबै जना अगाडि बढ्छन्, खुशी लाग्छ । विभिन्न तालिमहरूमा सहभागी भए, समाज परिवर्तन गर्न हिडे, शुरुमा त कसैले नि टेरेनन् । तत्कालिन गाविस का सचिव, हेल्थपोष्ट इन्चार्जहरू सँगै लिएर हिडियो अनि बल्ल अलि अलि सुन्न थाले । धेरै जान्नी भएर हामीलाई सिकाउछे भन्थे अहिले अहिले बुझ्दै गएका छन् । पहिले कत्ति विरामी पर्थे, केटाकेटी धेरै जन्माउथे अहिले हामीहरू सँगसँगै हिडी प्रत्येक टोल बस्ती विशेषगरी दलित बस्ती) मा गएर सन्देश दिएपछि परिवर्तन भएको छ अति खुशी छु । आफुलाई काम गर्न त कति मन थियो तर घरको समस्याका कारण र छोराछोरी साना भए छुट्टिएर बसियो जसले गर्दा हिड्न पाइन पछुतो लाग्छ अरुसँग भेटघाट पनि कम हुँदै जाँदो रैछ के गर्ने तलव पनि थोरै थियो । घर चलाउन सकिएन त्यही भएर जागिर छोडे । अहिले श्रीमान् बाहिर हुनुहुन्छ । मैले जागिर छाडेर पसल गरेकी छु । अलि अलि खर्च चल्छ । केटाकेटी हुर्केपछि र बुढा बाहिरबाट आएपछि समाजसेवा गर्ने इच्छा छ, काम गरि राखेको दिनभर पसलमा बस्दा दिक्क लाग्छ । पहिले र अहिलको समाज देख्दा त गौरव लाग्छ । अहिले समाजमा जे परेपनि लौन सरला भन्छन्, तिमीले भनेका कुरा अहिले हामीलाई कति घत लाग्छ भन्दै दिदीबहिनीहरू आउनुहुन्छ । तर अझै गर्न धेरै बाँकी छ छोराछोरीलाई सरकारी जागीर खाएर यही समाजको सेवा गरेको देख्ने धोको छ ।"*

**वैयक्तिक अध्ययन ४**

*मेरो नाम कुमार सुनार हो । मेरो घर कास्की जिल्ला पोखरा महानगरपालिका १८ मा पर्दछ । म अहिले ४१ वर्षका भए । २ छोरा र १ छोरीका बाबु म १० वर्ष विदेश बसेर नेपाल फर्केको हु । म १३ वर्ष अघि विदेश जाने भनेर हिडे । १० वर्ष उतै बसे मासिक रूपमा २०/२२ हजार कमाइ थियो त्यसैले जेनतेन घर चल्यो । घर चलाउने बाहेक केही काम गर्न सकिन । अहिले बरु ऋणमा*

*ट्याक्सी किनेर चलाएको छु । विदेशको भन्दा यहाँ राम्रो भएको छ । मासिक ३० हजार भन्दा बढी कमाउछु । छोराछोरी पढाउन र खान लाउन समस्या छैन । मासिक किस्ता बुझाई रहेको छु । अब २ वर्षमा किस्ता सबै सकिन्छ अनि त बचत पनि होला भन्ने ठानेको छु । बरू शुरूबाटै यतै बसेर ट्याक्सी चलाउने काम गरेको भए केही हुने रहेछ । रातीमा पनि गाउँमा केही परिआए जान भएको छ । गाउँलेलाई पनि सेवा गरेको छु । सधैं आफ्नो घरपरिवारसँग बसिएकोछ छोराछोरीको पनि रेखदेख गर्न पाइएको छ । पहिलेभन्दा अहिले त कति सजिलोछ कति । राम्रो र इमान्दार भएर काम गर्ने हो भने विदेश जान पर्दोरहेनछ । म त गाउँका भाइहरूलाई पनि यही केही गर भन्छु ।*

# अध्याय सात

# सारांश, निष्कर्ष र सुझाव

## ७.१ सारांश

यस अध्ययनको क्रममा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.१८ का २२० घरधुरी मध्ये यस क्षेत्रमा भएका सुनारपोखरी, हरेडाडा, र सराङ्कोट टोलमा दलितहरूको घरसंख्या १५० रहेको छ। यीनै १५० घरधुरीमध्ये ४० प्रतिशत घरमा वर्गीकृत नमुना छनौट विधिबाट ६० घरधुरीको नमुना सङ्कलन गरी अन्तरवार्ता अनुसूची अनुसार अध्ययनमा समावेश गरिएका उद्देश्य अनुसार दलित जातिको सामाजिक, शैक्षिक, आर्थिक अवस्थामा उनीहरूमा विगत ५ वर्षको अन्तरालमा के कस्तो परिवर्तत भयो ? सशक्तिकरणका कार्यक्रमको प्रभाव कस्तो रह्यो भनी सूची तयार गरी नमूना छनौट कार्य सम्पन्न गरियो जसबाट दलितहरूमित्र रहेका ६० घरपरिवारमध्ये कामी २०, दमाई २० र सार्की २० गरी तथ्याङ्क सङ्कलन गरियो। तथ्याङ्कलाई हेर्दा एकल परिवारको संख्या ४६ भेटियो भने १४ परिवार संयुक्त परिवारको रूपमा बसेको पाइयो। घरका प्रकारहरूलाई हेर्दा अहिले पुराना घरहरूलाई पनि सिमेन्ट प्लास्टर गरी बसेका, कतिपयले आर.सि.सि.घर नै बनाएको पनि पाइयो। उक्त घरहरूमा भएको आम्दानीको स्रोतलाई हेर्दा अझैं पनि निर्वाहमुखी कृषि खेतीपाती र बारी बाझो राख्न हुन्न भनी गर्ने गरेको भेटियो भने ज्याला मजदुरी गर्नेको संख्या पनि २३ परिवारमा भेटियो। कुनै परिवारमा एउटै मात्र पेशा नभई २ वा ३ वटा पेशा सँगसँगै गरेको पनि पाइन्छ। जस्तोकी खेतीपाती, ज्यालामजदुरी, वैदेशिक रोजगार जस्ता आम्दानीका स्रोत हुने परिवार भेटिन्छन् जुन एक अर्कोमा परिपूरक रहेका छन्।

### मुख्य प्राप्तीहरू

- विगत ५ वर्षभित्र वैवाहिक कार्यक्रम भएका ४३ प्रतिशत परिवार भेटिएको र उनीहरूको वैवाहिक कार्यक्रममा पनि पहिलेभन्दा फरकपन आएको पाइयो। त्यसैगरी मृत्यु संस्कारमा पनि खर्च गर्ने शैलीमा परिवर्तन आएको उत्तरदाताबाट थाहा भयो।

परिवारमा विरामी हुने कुरालाई उनीहरू खानपानलाई बढी जोड दिन्छन् र यो वास्तविकतापनि हो ।

- पहिलेका खुल्ला भाडाकुडालाई विस्थापित गर्दै राइस कुक्कर, प्रेसर कुक्कर प्रयोग गर्ने समय मिलाएर खाने, दैनिक दालभात, तरकारी, हप्तामा माछामासु खाने चलन पनि पाइयो ।
- उनीहरूमा अहिले शिक्षाको स्तर बढेको, तालिम गोष्ठीमा सहभागी हुने गरेकोले वोलीचालीको भाषामा परिवर्तन आएको स्वयम् अन्तरवार्ताको क्रममा समेत अनुभव गर्न पाइयो । जसमा उनीहरू तपाई, हजुर, ज्यू, आउनुहोस्, जानुहोस्, जस्ता शब्द प्रयोग गरी बोलेको पाइन्छ ।
- बच्चाबच्चीलाई ५ वर्ष मुनीसम्म प्राय सबैले वैदेशिक संस्थाको सहयोगमा सञ्चालित शिशु विकास केन्द्रमा राख्ने गरेको पाइयो भने ५ वर्ष पहिले र अहिलेमा शिक्षाप्रति ठूलै परिवर्तन भएको पाइयो ।
- सार्की जातीको परम्परागत छालाको काम गर्ने पेशा कसैले पनि गरेको भेटिएन भने वि.क.जातिको आरनको काम गर्ने १५ जना र सिलाई बुनाइ गर्ने १० जना, बाजा बजाउने ८ जना, सुन बनाउने १ जना र कृषीमा काम गर्ने ९ जना भेटियो ।
- विगत ५ वर्षको अवस्थालाई हेर्दा यसमा निकै परिवर्तन भएको पाइयो । वैदेशिक रोजगारमा जानेहरूको संख्या बढेर गएको देखियो भने ऋण खोजेर जानेको संख्या उस्तै-उस्तै भेटिन्छ । यसबाट के प्रष्ट हुन्छ भने बचत गर्ने शैलीमा परिवर्तन आउन जरूरी देखियो ।
- जग्गा जमिनको अवस्थालाई हेर्दा ५५ प्रतिशतको जमिन १ रोपनी भन्दा कमी रहेको पाइन्छ भने १-२ रोपनी हुनेहरू जम्मा ३८ प्रतिशत छन् । यी दुवै जोड्दा ९३ प्रतिशतको जमिन कमी देखियो ।
- ५ वर्षको अन्तरालमा हेर्दा ९ जनाले जमिन जोडेका छन् भने ४ जनाले बेचेको पाइयो । जोड्नेहरूले वैदेशिक रोजगारबाट आम्दानी गरेर जग्गा खरीद गरेका छन् भने बेच्नेहरूले घर व्यवहार चलाउन बेचेको भन्ने उत्तर पाइयो ।

- अध्ययनको क्रममा अधिया गरी खानेहरूको संख्यामा वृद्धि भएको पाइयो । ५ वर्ष पहिलेभन्दा अहिले अधिया गर्नेहरू झण्डै २ गुणा रहेको पाइयो ।
- दलित समुदायमा ५ वर्ष र अहिलेको जीवन पद्धतिमा फरकपना पाइयो जसमा ७८ प्रतिशतमा फरकपना, ३० प्रतिशतमा जस्ताको त्यस्तै र १२ प्रतिशतमा ठूलो परिवर्तन आएको छ । कसैमा सकारात्मक परिवर्तन छ भने कसैमा नकारात्मक पनि । परिवर्तन हुनेहरूमा दमाई, वि.क.हरूमा बढी पाइयो ।
- प्रत्येक घरमा कुनै न कुनै समिति, सहकारीहरूको सदस्य नभएको घर भेटिएन जहा उनीहरू विभिन्न तालिम, गोष्ठीहरूमा सहभागी भई गाउँमा आयआर्जन बढाएको, बोल्ने शैलीमा परिवर्तन आएको, गाउँमा सरसफाई गरिएको, घरहरूमा सफाई भएको पाइयो ।
- उनीहरूमा समूहमा रही काम गर्दा समग्र गाउँको नै विकास भएको, अरूको अगाडि बोल्न सक्ने भएको, सानो र सुखी परिवारबारे चेतना बढेको पाइयो ।
- आरक्षणकोटाबारे विस्तारै जानकारी बढ्दै गएको, बाल बचत खाता खोली पोषण वापत प्राप्त हुने रकम जम्मा गरेको पाइयो । वृद्धवृद्धाले पनि भत्ताबाट प्राप्त रकमलाई सदुपयोग गरेको (कतिपयले घर खर्चमा व्यक्तिगत खर्चमा) पाइएको छ ।

## ७.२ निष्कर्ष

यस अध्ययनका क्रममा दलित जातिको उत्थानका लागि समाजमा विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालित हुँदै आएका छन् । अन्य क्षेत्रका दलितहरू र यस क्षेत्रका दलितहरू बीच तुलना गर्दा निकै अन्तर पाइएको छ । कास्की जिल्लाको पोखराबाट करीब ६/७ किलोमिटरको दुरीमा रहेका यहाँका दलितहरू निकै अगाडी बढेजस्तो देखिन्छ । उनीहरूको चेतनाको स्तर पनि राम्रै भेटिन्छ । पर्यटकीय ठाउँ भएर पनि होला यहाँका दलितहरू कतिपय त अन्य जातीको भन्दा पनि राम्रो अवस्थामा छन् । यहाँ अध्ययन गरिएका जातिभित्र हेर्दा पनि नेपाली र वि.क.हरू भन्दा परियार जातिको अवस्था अझ राम्रो भेटिन्छ । थोरै जग्गा भएपनि मूल्यवान् र आफ्नै जग्गामा केहि गरेपनि व्यवसाय चल्ने जस्तो देखियो । तर यहाँ काम गर्नभन्दा विदेशमा कामको र दामको सुनिश्चितता भएकाले विदेशिनेको क्रम बढ्दो रहेको छ । शैक्षिक अवस्थामा पनि सुधार हुदै गएको, आम्दानीमा सुधार हुदै गएको,

आफ्ना हकहीतका लागि आवाज उठाउन सक्ने बन्नु, सामुहिक रूपमा काम गरी गाउँ समाज स्वच्छ राख्नु यहाँको विशेषता भेटियो । परम्परागत काम गर्ने (कामी, दमाई) हरूको पनि आय आर्जन राम्रै देखियो । तथापि यो पूर्ण भने रहेनछ । हुन त मानिसका आवश्यकता र इच्छाहरू समयानुसार परिवर्तन हुँदै जान्छन् त्यसले गर्दा कतिपयले यी आवश्यकता पूर्ती गर्न थप पेशा व्यवसायतिर लागेको पनि भेटियो । यसमा मनन गर्नुपर्ने कुरा के छ भने समाजमा प्राप्त हुने सेवा सुविधाहरूमा पनि कतिपय दलित भित्रकै नेताहरूले समानुपातिक रूपमा वितरण नभएको र कसैको जीवनस्तर ५ वर्षको अन्तरालमा झन् दयनीय बनेको पनी पाइयो । हुन त कुनै पनि समाज परिवर्तन हुन निकै समय लागेको पाइन्छ तर पनि ५ वर्ष पहिले र अहिलेको अवस्थालाई अध्ययन गर्दा भेटिएका उपलब्धी यहाँका दलितहरूको जीवनस्तरमा आएको परिवर्तनलाई सन्तोषजनक मान्न सकिन्छ ।

## ७.३ सुझावहरू

दलित जातिहरू समग्र देशको अवस्थालाई हेर्दा सामाजिक, आर्थिक र शैक्षिक क्षेत्रमा पछाडि रहेका छन् भने अन्य जातिको तुलनामा यहाँ पनि एक दुई परिवार बाहेक अन्त्यमा यो अवस्था देखिन्छ तर समग्र देशका दलितहरूको भन्दा भिन्न पाइन्छ । यिनीहरूको जीवनस्तर अझैं अगाडी बढाउनु जरूरी छ । विदेशीने क्रमलाई रोक्नु, आधुनिक कृषी प्रणाली, खानेपानी तथा सिंचाईको व्यवस्था, सीपयुक्त तालिम, परम्परागत पेशामा आधुनिकीकरण, हस्तकला तालिम, शिक्षामा अग्रसरता जस्ता महत्वपूर्ण कुराहरूलाई समाजमा लागु गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ । अध्ययनको क्रममा प्राप्त केही कुराहरूलाई यहाँ सुझावको रूपमा प्रस्तुत गरिएको छ ।

- परम्परागत पेशालाई संस्कृतिको रूपमा विकास गरी आधुनिकीकरण गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जानेको संख्या बढ्दो गतिमा रहेकोले युवाशक्तिलाई आफ्नै ठाउँमा रही आत्मनिर्भर बनाएर उनीहरूको शक्तिलाई विकास निर्माणमा लगाउनुपर्दछ ।
- निजामति सेवामा दलितहरूको उपस्थिति नदेखिएको हुँदा यसप्रति आकर्षण बढाउन तयारी कक्षाहरूको व्यवस्था गर्नुपर्दछ ।
- शिक्षा क्षेत्रमा भएको छात्रवृत्तिलाई उच्च तहसम्म लैजानुपर्छ ।

- दलितहरूको आर्थिक अवस्था माथि उठाउन सरोकारवाला पक्षहरूले जिम्मेवारीपूर्ण तरिकाले कार्य सम्पादन गर्नुपर्दछ ।
- पानीको समस्याका कारण पिउने पानी र करेसाबारीमा राख्ने पानीको समस्या भएकोले दलित बस्तीमा पानीको उपलब्धता गराउनुपर्छ ।
- यस वडाको अधिकांश जमिन भिरालो, डाडा तथा पत्थरीलो क्षेत्रले ढाकेको हुँदा उक्त ठाउँमा भू-धरातलीय विशेषता अनुसार अम्रिसो, चिया, कफि जस्ता वैकल्पिक नगदेवाली उत्पादन गर्नुपर्ने ।
- पोखरा बजार नजिक भएकोले दुध उत्पादनमा वृद्धि गरी बजारीकरण गर्नुपर्ने ।
- दलित सङ्घ संगठनहरूले तलदेखि माथिसम्म आफ्ना आवाजहरूलाई फैलाउन पाउने अवसरहरूको सिर्जना गर्नुपर्दछ ।
- स्थानिय निकायले दलितको अवस्था सुधार गर्न दलितमुखी कार्यक्रम चलाउनुपर्ने ।

अन्त्यमा नेपालको परिस्थितिमा सहकारी एक सशक्त माध्यम भएकाले नेपाल सरकारले पनि यसलाई विशष प्राथमिकता क्षेत्रमा राखेर अगाडि बढाउन सकेमा समाजको विकासमा सहकारी कोसे ढुङ्गा सावित हुन सक्दछ ।

# सन्दर्भग्रन्थसूचि


अधिकारी, रेशराज र हरिहर घिमिरे (२०५६), *नेपाली समाज र संस्कृति,* काठमाडौः विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, रेशराज (२०५६), *समाजशास्त्र र मानवशास्त्रको परिचय,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

आत्मनिर्भर विकास मञ्च २०६०, काठमाडौं ।

कानुनी व्यवस्था २००४, जन उत्थान प्रतिष्ठान, रुपन्देही

कार्ल मार्क्स (२०६७), वर्ग संघर्षको सिद्धान्त, प्रभातः प्रकाशन

खत्री, प्रेम कुमार (२०५६), *नेपालमा धार्मिक मत र सामाजिक संरचना,* एम.के. पब्लिकर्स एण्ड डिष्ट्रिव्युटर्स भोटाहिटी, काठमाडौ. ।

गौतम, टिकाराम (२०६१), *विकास सम्बन्धी दृष्टिकोणहरू,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

चँदारा, नारायण प्रसाद (२०६१), *नेपालमा जातपात र छुवाछुत"* प्रकाशक समुह, इलाम नयाँबजार ।

दलित सशक्तिकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना आ.व. २०६९/०७० देखि ०७३/०७४ , प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, काठमाडौ ।

नयाँ मुलुकी ऐन (२०२०) काठमाडौः नेपाल सरकार

नेपालको संविधान, (२०७३), काठमाडौः हिमाली प्रकाशन

नेपाली, गोपाल सिं (१९६५), *द नेवार बम्बइः युनाइटेड एशिया प्रकाशन ।*

परियार, हरि (२०६२), *जारी आन्दोलन र दलित मुद्धा, नेपाल समाचार पत्र ।*

पाण्डे, मधुसुदन (२०६३), *नेपालका दलितहरू,* काठमाडौंः पैरवी प्रकाशन ।

प्रश्रित, मोदनाथ (२०५५), *जातपात र छुवाछुतको सङ्क्षिप्त इतिहास,* काठमाडौः नेपाल उत्पीडत दलित मुक्ति समाज ।

बमरेल, मनाहर (२०६३०, *जातीय भेदभाव, भगतसर्वजीत स्मृति प्रतिष्ठान,* रुपन्देही

रेग्मी, जगदिश चन्द्र (२०३५), *नेपालको प्रचलित राजनैतिक इतिहास,* काठमाडौं ।

लाम्गादे, भोजराज (२०६१), *नेपालमा दलित मानव अधिकारको अवस्था २००४ र कानुनी व्यवस्था,* रुपन्देहीः जन उत्थान प्रतिष्ठान ।

विश्वकर्मा, बाबुराम (२०६२), *दलित र द्वन्द्व,* रुपन्देहीः भगत सार्वजनिक स्मृति प्रतिष्ठान ।

विष्ट, डोर बहादुर (२०३०), *सबै जातको फूलबारी,* काठमाडौंः साझा प्रकाशन ।

शर्मा, बसन्तकुमार (२०५७), *नेपाली शब्द सागरमाला,* काठमाडौंः पुस्तक भण्डार ।

शर्मा प्रयागराज (१९७७), *जात एक सामाजिक गतिशिलता र संस्कृतिकरण,* काठमाडौंः कैलाश म्यागजिन ।

शर्मा, जनकलाल (२०३७), *नेपाली जनजीवन साझा प्रकाशन,* काठमाडौ ।

सबै किसिमका जातिय भेदभाव निर्मुल पार्ने अन्तराष्ट्रिय महासन्धी, १९६५ ।

सुवेदी, विष्णु (२०६४), *प्रशासन, व्यवस्थापन र समावेशी लोकतन्त्रका नवीन आयामहरू,* काठमाडौंः पैरवी प्रकाशन ।

**English**

Cameron, Mary M. (1995). Transformation of Gender and Cast Divisions of Labour in Rural Nepal: Land Hierarchy and the Case of Untouchable Women. *Journal of Anthropological research, 51. pp 216-246.*

Caplan, Patrica A. (1972), *Priest and cobblers chandler publishing company.*

CBS (2002). Statistical people Book, Nepal.

Central Bureau of Statistic (2011) Population cencus 2011 National Report Central Bureau of Statistics, Kathmandu.

Chamer, Report (1986), "Putting the last first".

Hofer, And Ras, 2004, The Caste hierarchy and the sate in Nepal.

Neil J.Smelser (1998). *The sociology of economic life2nd edition,* India: Prentice Hall Pvt. Ltd.

Willbert & Moore (1999). *Social change 2nd edition,* New Delhi: Prentce Hall Pvt.Ltd.

## अनुसूचि १

### अन्तर्वार्ता नमूना प्रश्नावली

***शोधकर्ता : राधा सुवेदी***

### सामान्य परिचय

**उत्तरदाताको नामः** ... ... ... ... ... ... ... ... ... **ठेगानाः** ... ... ... ... ... ... ... ... ... ...

| | | | | |
|---|---|---|---|---|
| १. | **लिङ्ग** | **(क) महिला (ख) पुरुष** | २. | **उमेरः** |
| ३. | **वैवाहिक स्थिति** | **(क) विवाहित (ख) अविवाहित** | ४. | **धर्मः (अ) हिन्दू (आ) खिश्टियन ई) बौद्ध** |
| ५. | **योग्यताः** | **(क) साक्षर (ख) एस.एल.सी.<br>(ग) + २ (घ) उच्च शिक्षा** | ६. | **पारिवारिक संरचनाः (क) एकल (ख) संयुक्त** |
| ७. | **घरको प्रकार** | **(क) ढुङ्गा माटो (ख) सिमेण्टेड<br>(ग) आर.सि.सि. (घ) अन्य ...** | | **आम्दानीको स्रोतः (अ) कृषि (आ) नोकरी<br>(इ) व्यापार (ई) वैद्येसिक रोजगार (उ) अन्य ...** |

### सामाजिक पक्ष

| प्र.नं | प्रश्न | उत्तरहरू | जाने |
|---|---|---|---|
| १. | विगत ५ वर्ष यता तपाईको परिवारमा विवाहको कार्यक्रम भएको थियो? | (क) थियो (ख) थिएन | |
| २. | विवाह भएमा छोरा छोरी कसको भयो? | (क) छोरा (ख) छोरी | |
| ३. | विवाह कस्तो प्रकारको हो ? | (क) प्रेम (ख) मागी विवाह | |
| ४. | तपाईको घर विवाह गरेर ल्याउँदा वा लैजादामा विगत ५ वर्षमा परिवर्तन भएको छ? | (क) छ (ख) छैन | |
| ५. | यदि छ भने के कुरामा परिवर्तन भएको छ ? | (क) खाना खाने शैली<br>(ख) पैसा खर्च गर्ने सन्दर्भमा<br>(ग) लत्ता कपडा<br>(घ) अन्य ... | |
| ६. | तपाईको परिवारमा विगत पाँच वर्ष यता बच्चा जन्मेको छ ? | (क) छ (ख) छैन | |
| ७. | यदि छ भने जन्मदा गरिने क्रियाकलापमा परिवर्तन आएको छ? | (क) छ (ख) छैन | |
| ८. | विगत ५ वर्ष यता तपाइको घरमा कुनै सदस्यको मृत्यु भएको थियो? | (क) थियो (ख) छैन | |
| ९. | यदी छ भने मृत्युसंस्कारमा कुनै परिवर्तन आएको छ कि छैन? | (क) छ (ख) छैन | |
| १०. | यदि परिवर्तन आएको भए ५ वर्षको समयमा के कुरामा परिवर्तन आयो? | (क) सहभागीतामा<br>(ख) खर्च गर्ने शैलीमा<br>(ग) दान गर्ने सम्बन्धमा<br>(घ) खानपानमा | |
| ११. | तपाइको घरमा विगत ५ वर्ष यता कोही विरामी हुनुभएको थियो ? | (क) छ (ख) छैन | |
| १२. | यदि विरामी भएको भए के कारणले हो नी | (क) सरसफाई<br>(ख) असन्तुलित खाना<br>(ग) वातावरण<br>(घ) अरुबाट सरेर<br>(ङ) थाहा छैन | |
| १३. | तपाईलाई सरसफाई गर्दा के हुन्छ जस्तो लाग्छ? | (क) रोग लाग्दैन (ख) सफा भइन्छ<br>(ग) थाहा छैन | |
| १४. | तपाइको घरमा ५ वर्ष पहिले शौचालय थियो ? | (क) थियो (ख) थिएन | |
| १५. | अहिले शौचालय निर्माण गर्नुभएको होला नि? | (क) छ (ख) छैन | |
| १६. | छ भने कस्तो प्रकारको हो ? | (क) स्थायी (ख) अस्थायी | |
| १७ | तपाईको घरमा खाना खादा के के खानुहुन्छ? | (क) दाल, भात, तरकारी<br>(ख) भात तरकारी<br>(ग)ढिडो तरकारी<br>(घ) माछा मासु अण्डा दुध | |

| | | | |
|---|---|---|---|
| | | (ङ) अन्य ... | |
| १८. | तपाइको घरमा प्रयोग भएका खानेकुरा घरमा नै उत्पादन गर्नुहुन्छ कि किनेर ल्याउनुहुन्छ ? | (क) घरमा (ख) किनेर (ग) दुवै | |
| १९. | तपाइलाई सन्तुलित खाना बारे थाहा छ? | (क) छ (ख) छैन | |
| २०. | यदि छ भने सन्तुलित भोजन भन्नाले के बुझ्नुहुन्छ ? | | |
| | | | |
| २१. | सुन्तुलित खाना खादा हामीलाई के फाइदा हुन्छ? | (क) शरीर राम्रो बन्छ ।<br>(ख) रोग लाग्दैन<br>(ग) मोटो घाटो भइन्छ<br>(घ) अन्य ... | |
| २२. | विगत ५ वर्ष यता तपाइको घरमा खाना खाने शैलीमा कुनै परिवर्तन आएको छ ? | (क) छ (ख) छैन | |
| २३. | यदि छ भने के कुरामा ? | (क) खाना मिलाएर खाने<br>(ख) दाल भात, तरकारी दैनिक खाने<br>(ग) पकाउने शैलीमा<br>(घ) पोषण तत्व जोगाएर खाने<br>(ङ) अन्य ... | |
| २४. | तपाइ परिवार/छरछिमेकीसँग बोल्दा विगत ५ वर्ष यता बोल्ने शैलीमा कुनै परिवर्तन भएको छ ? | (क) छ (ख) छैन<br>(ग) उस्तै हो | |
| २५. | परिवर्तन भएको छ भने के कारणले हो ? | (क) शिक्षा (ख) तालिम<br>(ग) व्यवहारिक ज्ञान (घ) अन्य | |
| २६. | यदि परिवर्तन आएको भए के कस्तो परिवर्तन भएको छ ? | | |
| | | | |
| २७ | तपाईका बालबच्चालाई कुन स्कुलमा पठाउनु भएको छ? | (क) सरकारी (ख) बोर्डिङ (निजी) | |
| २८ | छोरा-छोरीलाई शिक्षा दिनुपर्छ भन्ने कुरामा तपाईको धारणा के छ? | | |
| | | | |
| २९ | तपाईले आफ्नो बच्चालाई शिशुस्याहार वा बालविकास केन्द्रमा पठाउनु भयो | (क) पठाए (ख) पठाएनन् | |
| ३० | छोराछोरी दुवैलाई एउटै स्कुलमा पढाउनु भयो छ कि छुट्टाछुट्टै । | (क) एउटै स्कुलमा<br>(ख) फरकफरक स्कुलमा | |
| ३१ | फरक भए छोरालाई कुन स्कुलमा छोरीलाई कुल स्कुलमा | (क) छोरालाई ..... (ख) छोरीलाई | |
| ३२ | तपाईको छोरा छोरीले कतिसम्म पढेका छन् नी | (क) प्राथमिक (ख) निम्न मा.वि.<br>(ग) मा.वि. (ङ) उ.मा.वि. | |
| ३३ | छोराछोरी दुवैलाई शिक्षा दिएकोमा हजुरलाई कस्तो अनुभव भएको छ ? | | |

आर्थिक पक्ष

| प्र.नं | प्रश्न | उत्तरहरू | जाने |
|---|---|---|---|
| १. | तपाईको परम्परागत पेशा के हो? | (क) बाजा बजाउने (ख) सिलाई बुनाई गर्ने<br>(ग) सुन बनाउने (घ) आरनको काम गर्ने<br>(ङ) सिकर्मी/डकर्मी (च) कृषी<br>(छ) अन्य | |
| २. | परम्परागत पेशाले तपाईको जिवन गुजारा चलेको छ? | (क) छ (ख) छैन | |
| ३. | परम्परागत पेशाले कति समय गुजारा चल्छ | (क) ०-३ महिना (ख) ३-६ महिना<br>(ग) ६-९ महिना (घ) ९-१ वर्ष | |
| ४. | तपाईको परम्परागत पेशाबाट वार्षिक आम्दानी कति हुन्छ ? | (क) बीस हजार भन्दा कम<br>(ख) २०-५० हजार<br>(ग ) ५०-१ लाखसम्म<br>(घ) १-२ लाख<br>(ङ) २ लाख भन्दा माथि | |
| ५. | तपाईका बाबु नानीले कुन पेशा अगालेका छन्? | (क) परम्परागत पेशा (ख) बैदेशिक रोजगार<br>(ग) व्यापार (घ) नोकरी | |
| ६. | ५ वर्ष अगिपनि यही पेसा थियो? | (क) थियो (ख) थिएन | |
| ७. | तपाईको परिवारबाट बैदेशिक रोजगारीको लागि कुन देशमा जानुभएको छ? | (क) अरिवियन देश (ख) कोरियन देश<br>(ग) भारत (घ) अन्य .... | |
| ८. | बैदेशिक रोजगारमा जाने खर्च कस्तो प्रकारको हो ? | (क) आफ्नै (ख) ऋणमा | ११ |
| ९. | यदि ऋणमा हो भने कहाँबाट ल्याउनु भयो | (क) व्यक्ति (ख) सहकारी<br>(ग) बैंक (घ) अन्य ... | |
| १०. | विदेश जाँदा पाँच वर्ष पहिले पनि ऋण खोज्नुहुन्थ्यो ? | (क) खोजियो (ख) खोजिएन | |
| ११. | बैदेशिक रोजगारबाट मासिक आम्दानी कति हुन्छ? | (क) २०,००० भन्दा कम<br>(ख) २०,०००-४०,०००<br>(ग) ४०,०००-६०,०००<br>(घ) ६०,०००-८०,०००<br>(ङ) सो भन्दा माथि | |
| १२. | विगत ५ वर्ष यता तपाईले बचत जम्मा गर्नुभएको छ? | (क) छ (ख) छैन | १४ |
| १३. | आम्दानीको कुन श्रोतबाट बढी बचत गर्नुहुन्छ? | (क) परम्परागत पेशा<br>(ख) बैदेशिक रोजगार<br>(ग) व्यापार (घ) नोकरी | |
| १४. | तपाईको यो घर आफ्नै हो | (क) हो (ख) होइन | |
| १५. | तपाईले वस्तुभाउ कुन कुन कति कति पाल्नुभएको छ? | (क) पशु (ख) पंक्षी | |
| १६ | तपाईको अचल पूँजी (जग्गा) कति छ? | (क) १ रोपनी भन्दा कम<br>(ख) १-५ रोपनी<br>(ग) ५-१० रोपनी<br>(घ) १० रोपनी भन्दा माथि | |
| १७. | ५ वर्ष पहिले जग्गा थियो कि थिएन? | (क) थियो (ख) थिएन | |
| १८. | थिएन भने अहिले कुन स्रोतबाट खरिद गर्नुभयो? | (क) परम्परागत पेशा (ख) बैदेशिक रोजगार<br>(ग) व्यापार (घ) नोकरी | |
| १९. | खरिद गरेको जग्गा कुन प्रकारको हो? | (क) खेत (ख) बारी<br>(ग) घडेरी | |
| २०. | ५ वर्षभित्र तपाईले जग्गा बिक्री गर्नुभयो ? | (क) भयो (ख) भएन | |
| २१. | तपाईको जग्गा नभए कसैको जग्गा अधिया खानु भएको छ? | (क) छ (ख) छैन | |
| २२. | अधियाले कति समय खान पुग्छ? | (क) ३ महिना (ख) ४-६ महिना<br>(ग) ६-१ वर्ष | |

| | | | |
|---|---|---|---|
| | | | |
| २३. | ५ वर्ष पहिले पनि अधिया कमाउनु हुन्थ्यो? | (क) कमाएको थिए<br>(ख) कमाएको थिएन | |
| २४. | अधिया गरेको खेत कस्तो प्रकारको खेत हो? | (क) अब्बल (ख) दोयम<br>(ग) सिम (घ) चाहार | |
| २५. | आम्दानी भएको रकम के-केमा खर्च गर्नुहुन्छ? | (क) मनोरञ्जन (ख) परिवारको खाना, कपडा<br>(ग) शिक्षामा (घ) स्वास्थ्य उपचार<br>(ङ) माथिका सबै | |
| २६. | सबैभन्दा बढी केमा खर्च गर्नुहुन्छ? | (क) मनोरञ्जन<br>(ख) परिवारको खाना, कपडा<br>(ग) शिक्षामा<br>(घ) स्वास्थ्य उपचार<br>(ङ) माथिका सबै | |
| २७. | अहिले तपाईको जिवनपद्धति पहिलाको भन्दा भिन्न पाउनु भएको छ? | (क) छ (ख) पहिलाको जस्तै हो<br>(ग) पहिलाको भन्दा धेरै भिन्न | |
| २८. | यदि भिन्न पाउनु भएको छ भने कुन कारणले गर्दा तपाईको जिवनमा परिवर्तन आयो? | | |
| | | | |

**नेतृत्व विकास**

| प्र.नं | प्रश्न | उत्तरहरू | जाने |
|---|---|---|---|
| १. | तपाई कुनै सामाजिक संघ संस्थामा आवद्ध हुनुहुन्छ | (क) छु (ख) छैन | |
| २. | यदि हुनुहुन्छ भने कुन कुन संस्थामा आवद्ध हुनुहुन्छ? | (क) सहकारी (ख) आमा समुह<br>(ग) बन समिति (घ) बाटो समिति<br>(ङ) खानेपानी (छ) सबै<br>(च) अन्य ... | |
| ३. | तपाईले यस समितिमा बसी काम गर्दा कस्तो अनुभव भएको छ? | | |
| | | | |
| ४. | तपाईलाई आरक्षणको बारेमा थाहा छ ? | (क) छ (ख) छैन | |
| ५. | तपाईलाई ५ वर्ष पहिला आरक्षणको बारेमा थाहा थियो ? | (ख) थियो (ख) थिएन | |
| ६. | तपाईले सरकारद्वारा प्राप्त आरक्षण, छात्रवृत्ति, बालपोषण एकल, विधवा, वृद्ध भत्ताले तपाईको जनजीवनमा कस्तो प्रभाव पारेको छ? | | |
| | | | |
| ७. | सरकारले सञ्चालन गरेका सशक्तिकरणका कार्यक्रमहरु भन्न सक्नुहुन्छ | (क) प्रौढ शिक्षा कार्यक्रम<br>(ख) सिप तथा तालिमको व्यवस्था<br>(ग) प्रजनन स्वास्थ्य तथा अन्य स्वास्थ्य सम्बन्धी कार्यक्रम | |
| ८. | यस्ता सशक्तिकरणका कार्यक्रममा तपाई सहभागी हुनुहुन्छ | (क) छु<br>(ख) छैन | |
| ९. | सहभागी भए कुन कार्यक्रममा सहभागी हुनुहुन्छ? | | |
| | | | |
| ८ | यस्ता कार्यक्रमले तपाईको जीवनमा कस्तो प्रभाव परेको पाउनु भएको छ? | | |
| | | | |

*तपाईको अमूल्य समय र महत्त्वपूर्ण जानकारीको लागि धन्यवाद ।*

अनुसूचि दुई

## अध्ययन क्षेत्रमा खिचिएका फोटाहरु



अनुसन्धानकर्ता उत्तरदातासँग अन्तवार्ता लिदै



अनुसन्धानकर्ता उत्तरदातासँग अन्तवार्ता लिदै



अध्ययन क्षेत्रका वडा सचिवसँग अन्तवार्ता लिदै अनुसन्धानकर्ता



परम्परागत आफ्नो पेशामा उत्तरदार्ता

# अनुसूची तीन

## प्रश्नावलीमा संलग्न उत्तरदाताको नामवली

| क्र.सं. | दमाई | कामी | सार्की |
|---|---|---|---|
| १ | शुशीला परियार | शिव रामदान | सन्तोष नेपाली |
| २ | पूजा परियार | महेन्द्र सुनार | शेरन नेपाली |
| ३ | राधा परियार | अनुरुपा वि.क | माया नेपाली |
| ४ | राममाया परियार | बलव वि.क | सरला नेपाली |
| ५ | साहिला परियार | माया वि.क | सानर ब. नेपाली |
| ६ | मसिना दर्जी | अस्मिता वि.क | वसन्ती नेपाली |
| ७ | प्रतिक्षा दर्जी | रण बहादुर वि.क | लक्ष्मी नेपाली |
| ८ | लक्ष्मी दर्जी | लोक बहादुर वि.क | रामचन्द्र नेपाली |
| ९ | ऋषिराम दर्जी | बुद्धिमान वि.क | गिता नेपाली |
| १० | दिपक दर्जी | सिमा वि.क | सममाया नेपाली |
| ११ | सीता दर्जी | सुविना वि.क | कल्पना नेपाली |
| १२ | गरिमा दर्जी | मिठू वि.क | संगीता नेपाली |
| १३ | सफल दर्जी | लक्ष्मी वि.क | दिलिप नेपाली |
| १४ | खरिक दर्जी | नन्दकला वि.क | रुपा नेपाली |
| १५ | कमला दर्जी | थमन बहादु वि.क | हरि नेपाली |
| १६ | रामचन्द्र दर्जी | खुसीमाया वि.क. | सावित्री नेपाली |
| १७ | भिम दर्जी | कुमार सुनार | गीता नेपाली |
| १८ | नवराज दर्जी | राजेश सुनार | मिठु नेपाली |
| १९ | कृष्ण परियार | गौतम वि.क. | सरस्वति नेपाली |
| २० | शिव परियार | दीपेन्द्र सुनार | रमा नेपाली |